**अन्तर्क्रिया:** नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवाद विरोधी संघर्षको सवाल

क. मोहनविक्रमका विचार र तिनमाथिको आलोचनात्मक टिप्पणी

# मूल्याङ्कन

मूल्य रु. १५।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३६, फागुन २०५२





के सिक्नु पर्छ

हामीले मधुबासाबाट ?

**मधुबासाको सहकारी आन्दोलनको ताजा अनुसन्धानात्मक रिपोर्ट**

# जहिले देखि एपोलोले मैले घर छाएँ
# घामपानीको पिरलोले म त ढुक्क भएँ




"सुमितोमो मेटल्स" जापानको
प्राविधिक सहयोगमा नेपालमै
उत्पादित एपोलो कर्कट तथा
जस्ता पाता
• ठूलो खोल्सा • सानो खोल्सा

## एपोलो स्टील्स ( इण्डस्ट्रिज् ) प्रा. लि.

प्रधान कार्यालय : सिआई कम्प्लेक्स, सुरेन्द्र भवन सानेपा पो. ब. नं. : १०७३ काठमाडौं, नेपाल
फोन : ५२५०३९, ५२१९९४, केबल : सिग्रुप टेलेक्स : २३५९ सिग्रुप एन पी
कारखाना सतुङ्गल, नैकाप, काठमाडौं, नेपाल । फोन : २७०८४९

चौधरी ग्रुपको उत्पादन

Impact 214789 / 241238

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४. पूर्णाङ्क ३४
२०५२. माघ


# के अब टनकपुर समस्या हल भयो ?

## हामीले के पायौं, के गुमायौं ?

अरू देशका सीमा नदीमा विजुली र पानी कसरी बाँडिएको छ ?



यो सन्धिबारे जलस्रोतविद्हरू रामेश्वरमान अमात्य र दीपक ज्ञवालीका गहन विचारहरु

*राजनैतिक पार्टीहरू के भन्छन्- यस सन्धिबारे ?* ४

## मधुबासाबाट हामीले के सिक्नु पर्छ ?

लामो समयदेखि चर्चित हुँदै आएका गाउँ (मधुबासा)को चर्चाको प्रमुख कारणको रूपमा रहेको सहकारीकरणको वर्तमान स्थितिको ताजा अध्ययन रिपोर्ट १२


बेल्जियममा कम्युनिष्ट आन्दोलन कसरी अगाडि बढ्दैछ ? — १८

शहीद शुक्रराजका पितालाई पंडितहरूले पिटे । **वैचारिक असहिष्णुताको संस्कृतिको चिरफार** — ३०

हिन्दी फिल्म "रंगीला"का सन्दर्भमा अगिनशिखा र आहुतिका समीक्षात्मक विचारहरू/समीक्षा प्रणालीबारे टिप्पणी — ३५

चे ग्वेभाराको नेतृत्वमा संचालित क्यूबाली छापामार युद्धको एक महत्त्वपूर्ण चरणको विवरण — २०


**अन्तर्क्रिया**

## नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवाद विरोधी संघर्षबारे

*क. मोहनविक्रम सिंहका गहन विचारहरू*


**आवरण कथा**
*के टनकपुर समस्या हल भयो ?* ४

**अध्ययन अनुसन्धान**
*वामपन्थीहरूले के सिक्नु पर्छ, मधुबासाबाट ?*
**-डी. आर. पोखरेल** १२

**जीवनको झाँकी**
*क. चेको नेतृत्वमा सान्ता क्लारा शहरमाथि विजय !* २०

**विश्व कम्युनिष्ट आन्दोलन**
*बेल्जियममा कम्युनिष्ट आन्दोलन यसरी बढ्दैछ !*
**-विवेक प्रधान** १८

**अन्तर्क्रिया**
*वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरूद्धको संघर्षको प्रश्न*
**-क. मोहनविक्रम सिंह** २४

**विज्ञान/प्रविधि**
*यसरी मेलम्चीको पानी काठमाडौंमा झार्न सकिन्छ !* -केवली न्यौपाने ११

**पर्दा/रंगमञ्च**
*रंगीला प्रवृत्तिका फिल्महरूको समीक्षा कसरी गर्ने ?*
**-हरिगोविन्द लुईटेल** ३५
*अगिनशिखा र आहुतिका विचारहरू समेत*

**साहित्य/कथा**
*पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ*
**-देविका तिमिल्सिना** ३२

**साहित्य/कविता**
*बलभद्र भारतीको कविता* ३४

**नीति/संस्कृति**
*शुक्रराज शास्त्रीका पितालाई पंडितहरूले पिटे !*
*वैचारिक असहिष्णुताको संस्कृतिको चिरफार*
**-चन्द्रदेव नेपाली** ३०

**हाम्रो मूल्यांकन** ४

**पाठकको कुरो** ४२



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

**कार्यालय व्यवस्थापक**
मञ्जू दवाडी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

**आवरण फोटो : नेपालका परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनी र भारतीय विदेशमन्त्री प्रणव मुखर्जी, (पछाडि) भारतीय राजदूत के.भी. राजन /आवरण फोटोः उषा**
**भित्री पृष्ठका फोटोहरूः उषा /आवरण कलाः आईडियल डिजाइनर्स, कम्प्युटरः माइक्रोचिप्स, पुतलीसडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार**

हाम्रो मूल्याङ्कन

# किन नेपालले हरेक पटक रित्तो हात फर्कनु पर्छ ?

भारत सरकारले प्र.मं. देउवाको प्रतिनिधि मण्डललाई पनि दिल्लीबाट रित्तै हात फर्काएको छ । काठमाडौंमा माघ १५ मै जे कुरा टुंगिसकेको थियो, त्यसैमा सही गर्नु सिवाय दिल्लीमा प्र.मं. सहितको ६-६ जना मन्त्रीको सर्वशक्तिमान टोली जानुको कुनै उपादेयता देखिएन ।

भारतलाई अति सस्तो मोलमा पानी र विजुली चाहिएको थियो । टनकपुरको मूल्यमा उसले त्यो निकै सस्तोमा र सजिलै पंचेश्वर योजनामार्फत् भेटिहाल्यो । पंचेश्वरमा समान हकको सिद्धान्त स्वीकारेर, ५ करोड युनिट थप विजुली र १५० क्युसेक थप पानी दिएर टनकपुर एकलौटी भारतीय परियोजना हो भनेर अप्रत्यक्ष रुपमा सावित गर्न पनि ऊ सफल भयो । हैदरावाद हाउसमा हस्ताक्षर समारोह सकेपछि जब यी कुरा पाका भए, त्यसपछि भएको वार्तामा भारतीय प्रधानमंत्रीले नेपालले राखेको कुनै पनि मुख्य राष्ट्रिय समस्यामा चासो देखाएनन् । १९५० को सन्धि, व्यापार घाटा, फूलवारीको पारवहन बाटो लगायत प्रत्येक समस्यामा उनले नेपाललाई बूढी औंलो देखाइदिए । यसरी भारतीय शासक वर्गको रुचि नेपालबाट अधिकतम लिनुमा मात्र देखियो, दिनुमा देखिएन ।

जब भारतीय विदेशमन्त्री प्रणव मुखर्जी नेपाल आए, उनको प्लेनले काठमाडौं विमान स्थल नछुँदै, नेपालको शासक वर्ग र प्रमुख प्रतिपक्ष मिलेर टनकपुर र महाकाली जस्तो संवेदनशील मुद्दामा पर्याप्त समय लिएर गहन गृहकार्य नै नगरी हतार हतार "राष्ट्रिय सहमति" जनाइँदिने हदको उदारता देखाए । तर खै त हाम्रो यत्रो "उदारता" बापत भारतीय शासक वर्गले हामीलाई कहाँनेर उदारता देखायो ? भारतीय शासक वर्गलाई खुशी पार्न हामीले आफ्नो राष्ट्रिय हित र स्वार्थलाई महाकाली र टनकपुरमा चटक्कै छोड्यौं, तर खै त भारतीय शासक वर्गले चाहिं आफ्नो हित र स्वार्थ हाम्रो निम्ति कहाँनेर छोड्यो ?

यस्तो देखिन्छ, ट्राफिक एकतर्फी भइरहेछ । खालि जाने काम भइरहेछ, आउने भइरहेको छैन । नेपालको शासक वर्गमा देशको राष्ट्रिय हितप्रति कुनै राजनीतिक प्रतिवद्धता र गंभीरता नै देखिन्न कि- ऊ दोहोरो ट्राफीकको लागि डटेर लडोस् । अन्तर्राष्ट्रिय लेनदेनमा नेपाल हमेशा टुट्टामा पर्नुको चूरो कारण नै यही भइरहेछ ।

यो अप्रतिवाद्धता र अगंभीरताको मुहान नेपाली शासक वर्गमा निहित दास तथा दलाल-मानसिकतामा छ । आफ्नो फाइदा, बेफाइदा केमा छ, आफ्नो विकास र मुक्ति केमा छ, त्यो कुराको विचारै नगरी हमेशा ठूला र शक्तिशालीका अगाडि "त्वम् शरणम्" गर्ने मानसिकता नै दास मानसिकता हो । आफ्नो क्षुद्र स्वार्थ पूर्ति हुने बित्तिकै, थोरै दलाली-भाडा पाउने बित्तिकै ठूलठूला सेवा गर्न तयार हुने मानसिकता दलाल मानसिकता हो । नेपाली शासक वर्गमा यी दुवै मानसिकता व्याप्त छ र यही मानसिकतालाई भरेङ बनाएर एक जना मन्त्री प्रणव मुखर्जी नेपाल आउँछन् र तुरुन्तै आफूलाई चाहिने सबै कुरा प्राप्त गरेर फर्कन सक्छन् । तर प्र.मं. सहितको सर्वशक्तिमान नेपाली टोली चाहिं निरीह बनेर रित्तै हात फर्कन्छ ।

यो समस्याबाट मुक्ति पाउने हो भने, या त नेपाली शासक वर्गले आफ्नो यो कमजोरीलाई बिदाबादी गर्नु जरुरी छ, या नेपाली जनताले यो कमजोरी पालेर बस्ने शासक वर्गलाई नै बिदाबादी गर्न जरुरी हुनेछ । ❑

आवरण कथा

# के अब टनकपुर समस्या हल भयो ?

## *हामीले के पायौं, के गुमायौं ?*

दिल्लीमा गत माघ २९ गते नेपाल र भारतका प्रधानमन्त्रीले हस्ताक्षर गरेपछि महाकाली नदी सम्बन्धी सन्धिले अन्तिम रूप ग्रहण गरेको छ । यो त्यही सन्धि थियो, जसलाई नेपालका परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनी र भारतका विदेशमन्त्री प्रवण मुखर्जीले माघ १५ गते काठमाडौंमा विजारोपण गरेका थिए । नेपाली संसदले अन्यथा गरेन भने दुई तिहाई बहुमत पाएपछि यो सन्धि नेपाल र नेपालीमाथि लागू हुन शुरू गर्नेछ ।

यो नेपालको पहिलो सन्धि हो, जसलाई लिएर संसदका प्रमुख तीन वटा पार्टीबीच हस्ताक्षर हुनुभन्दा पहिले नै "राष्ट्रिय सहमति" कायम भइसकेको छ । त्यसैले, कुनै अदृश्य ठूलो घटना घटेन भने पक्का छ- यो सन्धिलाई संसदले पास गर्नेछ ।

गएको आधा माघभरि पूरै यही सन्धिको चर्चा देशभरि छाइरह्यो । कांग्रेस, राप्रपा र एमालेले यो सन्धिलाई ऐतिहासिक उपलब्धिको रूपमा स्वागत गरे । उनीहरूले दावी गरे- यो सन्धिपछि टनकपुर समस्या जम्माजम्मीमा समाधान भएको छ । महाकाली नदीमा अब बराबरी हक कायम भएको छ । लगानी पनि आधा आधा, लाभ पनि आधा आधा- यो सिद्धान्त अब महाकाली नदीको सम्पूर्ण योजनाहरूमा लागू हुनेछ ।

बाहिर अरू धेरै पार्टीहरूले विशेषतः वामपन्थी पार्टीहरूले यो सन्धिलाई अर्को कोशी-गण्डकी सम्झौता वा राष्ट्रघात भनेका छन् । यद्यपि यसका केही उपलब्धिहरूलाई भने उनीहरूले पनि स्वागत नै गरेका छन् । नेकपा माओवादी र बाबुराम भट्टराईले नेतृत्व गर्नु भएको संयुक्त जनमोर्चाले भने यो सन्धिको अन्तर्वस्तु "अझै बढी राष्ट्रघाती र खतरनाक" बताएको छ । ७ वटा वामपन्थी पार्टीहरू मिलेर यो सन्धि विरूद्ध संयुक्त वक्तव्य निकालेका छन् र उनीहरूले शहीद मैदानमा आमसभा पनि गर्ने भएका छन् । उनीहरूको दावी छ- यो सन्धिले टनकपुर समस्या हल गरेको छैन, बरू यसलाई सधैंभरिको लागि विशुद्ध भारतीय परियोजना ठहऱ्याइदिएको छ ।

एकातिर यो सन्धिलाई लिएर महान उपलब्धिको जस आफ्नो पार्टीको भागमा पार्न कांग्रेस, एमाले र राप्रपाबीच तछाड् मछाड् पनि देखा परेको छ । अर्कोतिर यो सन्धिले खरो विरोधको सामना गर्नु पर्ने स्थिति पनि देखा परेको छ । अभूतपूर्व स्वागत र तीव्र विरोध- यी दुबै किनाराको मझधारमा यो सन्धि खडा भएको छ ।

वास्तवमा भएको के छ यो सन्धिमा ? के छन् यसका उपलब्धिहरू र खराबीहरू ? के यो सन्धिले टनकपुर समस्या पूरापूर हल गरेको छ ? आखिर के हो यो सन्धिको अन्तर्वस्तु ?

### दुई कोणहरु

कुनै पनि घटनालाई दुई कोणबाट हेर्नु जरूरी हुन्छ- वैज्ञानिक र न्यायपूर्ण धारणा बनाउनका लागि । एउटा, ऐतिहासिक विकासक्रमको हिसावले पहिलेको विकासक्रमसित तुलना गरेर । अर्को, तात्कालीन बस्तुगत परिस्थितिमा प्रगति र सामाजिक न्यायको हिसावले के गर्नु जरूरी थियो, त्यो हिसावबाट । यी दुवै कोणबाट कुनै पनि घटनालाई हेर्दा मात्रै त्यसबारे वैज्ञानिक र न्यायपूर्ण धारणा जन्मिन सम्भव हुन्छ । हामीले यो सन्धिलाई पनि यिनै दुई कोणबट मूल्यांकन गर्नु जरुरी छ । अन्यथा हाम्रो धारणा एकांकी र अन्यायपूर्ण हुन जाने सम्भावना हुन्छ ।

ऐतिहासिक विकासक्रमको कोणबाट हेर्दा यो सन्धिमा केही यस्ता पक्षहरू छन्, जसलाई पहिलेको तुलनामा प्रगति भन्न सकिन्छ ।

नेपाली कांग्रेसले गरेको पहिलो टनकपुर सम्बन्धी कुनै पनि सन्धिमा महाकाली नदीको हैसियत किटान गरिएको थिएन । नेपालले टनकपुर परियोजनामा जुन योगदान गरेको थियो, त्यसवापत् नेपालले पाउने कुरालाई हकको रूपमा स्थापित गरिएको थिएन । यो भारतको दयाको रूपमा स्थापित गरिएको थियो । नेपालको योगदान जे थियो, त्यसको सापेक्षतामा नेपालले प्राप्त गरेको लाभ न्यायोचित पनि थिएन । र,

जलस्रोतविज्ञ दीपक ज्ञवाली भन्नुहुन्छ -

**यो सम्झौता महाकालीको कन्यादान हो !**

टनकपुर सम्बन्धी विशेष ज्ञाता इन्जिनीयर रामेश्वरमान अमात्यको दावी-

**समानताको हक हामीले पाएकै छैनौं !**




# नेकपा (एमाले) नेकपा (एकता केन्द्र) नेकपा (मसाल) नेकपा (माओवादी) जस्ता राजनीतिक पार्टीहरु सन्धिबारे के भन्छन् ? साथमा, सर्वदलीय सहमतिमा के के भनिएको छ ?

श्याम श्रेष्ठ

नेपालले परियोजनाको निम्ति उपलब्ध गराएको जमीनको अवधि पनि तोकिएको थिएन। त्यो अनन्तकालको लागि भारतलाई सुम्पिएको थियो। वास्तवमा टनकपुर विवाद भनेकै मूलतः यिनै समस्याहरूले सिर्जना गरेका विवादहरू थियो।

अहिलेको सन्धिको एउटा मुख्य उपलब्धि के हो भने, यसले महाकाली नदीको हैसियत किटान गरिदिएको छ। यसले भनेको छ- महाकाली नदी यसको लम्बाईको मुख्य भागहरूमा सीमा नदी हो। यो राम्रो उपलब्धि हो। किनकि यो स्वीकारोक्तिले महाकाली नदीमा एकपक्षीय रूपले जथाभावी गर्ने भारतीय शासक वर्गको विगतका क्रियाकलापहरूलाई यसले अप्रत्यक्ष रूपमा सीमा नदीमाथिको अतिक्रमण हो भन्ने कुरालाई सावित गरेको छ। यसरी यसले अब भविष्यको अतिक्रमणको निम्ति पनि चोर औंलो ठड्याएको छ।

मुख्य भागमा सीमा नदी हो भनिएको कुरा गलत भो भन्ने भनाइ पनि अहिले सुनिदै छ। मेरो ठम्याईमा गल्ती यसमा छ। "मुख्य भागमा" भन्ने शब्द नहुने हो र "सबै ठाउँमा सीमा नदी हो" भन्ने हो भने चाँदनी दोधारालाई के ठान्ने त ? त्यो भारतीय भूमि कि नेपाली भूमि ? किनकि त्यो त महाकाली पारी पर्दछ।

यो सन्धिको अर्को उपलब्धि हो- नेपालले प्राप्त गरेको लाभलाई नेपालले गरेको योगदानबापत् हकको रूपमा उल्लेख हुनु। गिरिजा सरकारले यही लाभलाई भारतको कृपाको रूपमा स्वीकारेको थियो। र, नेपालको योगदानको कुनै उल्लेख गिरिजाले गरेको सन्धिमा थिएन।

अर्को, यो सन्धिले महाकाली नदीमा बराबरको हक तथा लगानी र लाभ आधा आधा हुने सिद्धान्त स्थापित गरेको छ। यो राम्रो उपलब्धि हो। तर यही सिद्धान्तलाई वर्तमान सन्धिले टनकपुर परियोजनाको हकमा भने लागू गरेको छैन। टनकपुर परियोजनामा एफ्लक्स बाँधले थपेको विजुली र पानीवापत् भनेर बिना नेपालको लगानी पहिलेको दुई करोड युनिटको सट्टामा ७ करोड युनिट विजुली र पहिलेको १ सय ५० क्यूसेक पानीको सट्टामा ३ सय क्यूसेक पानी बिना मूल्य दिने व्यवस्था मात्र यो सन्धिले गरेको छ। त्यसमाथि थप चाँदनी र दोधारामा पनि ३ सय ५० क्यूसेक पानी दिने प्रबन्ध पनि यो सन्धिले गरेको छ। पहिलेको तुलनामा यो उपलब्धि मात्रात्मक प्रगति त हो, तर तात्विक प्रगति भने होइन। किनभने टनकपुर परियोजनामा नेपालको योगदान सीमा नदीको योगदान हो र एफ्लक्स बाँध टनकपुर परियोजनाको यसकारणले अभिन्न अंग हो कि, त्यो नहुने हो भने परियोजना पूर्ण नै हुँदैन। तर यो हैसियतको योगदानको उल्लेख सन्धिमा कतै देखिन्न।

चौथो, यो सन्धिले महाकाली आयोजनाको अवधि ७५ वर्ष भनेर किटान गरेको छ। र, १०-१० वर्षमा सन्धिको पुनरावलोकन गर्ने व्यवस्था पनि गरेको छ। पहिले यो किटान थिएन। यो पनि सन्धिको महत्त्वपूर्ण उपलब्धि हो।

ऐतिहासिक विकासक्रमका हिसावले हेर्दा विगतका सन्धिले गरेको व्यवस्थाको तुलनामा यी उपलब्धिहरू प्रगतिशील छन्। तीन वटा मूलभूत पक्षमा त पहिलेको तुलनामा अहिलेको सन्धिमा तात्विक परिवर्तन नै आएको देखिएको छ। त्यसैले यो सन्धि केही पनि होइन र यो पहिलेभन्दा झन् खतरनाक छ भन्ने कुरा जायज र न्यायपूर्ण देखिन्न।

अहिले नेपालले यो सन्धिमार्फत् जुन उपलब्धिहरू हासिल गरेको छ, त्यसैले छर्लंग देखाएको छ- आखिर नेपाली कांग्रेसको सरकारले कति धेरै राष्ट्रघात गरेको रहेछ त ? र, उसले वास्तवमा कसको हितको प्रतिनिधित्व गरेको रहेछ ? संघर्ष गर्दा त यी उपलब्धिहरू बिलकुलै प्राप्त गर्न संभव रहेछन्, यो कुरा अहिलेको घटनाले प्रष्टै देखाएको छ। सदनभित्र र बाहिर वामपन्थी पार्टीहरूको अगुवाईमा नेपाली जनताले चार वर्षसम्म लगातार रगत र ज्यानको मूल्यमा जुन संघर्ष गरे, त्यसैले सिर्जना गरेको राष्ट्रिय दवाबले नै अहिलेका उपलब्धिहरू प्राप्त भएका हुन्। यसको श्रेय ती सबै पार्टी र नेपाली जनतालाई जान्छ, जसले यो अन्याय विरूद्ध डटेर संघर्ष गरेका थिए। संघर्ष नै उपलब्धिको आमा हो, त्यो यो घटनाले राम्ररी देखाएको छ।

यी त भए, ऐतिहासिक विकासक्रमको हिसावबाट अहिलेको सन्धिलाई हेर्दा निक्लेका निष्कर्षहरू। तर सामाजिक न्याय र प्रगतिको कोणबाट अहिलेको वस्तुगत परिस्थितिमा के गर्नु आवश्यक थियो, त्यो कोणबाट यो सन्धिलाई हेर्दा नि ?

त्यो कोणबाट हेर्दा यो सन्धिमा खालि उपलब्धि मात्र होइन, निकै गंभीर दोषहरू पनि देखिएका छन्।

नेपालले भविष्यको योजना पंचेश्वरमा त समान हक, समान लगानी र समान लाभ पाउने भो, सीमा नदीको एउटा समान हिस्सेदार हुनुको हैसियतबाट। तर त्यही सिद्धान्त वर्तमानको टनकपुर परियोजनामा किन लागू हुन सकेन, जबकि त्यहाँ पनि महाकाली भञ्जालोहरूमा विभाजित सीमा नदीको रूपमा छ ? त्यहाँ किन देब्रे तटबन्ध बाँधको योगदानस्वरूप मात्र भनेर पहिलेको भन्दा थप ५ करोड युनिट विजुली र थप १ सय ५० क्यूसेक पानीमा सीमित हुने काम भयो ? किन सीमा नदीको योगदानको हैसियत त्यहाँ कायम गर्न नेपाली पक्षले पटक्कै कुनै आवाज उठाएन ? किन हाम्रै देशको राष्ट्रिय सहमति नै थोरै विजुली र पानी बढाउने कुरामा मात्र कैद भयो ?

टनकपुर परियोजनामा महाकालीको सीमा नदीको हैसियत र सीमा नदीकै एउटा नेपाली भूभागको भञ्जालोमा देब्रे तटबन्ध बाँध बाँधिएको हुनाले देब्रे तटबन्ध बाँधको टनकपुर परियोजनामा अभिन्न अंग र समान हैसियतको योगदान- यो टनकपुर विवादको एउटा आधारभूत मुद्दा हो। अरूले सरह एमाले र राप्रपा दुवैले विगतमा यो मुद्दालाई

लगातार हरेक मंचमा उठाउँदै आएका हुन् । अहिलेको सन्धिमा उनीहरू दुवैले यो अडानलाई चटक्कै छोडिदिएका छन् । उनीहरूले बताएको "राष्ट्रिय सहमति" मा यो सवालको कुनै उल्लेख नै छैन । भारतीय शासक वर्गले चाहे जस्तो देव्रे तटबन्ध बाँधको कारणले बढ्न जाने विजुलीको आधी विजुली र हालको १ सय ५० क्युसेक पानीभन्दा बेसी पानी पाउने माग गर्ने कुरा मात्र त्यसमा उल्लेख छ ।

यसबाट टनकपुर परियोजना विशुद्ध भारतीय र एकलौटी भारतीय परियोजना हो, नेपाल त्यसको सीमा नदीको हिस्सेदारको हैसियतबाट समान सहभागी होइन भन्ने कुरा सावित गर्न भारत सरकारलाई कानूनी आधार प्राप्त भएको छ । यसले "महाकाली नदी साझा हो, विजुली-पानी आधा हो" भनेर गएको चार वर्षका टनकपुर संझौता विरूद्ध गरिएका सारा संघर्षहरू गलत थिए, त्यतिखेर बरू नेपाली कांग्रेसकै राष्ट्रघाती अडान सही थियो भन्ने कुरा पनि सावित गर्ने आधार दिएको छ ।

यसबारे त मंसिर ३०, २०४९ मा भएको सर्वोच्चको फैसलाले नै देव्रे तटबन्ध बाँध टनकपुर आयोजनाको अभिन्न अंग हो भन्ने टुंगो लगाएको छ । के त्यो फैसलालाई नाघ्ने हक वर्तमान सरकारलाई छ ?

**अन्तर्राष्ट्रिय उदाहरणहरुः**

अन्तर्राष्ट्रिय प्रचलनकै कुरा गर्ने हो भने पनि ब्राजिल र पारा ग्वेको सीमा नदी विवाद संबन्धी उदाहरणलाई र रोमानिया र युगोस्लाभियाबीचको उदाहरण यहाँ सान्दर्भिक हुन सक्छ ।

ब्राजिलको पाराना नदी संपूर्ण रूपमा ब्राजिलमै बग्छ र शुरू पनि ब्राजिलमै भएको छ तर संयोगवश त्यो नदी एक ठाउँमा ब्राजिल र पाराग्वेको सिमाना भएको छ । त्यही ठाउँमा विश्वको सबैभन्दा ठूलो "इताइयो विद्युत आयोजना" निर्माण भएको छ । त्यो आयोजनामा लगानी, लाभ र स्वामित्व तीन वटै आधा आधा गरेर सीमा नदी विवाद हल गरिएको छ ।

युगोस्लाभिया र रोमानियाबीचको सीमा नदीमा बनेको "आइरन गेट आयोजना" विवादमा पनि त्यही गरिएको छ । त्यहाँ एउटै नदीको आ-आफ्नो हिस्सामा पर्ने आधा आधा आयोजना उनीहरू आ-आफैंले निर्माण गरेका थिए । विवादको मध्यस्थता तात्कालीन सोभियत संघले गरेको थियो ।

स्वीट्जरल्याण्ड र जर्मनीको सिमानामा रहेको राइन् नदी धेरै जसो ठाउँमा सीमा नदी हो । तर स्काफहाउसन् र नेउहाउसन् शहरको पूरै इलाकामा यो सीमा नदीको रूपमा छैन । यो त्यहाँ एकलौटी स्वीस नदीको रूपमा छ । तथापि यस्तो पटक्कै सीमा नदी नभएको एकलौटी ठाउँमा स्काफ्हाउसन् विद्युत आयोजना (२५ मेगावाट) बन्दा पनि राइन नदी ती शहरको निकै माथि र तल सीमा नदी भएकाले "त्यो हैसियतबाट" उत्पादित विजुलीको ९ प्रतिशत विजुली स्विस सरकारले जर्मनीलाई उपलब्ध गराएको छ । तर यो निःशुल्क हैन, उत्पादन खर्च भने जर्मनीले बोक्नु पर्ने गरिएको छ ।

यी अन्तर्राष्ट्रिय उदाहरणहरूले महाकाली नदीको टनकपुर आयोजनामा सीमा नदीको हैसियत भएको र त्यहाँ नेपालले समान लगानी, समान लाभ, समान स्वामित्व पाउनु पर्ने कुरा राम्ररी सिद्ध गरेको छ । तर वर्तमान सन्धिले त्यो हकबाट नेपाललाई सदाको लागि वंचित गर्न खोजेको छ । वर्तमान सन्धिको एउटा सबैभन्दा ठूलो दोष यहाँनेर देखिएको छ । सामाजिक न्याय र प्रगतिको हिसावले अहिले गरिएको व्यवस्था न्यायपूर्ण र प्रगतिमुखी छैन ।

यस प्रकार यो सन्धिपछि पनि टनकपुरको एउटा मुलभूत मुद्दा ज्यूँका त्यूँ बाँकी भएको छ । महाकाली नदी आफ्नो लम्बाइको मुख्य भागमा सीमा नदी हो, यो सन्धिले यो स्वीकारेको छ । तर टनकपुर परियोजनासँगको संबन्धमा यो सीमा नदी हो कि होइन ? टनकपुर परियोजनामा सीमा नदीको हैसियतमा हाम्रो योगदान छ कि छैन ? सन्धिपछि पनि यो विवाद अझै टुंगिन बाँकी छ र यो सन्धिले यी प्रश्नको नकारात्मक जवाफ दिने प्रयत्न गरेको छ । त्यसैले सामाजिक न्याय र प्रगतिको हिसावले सन्धिको यो व्यवस्था निकै दोषपूर्ण छ । यो सच्याउनै पर्छ । सन्धिमा महाकालीको सीमा नदीको हैसियत टनकपुर परियोजनाको संबन्धमा स्पष्ट हुनु जरूरी छ र सीमा नदीको हैसियतमा परियोजनामा हाम्रो योगदान भए मुताविक पंचेश्वरमा सरह त्यहाँ पनि समान हक, समान लगानी र समान लाभको सिद्धान्त लागू हुनु जरूरी छ ।

वर्षको ९ महिना २० करोड युनिट र वर्षा ऋतुको ३ महिना २५ करोड युनिट विजुली निक्लने टनकपुर परियोजनाबाट बिना लगानी सित्तैमा ७ करोड युनिट विजुली र ३ सय क्युसेक पानी पाएपछि यो भन्दा बढी के खोज्नु ? यो प्रश्न अहिले यत्रतत्र उठिरहेछ । प्रश्न निकै तर्कपूर्ण पनि छ ।

कुनै घरमा तपाईलाई राम्रै खान दिइन्छ, सुख सुविधा केही दिइन्छ तर तपाईको समान अस्तित्व स्वीकारिंदैन, तपाईलाई मान्छे सरह नै व्यवहार गरिंदैन भने के तपाई प्राप्त केही खाना र सुख सुविधाको आधारमा त्यो घरमा बसिरहन रूचाउनु हुन्छ ? दास मानसिकता भए मात्र, नत्र स्वाभिमान भएको कुनै पनि मान्छेले यो रूचाउँदैन । यहाँ नेपाल र भारतका संबन्धमा पनि समस्या यही भएको हो ।

टनकपुर परियोजनाबाट नेपालले हकका रूपमा समान अनुपातमा विजुली र पानी त अवश्य खोजेको हो । तर मुख्य समस्या विजुली र पानीको मात्र होइन । नेपालले मुख्य रूपमा खोजेको सार्वभौम राष्ट्रको रूपमा महाकाली नदी जस्तो सीमा नदीमा नेपालको समान हैसियत र टनकपुर परियोजनामा हाम्रो योगदान र हैसियतको सही कदर हो । नेपाललाई "बुढी मरी भन्दा पनि काल पल्केला कि" भन्नेको चिन्ता हो । भारतले जबर्जस्ती हाम्रा सीमा नदीहरूमा अतिक्रमण गर्दै जाने, त्यहाँ योजना संचालन गर्दै जाने, हामीले उसले मुफ्तमा फालेका केही सुविधा, सहुलियत टिप्दै त्यसलाई चूपचाप सहँदै जाने हो भने, यसको भावी परिणति के हुन् सक्छ ? मुख्य समस्या यो हो ।

**भारतीय शासक वर्गको नियत**

टनकपुर आयोजनाको तुलनमा पंचेश्वर आयोजना संबन्धी सन्धिका शर्तहरू समतामूलक देखिन्छन् । समान लगानी, समान लाभ र समान हकको सिद्धान्त पंचेश्वरमा अपनाउन खोजिएको देखिन्छ । ६ हजार ४ सय ८० मेगावाटको यो योजना नेपालले अहिलेसम्म हात हाल्न लागेको सबैभन्दा विशाल आयोजना हो ।

सन्धिमा ६ महिनाभित्र यो आयोजनाको विस्तृत आयोजना रिपोर्ट तयार गरिसक्नु पर्ने र १ वर्षभित्र लगानी जुटाई सक्नु पर्ने शर्त राखिएको छ । अरूणको २ सय १ मेगावाटको निम्ति आफूले पैसा जुटाउन नसक्ने, विश्व बैंकको शरण लिनु पर्ने हविगत भएको हाम्रो देशको सरकारले यसको निम्ति आर्थिक स्रोत जुटाउन सक्छ नै कहाँबाट ? त्यो पनि एक वर्षभित्रमा ?

नेपालको जुन आर्थिक क्षमता छ, त्यसलाई ध्यानमा राख्दा नेपालले पंचेश्वरमा हात हाल्ने हो भने या त ऊ अरूण तेस्रोमा जस्तै विदेशी दाता राष्ट्रको दया खोज्न हिंड्नु पर्ने देखिन्छ, या यो योजनामा हामी लगानी गर्न सक्दैनौं- तिमी नै गर, तिमी

## सर्वदलीय सहमति

महाकाली नदीको पानीको उपयोगको सम्बन्धमा राष्ट्रिय सहमतिका बुँदाहरू

*१. टनकपुर बाँध परियोजना सम्बन्धमाः- (क) टनकपुर बाँध परियोजनाको पूर्वी तटबन्धको निर्माणको लागि नेपालले उपलब्ध गराएको करीब २.९ हेक्टर जमीनका अतिरिक्त तटबन्धको लागि प्रयोग गर्न दिएको १० गजा क्षेत्रका साथै जलाशयको लागि नेपालको ९ हेक्टर जमीन प्रयोग भएकोले उक्त बाँधबाट सिंचाईको लागि पानीको उपलब्धता र विद्युत उत्पादन क्षमतामा बृद्धि भएकोले सो बाँधमा नेपालको योगदान रहेको हुँदा त्यसमा नेपालको हक स्थापित गराई सो बापत-*

*१) नेपालले टनकपुर बाँधबाट सिंचाईको विकास हुनसक्ने सिंचित क्षेत्रको अनुपातमा पानी प्राप्त गर्ने प्रावधान राख्ने र हाल प्राप्त हुने भनिएको पानीको परिणाम १ सय ५० क्युसेक भन्दा बढी प्राप्त गर्ने प्रयास गर्ने ।*

*२) भारतले टनकपुर बाँध परियोजनाबाट उत्पादन गर्ने विद्युतमध्ये नेपालले उपलब्ध गराएको जगाबाट विद्युत उत्पादनमा बृद्धि हुन गएकोले सो बृद्धि हुन गएको विद्युतको आधीसम्म विद्युत प्रतिवर्ष बिना मूल्य नेपालले उपलब्ध गराउने प्रयत्न गराउने ।*

*२. शारदा नहरः- शारदा नहर कुनै कारणवश प्रयोग हुने स्थिति नरहेमा त्यहाँबाट प्राप्त हुने पानी टनकपुर बाँधबाट नै उपलब्ध हुने प्रावधान राख्ने ।*

*३. दोधारा चाँदनी क्षेत्रको सिंचाई व्यवस्थाः- नेपालको दोधारा चाँदनी क्षेत्रलाई सिंचित गर्न भारतलाई शारदा नहरबाट पानी उपलब्ध गराइदिने प्रावधान राख्न लगाउने ।*

*४. पंचेश्वर परियोजना सम्बन्धमाः- उद्गमस्थलदेखि ब्रम्हदेव मण्डीसम्म नेपाल र भारतका बीच सीमा नदी भई महाकाली नदी बग्ने गरेकाले यस क्षेत्रमा यस नदीको पानीको उपयोगमा दुबै राष्ट्रको राष्ट्रिय*



देउवा र रावः अर्को राष्ट्रघातको तयारी ? फोटोः इकोनोमिक टाइम्स

## कस्तो भएको थियो ?

*हितको संरक्षण गर्ने व्यवस्था गर्ने । यसै तथ्यलाई स्वीकार गरी यस परियोजनालाई देहायको सिद्धान्तको आधारमा संचालन गर्ने–*

*(क) पंचेश्वर परियोजना कार्यान्वियन गर्दा समान क्षमता भएका विद्युत गृह दुवै देशमा स्थापित गर्ने ।*

*(ख) दुवै देशले यस्ता विद्युत गृह संचालन गर्न पानीको परिमाण समान रुपले उपयोग गर्ने व्यवस्था मिलाउने ।*

*(गं) पंचेश्वर परियोजनाको विकासबाट प्राप्त हुने लाभको अनुपातमा खर्च व्यहोर्ने व्यवस्था मिलाउने ।*

*(घ) महाकाली नदी सीमा नदी भई बगेको क्षेत्रमा पंचेश्वर लगायत अन्य कुनै परियोजना कार्यान्वियन गर्दा अधिकतम् खुद नाफाको सिद्धान्तलाई अनुकरण गर्ने ।*

*(ङ) महाकाली नदीको पानीको प्रयोग गरी भविष्यमा निर्माण गरिने कुनै पनि संरचनाहरुको व्यवस्था गर्दा यिनै माथि उल्लेखित आधारहरुलाई सिद्धान्तको रुपमा प्रतिपादन गर्ने ।*

*(च) महाकाली नदीको पानीको प्रयोग गर्दा दुवै देशले एक अर्काको सहमति लिनु पर्ने व्यवस्था गर्ने ।*

*५. अन्य:-*

*(क) योजना बनाइदा वा विकास गरिंदा नेपालको लागि आवश्यक पर्ने पानीलाई प्राथमिकता दिलाउने*

*(ख) योजनाको संचालनबाट नेपाल र भारतका लागि फाइदाको रुपमा सिर्जना हुने सबै सिर्जित फाइदाहरु विद्युत र उर्जा, सिंचाई र बाढी नियन्त्रण आदिको फाइदालाई विश्लेषण गर्ने र फाइदाको अनुपातमा योजनाको लागत दुवै देशले व्यहोर्नु पर्ने ।*

**(माधव कुमार नेपाल, के. पी. ओली, डा. प्रकाशचन्द्र लोहनी, पशुपति शमशेर जबरा, चिरञ्जीवी वाग्ले र विमलेन्द्र निधिद्वारा हस्ताक्षरित)**

नै खाऊ भन्नु पर्ने स्थिति आउन सक्छ। किनकि नेपालकै राष्ट्रिय बचत त्यति धेरै छैन, जुन यति ठूलो आयोजनामा लगाउन सकियोस्, न त जनतासित भएको अपार बचत यतातिर आकर्षित गर्ने सरकारसित कुनै कार्यक्रम र नीति नै देखिन्छ।

यो स्थितिमा नेपालले लिने संभावित बाटो भनेको सिद्धान्तमा आधा लगानी, आधा लाभ भने तापनि व्यवहारमा भारतलाई नै पूरा लगानी र पूरा लाभको लागि पंचेश्वर छोडिदिनु हो। भारतको शासक वर्गले नेपालको यो हालत बुझेको छ र उसले चाहेको पनि यही हो।

पंचेश्वरको विजुलीको र पानीको क्रेता एउटै भारत हो। क्रेता एउटै भएपछि उसले कौडीको भाउमा हरेक कुरा किन्न खोज्छ। नेपालको विजुलीका संबन्धमा पनि भारतले त्यही गर्नेवाला छ। अझ, पानी त उसले सित्तैमा लिने कोशिश गर्नेछ, किनकि पंचेश्वरको पानी नेपालले पूरै प्रयोग गर्न सक्ने तत्काल संभावना छैन। त्यो प्रयोग भएन भने त्यो बगेर पुग्ने भारतमै हो। यो स्थितिमा पंचेश्वरको विजुली र पानी कौडीको मोलमा भारतले प्राप्त गर्ने प्रवल संभावना छ। भारतको पश्चिम बंगाल, उत्तर प्रदेश र विहारमा अहिले पानी र विजुलीको निकै ठूलो खडेरी छ। भारत पंचेश्वरबाट यही समस्या छिटो भन्दा छिटो अति सस्तो मूल्यमा हल गर्न चाहन्छ।

त्यसैले, भारतले टनकपुरको मूल्यमा पंचेश्वर आयोजना हात पार्ने रणनीति अपनाएको हो। टनकपुरमा ३ सय क्यूसेक पानी र ५ करोड युनिट विजुली सित्तैमा दिएर लाखौं क्यूसेक पानी र सयौं करोड युनिट विजुली कौडीको मोलमा पंचेश्वरबाट हसुर्ने यही रणनीतिको सुन्दर नाम हो- पंचेश्वर प्याकेज, अर्थात् एकीकृत पंचेश्वर आयोजना। भारतीय शासक वर्गको यही नियत भएकाले ऊ यसपटक टनकपुरको मामलामा उदार देखिएको हो।

नेपालको हित चाहिं टनकपुरसित पंचेश्वर आयोजना जोड्न नदिनुमा थियो। यसो गर्दा नै नेपालको मोलतोल गर्ने क्षमता दुवै आयोजनामा बढ्थ्यो। नेपालको अधिकतम फाइदामा पंचेश्वर आयोजना शुरू गर्नको लागि पनि सर्वश्रेष्ठ उपाय यही थियो। मुख्य कुरा त के भने, पंचेश्वर नेपालको अहिलेको विद्युत विकासको प्राथमिकता हो कि होइन ? हो भने, कुन कुन शर्त राखेर कसरी जाँदा मात्र यस्ता ठूला आयोजना फाइदाजनक हुन सक्छन्, यसबारे कुनै गंभीर गृहकार्य नै भइसकेको थिएन। यो स्थितिमा परिणामको कुनै ख्याल नै नराखी हचुवामा पंचेश्वरको सौदावाजी गर्नु नेपालको दीर्घकालीन हित र प्रगतिको कोणबाट निकै नोक्सानदायी र जोखिमपूर्ण काम भएको छ।

अब त हामी पंचेश्वरमा नराम्ररी बाँधिइसकेका छौं। सारा पैसा पंचेश्वरमै खन्याउने हो भने, अरू क्षेत्रमा लगानी गर्ने पैसा कहाँबाट आउँछ ? त्यो नखन्याउने हो भने, विद्युतको विशाल भण्डारबाट हुन संभव फाइदा भारतले मात्र हत्याउने छ! जताबाट पनि हामी संकटको फन्दामा परेका छौं।

अझ सन्धिमा एउटा शर्त छ, जस अनुसार नेपालले आफ्नो भागको विद्युतको अंश भारतलाई बेच्नै पर्नेछ र विजुलीको मोल र मात्रा चाहिं दुवैको सहमतिले मात्र तय हुनेछ। यो शर्तले हामीलाई निकै बाध्यात्मक स्थितितिर धकेलेको छ। आफ्नो विजुली बेच्नु वा नबेच्नु नेपालको खुशीको कुरा हो। यसको मोल र मात्रा कति हुने ? त्यो पनि नेपालको खुशीको कुरा हो। त्यसैले सन्धिमा शर्तै राख्न परे नेपाललाई बेसी भएको विजुली नेपालले बेच्न चाहेमा भारतलाई बेच्ने भन्ने प्रावधान मात्र रहनु पर्थ्यो। त्यसो गर्दा हाम्रो देशको प्राथमिकताको विचारै नगरी हामी कौडीको मोलमा विजुली बेच्न बाध्य हुँदैनथ्यौं। तर यस्तो गरिएन। अहिलेको सन्धिको प्रावधानले, यसरी, नेपालको हातखुट्टा नराम्ररी बाँधिदिएको छ। सन्धिको यो दफाबाट पनि थाहा हुन्छ- पंचेश्वर योजनामार्फत् वास्तवमा भारतीय शासक वर्गले कुन स्वार्थ सिद्धि गर्न खोजेको हो ?

त्यसैले, बाहिरबाट, उपरी तहबाट हेर्दा पंचेश्वर संबन्धी सन्धि निकै समतामूलक र न्यायपूर्ण देखिन्छ। तर यो योजनाभित्रको भारतीय शासक वर्गको स्वार्थ के छ ? त्यो हिसावबाट गहिराईमा हेर्दा यो आयोजना अहिले जसरी शुरू गरिंदैछ, त्यो नेपालको दीर्घकालीन हित र प्रगतिको पक्षमा छैन। यो फगत भारतीय शासक वर्गको फाइदामा छ। कुनै दीर्घकालीन रणनीति र गंभीर गृहकार्य बिना नै यस्तो विशाल आयोजनामा हचुवामै हात हाल्नु गंभीर गल्ती भएको छ। भारतले टनकपुरमा केही थोरै सहुलियतहरू मिल्काएर निकै सस्तोमा पंचेश्वर हात पारेको छ। हामीले यो हाम्रो हचुवापनको मोल निकै महँगोमा चुकाउनु पर्ने प्रवल संभावना छ।

**कमजोरी र आवश्यकता**

जम्माजम्मीमा, नेपाल र भारतबीच अहिले जुन सन्धि भएको छ, त्यसमा ऐतिहासिक विकासक्रमको हिसावले केही उपलब्धि त अवश्यै भएको छ। तर ती उपलब्धिहरू निकै महँगो मूल्यमा मात्र भएका छन्। हामीले बेसी गुमाएका छौं, थोरै पाएका छौं। सामाजिक न्याय र प्रगतिको कोणबाट यो सन्धिमा नेपाल अझै पनि विगतमा भएका अन्यायबाट उम्किन सकेको छैन र आफ्नो प्रगति के गर्दा हुन्छ, के गर्दा हुँदैन भन्ने होस समेत राख्ने हालतमा छैन। भारतीय शासक वर्ग आफ्नो स्वार्थ र उद्देश्यमा निकै प्रतिवद्ध र गंभीर देखिएको छ, तर नेपाली शासक वर्ग हचुवापन, अगंभीरता र अदूरदर्शिताबाट ग्रस्त देखिएको छ।

भारतको एक जना विदेशमन्त्री आंएर नेपालबाट लिनु पर्ने अधिकतम कुरा चार दिनमै लिएर गए। नेपालका प्रधानमन्त्री र ६-६ जना वरिष्ठ मन्त्री दिल्ली गए तर, फगत काठमाडौंमै तयार गरिसकेको सन्धिमा सही गरेर रित्तै हात काठमाडौं फर्किए।


नेपालको गठबन्धन सरकारले निकै सस्तोमा र सजिलै महाकाली भारतलाई सुम्पियो। भारतले माग गरेका अरू सारा कुरा पूर्ति गऱ्यो। तर यति ठूलो "उदारता" देखाउने सरकारको प्रतिनिधि मण्डलले भारतीय प्रधानमन्त्रीलाई १९५० को सन्धि संशोधन गर्ने, व्यापार घाटा घटाउन ५० प्रतिशतवाला प्रावधान हटाउने, फूलबारी नाका दिलाउने मागसम्म गऱ्यो। तर हरेक मागमा भारतले बूढी औंला ठड्याइदियो। नेपालको प्रतिनिधि मण्डलले राखेको कुनै पनि आधारभूत सवालको उसले सकारात्मक जवाफ दिएन। सबैमा आलटाल मात्र गऱ्यो।

यो घटनाले देखाएको छ, भारतीय शासक वर्ग- आफ्नो वर्ग स्वार्थमा निकै दृढ छ, ऊ शक्तिको भाषा सिवाय कुनै भाषा बुझ्दैन। तर नेपालको राजनीतिक नेतृत्व निकै व्यक्तिगत स्वार्थ केन्द्रित छ र उसमा राजनीतिक दृढताको नितान्त गरीबी छ। यो स्थितिमा देशमा प्रगतिशील वैकल्पिक राजनीतिक नेतृत्वको र जनताको आन्दोलनको निकै ठूलो खाँचो देखिइएको छ। यो बाहेक अर्को कुनै उपायले अहिलेको नेपाल-भारत गतिरोध हल हुन सक्ने देखिंदैन। ❑

### दिल्लीबाट रित्तै हात फर्कनु पऱ्यो !

(देउवा र राव)

फोटोः स्टेट्स्म्यान



# जलस्रोत विज्ञ दीपक ज्ञवाली के भन्नु हुन्छ ?

# यो सम्झौता महाकालीको कन्यादान हो

❑ ***हालैको नेपाल-भारत सन्धि तपाईलाई कस्तो लाग्यो ?***

-म यसलाई महाकालीको कन्यादान हो भन्न रूचाउँछु। कन्यादान आफैंमा खराब कुरा होइन। मुख्य प्रश्न त ज्वाइँ कस्तो पऱ्यो भन्ने हो। कतै ६ हजार छोरीहरूमध्येकी जेठी बाठी महाकालीको जीवनको बर्बादी त हुने होइन ? ज्वाइँले उनलाई पिटेर, हेला गरेर राख्ने त होइनन् ? दहेजै मात्र मागेर चिलिमच्वाँट पारिदिने पो हुन् कि ? यी सब कुराहरू अनुत्तरित छन्। स्वाबलम्बनमा आधारित तल गाउँदेखि उठेर आएको बैकल्पिक विकासको अवधारणा राख्ने हामी जस्ताहरूको लागि चाहिँ यी सन्धि एउटा ठूलो हार हो।

❑ ***किन होला ?***

-किनभने यो सन्धि कोसेली विकासको मोडेलमा हिँडेको छ। आफैंले आफ्नो क्षमतामा आधारित भएर काम थाल्ने, काम थाल्दै क्षमता बृद्धि गर्दै जाने, बृद्धि भएको क्षमता मुताविक झन ठूलो काम थाल्दै जाने स्वावलम्बी विकासको बाटो यो हो। तर महाकाली नदीमा यस्तो गर्न लागिदै छैन। यसमा बाहिरबाट कोसेली थापेर विकास गर्न खोजिदै छ। "कोसेली विकास" भनेको कस्तो भने- विकास अरूका भरमा गर्न खोज्ने, बाहिरबाट आएको लाहुरेसंग कोसेलीमा स्वेटर खोजे जस्तो विकास सहायता खोज्ने, टन्न फाइदै फाइदा यसरी अरूको मुख ताकेर एकै चोटि ठूलो विकासको सपना देख्ने मोडेलमा अहिलेको सन्धि जान खोजेको छ।

हामीले अरूण तेस्रोको विरोध गऱ्यौं। अरूण तेस्रोको विरोध गर्दा हामीले अरूण आयोजनाकै विरोध गरेका त थिएनौं नि ? त्यह पनि हामीले यही कोसेली विकासकै अवधारणाको विरोध गरेका थियौं। पहिले हामीले आफ्नै क्षमतामा आधारित भएर खिम्ती, कालीगण्डकी, मोदी, पुवा बनाउँदै जाउँ। त्यसपछि क्षमता बृद्धि गर्दै लगेर हामी अरूण र त्यो भन्दा ठूलो आयोजनामा पनि हात हाल्न सक्छौं। हाम्रो भनाइ त्यतिखेर यही थियो। त्यो भनिरहेकाहरूलाई अहिले अरूण भन्दा कैयौं गुणा ठूलो महाकाली योजना अघि तेर्स्याइएको छ। त्यो पनि कोसेली विकासकै मोडेलमा। यो त हाम्रो गालामा ठूलो थप्पड सरह भएको छ। लडाइँको मैदानमा एउटा युद्ध हारे सरह भएको छ यो। वैकल्पिक विकासको अवधारणा लिनेहरूको निम्ति यो एउटा ठूलो चुनौती भएको छ।

❑ **देशको दीर्घकालीन विकासको हिसावले यो सन्धिले नोक्सानी कहाँ र कसरी गरेको छ त ?**

-मेरो विचारमा पहिले टनकपुरकै टुंगो लगाउनु पर्थ्यो। २ करोड युनिट विजुली, १ सय ५० क्यूसेक पानी, जमीनको सार्वभौमसत्ता, नेपालको हातमा, बाटो सडकको सुविधा, यति भएपछि यो "व्यापक, गम्भीर र दीर्घकालीन" को विवाद अन्त गरेर संसंदको साधारण बहुमतद्वारा टनकपुर सन्धि टुंगो लगाउनु पर्थ्यो। त्यसो गरिसकेपछि हामीलाई पंचेश्वरमा बार्गेन गर्न मिल्थ्यो। रावको भ्रमणपछि पंचेश्वरलाई टनकपुरबाट छुट्याइएको थियो। सरकारभित्र र बाहिर ठूलो संघर्ष गरेर यसो गर्न सम्भव भएको थियो। पंचेश्वर र टनकपुर आयोजना छुट्याउनुमै नेपालको ठूलो हित र उपलब्धि थियो। यसो गर्दा नेपालले पंचेश्वरमा पानी, विजुली सबैमा कडीकडाउ मोलतोल गर्ने बाटो खुला हुन्थ्यो।

तर अहिले पंचेश्वर र टनकपुरलाई जोडेर ल्याइयो। यसबाट टनकपुरको मोलमा पंचेश्वरमा अधिकतम् फाइदा हात पार्न भारतलाई निकै सजिलो भएको छ। नेपालको चाहिं यसमा हात तल पर्न गएको छ।

यो कसरी त भन्नु होला।

पंचेश्वरबाट ११ अरब युनिट बिजुली निक्लन्छ। त्यसको आधा अर्थात् ५ सय ५० करोड युनिट हाम्रो हात लाग्छ। यत्रो विजुली खपत गर्ने हामीसित ठाउँ नै छैन। त्यसैले यो अति सस्तोमा भारतले नै लैजानेछ। अब भन्नुहोस् त, भारतले पंचेश्वरमा ११ सय करोड युनिट विजुली हात पारेर टनकपुरमा ५ करोड युनिट विजुली थपिदिनु कुन ठूलो उपलब्धि भयो ? एउटा साहुजीको १० पोका पुष्टकारी बेचिदियो भने पनि त ५ प्रतिशत कमिशन त त्यत्तिकै पाइन्छ।

पंचेश्वर टनकपुरमा जोडिएर आउनाले पंचेश्वरमा हाम्रो हात नराम्ररी बाँधियो। त्यहाँ हामी तल पऱ्यौं। हाम्रो त्यहाँ बार्गेन गर्न सक्ने स्थिति नै रहेन। तल ५ करोड युनिट बिजुली पाइयो भनेर हामीले नाक फुलायौं। माथि त्यही कारणले ५ सय ५० करोड युनिट हाम्रो हातबाट कौडीको मोलमा गुमेको चालै पाएनौं।

अर्थशास्त्रमा एउटा नियम छ- उत्पादक एउटै भएपछि उसले जति पनि मूल्य तोकिदिन सक्छ। त्यसैलाई Monopoly अर्थात् एकाधिकार भनिन्छ। चिनी उत्पादक एउटै छ, हामीलाई चिनी नभई भएको छैन भने चिनीको मूल्य जत्ति पनि उसले तोकिदिन सक्छ। अर्थशास्त्रमा अर्को पनि नियम छ- ग्राहक एउटै भयो भने उसले पनि जथाभावी मूल्य तोकिदिन सक्छ- म यत्तिमा मात्र तेरो सामान किन्न सक्छु भनेर। यसलाई Monopsony भनिन्छ। एउटै उत्पादक हुनु र एउटै क्रेता हुनु खतरनाक कुरा हुन्।

पंचेश्वरमा हाम्रो विजुलीको ग्राहक एउटै हुनेछ- भारत। त्यो स्थितिमा तपाईंले भनेको मोलमा भारतलाई बिजुली बेच्न पाउनु हुन्छ भन्ने कुराको के ग्यारेन्टी ? साधारण अर्थशास्त्रको नियमले के भन्छ भने- तपाई त्यो सक्नु हुन्न। तपाईं त्यसमा हार्नु हुन्छ। अरबौं रूपैयाँ ऋण लिएर पंचेश्वर बनाउनु होला, अनि भारतले भनेको मोलमा विजुली भारतलाई बेच्नु होला, यो त सरासर टुट्टामा पर्ने काम भएन ?

त्यसैले पंचेश्वरमा समानताको हक दिंदादिंदै पनि, लगानी र लाभ आधा आधा भन्दा भन्दै पनि यो सन्धिले नेपालको हात बाँधेको छ। नेपाल यसमा सरासर तल परेको छ। नेपालको हित त टनकपुर र पंचेश्वर योजना अलग्याउनुमा थियो। पहिले "व्यापक, गम्भीर र दीर्घकालीन" कस्तो आयोजनालाई भन्ने विवाद र टनकपुरको मामला टुंगाएर मात्र पंचेश्वर छुनुमा नेपालको भलाइ थियो।

❑ ***अनि पानीमा नि ? बिजुली त यसरी टुट्टामा पर्ने भयो, पानीमा त कसरी नोक्सानी हुन सक्छ र ?***

-पानीको मोल आधा राख भन्दो भारतले जहिले पनि विरोध गर्दै आएको छ। यसमा मात्र हैन, कर्णालीमा पनि भारतको रवैया त्यही छ। भारत पानीको मोल राख्नै चाहँदैन। किनभने उसलाई थाहा छ कि, हामीले प्रयोग गरेनौं भने पानी स्वतः बगेर तल उसैकहाँ आउनेछ, उसले त्यो सित्तैमा स्वतः पाइहाल्छ। किनकि पानी रोकेर राख्न सकिने कुरै होइन।

त्यहाँ हामीसित सिंचाई गर्ने त्यत्ति जमीन पनि छैन। कैलाली, कंचनपुरबाट मोहनासम्म जम्मा सिंचाई गर्नु पर्ने जमीन २६ हजार हेक्टरभन्दा बढी छैन। त्यसभित्र पनि बर्दिया पार्क पर्छ, त्यो निकुञ्ज मास्ने कुरा आउँदैन। बीचबीचमा भूमिगत जलसिंचाई योजनाहरू छन्। अन्य आयोजना पनि छन्। त्यसैले हामीसित सिंचाई गर्ने जमीन निकै कम छ। यो कुरा भारतलाई थाहा छ। त्यसैले ऊ भन्छ- अरे साहब, आपको जितना चाहिए, उतना पानी प्रयोग किजिए, जो आप नही प्रयोग करेंगे वह हम करेंगे। त्यसैले ऊ पानीको मूल्य तोक्नै चाहन्न, मुफ्तमा पानी लिने सुरसारमा देखिन्छ ऊ। यो स्थितिमा पानीमा पनि भरे वार्गेन गर्दा हाम्रो हात तल पर्ने र हामी टुट्टामा पर्ने निश्चित छ।

❑ ***अरु असर नि ? यो सन्धिको अरु क्षेत्रमा के असर हुन सक्छ ?***

-हामी अब सारा रकम महाकालीमै खन्याउने भएका छौं। त्यो गर्ने हो भने अरू योजनामा लगानी गर्ने पैसा कसरी रहन्छ हामीसित ? के हामी चितवन, नवलपरासी, मोरङ्ग, सुनसरी, झापा लगायतका सारा जिल्लालाई पंचेश्वर नआउन्जेल १२-१३ वर्ष चूप लागेर बस भन्न सक्छौं ? विजुली र सिंचाइ १०-१५ वर्ष कैलाली र कंचनपुरमा मात्र सीमित हुने भो, तिमीहरू आशा नराख भन्न सक्छौं ? तर अब त्यही दिशामा नेपाल जान लागिरहेछ।

यसबाट दाता राष्ट्रहरू पनि सशंकित भएका छन्। काली गण्डकीमै लगानी गर्न खोज्नेहरू पनि झस्केका छन्। पंचेश्वरको असर (Implication) बुझ्न उनीहरूले ६ महिना मात्रै लगाए भने पनि त करोडौं युनिट विजुली त त्यत्तिकै नोक्सानीमा गइहाल्यो।

यसमा हात हालेपछि हालको विद्युत माग पूर्ति गर्न जिल्ला जिल्लामा ५/१०/१५/३० मेगावाटका साना साना आयोजना थाल्ने, यसरी आफ्नै क्षमतामा उभिएर स्वाबलम्बी बाटोबाट विद्युत विकास थाल्ने कुरा पनि हुन सक्ने छैन। आए काली



ईनसेट- दीपक ज्ञवाली

**पंचेश्वरमा समानताको हक दिंदादिंदै पनि, लगानी र लाभ आधा आधा भन्दा भन्दै पनि यो सन्धिले नेपालको हात बाँधेको छ। नेपाल यसमा सरासर तल परेको छ।**

गण्डकी एउटा आइहाल्ला, हैन भने पंचेश्वर नभएसम्म अर्को कुनै काली गण्डकी र अरूण जस्तो मभौला र ठूला आयोजना पनि यहाँ हुन सक्ने छैन । भनेपछि त नेपाल यो बीचमा विजुलीको खाँचो टार्न थर्मल प्लाण्टतिर जानु पर्ने भो ।

"व्यापक, दीर्घकालीन र गंभीर" को स्पष्ट परिभाषा नभई सकेकाले नेपालले अब भारतले भने बमोजिमका कर्णाली, कोशी जस्ता ठूलै ठूला आयोजनामा मात्र हात हाल्नु पर्ने भो । आखिर साना, ठूला सबै आयोजना संबन्धी संन्धिहरू संसद्को दुई तिहाइबाट पासै गर्नु पर्छ भने किन सानोमा हात हाल्ने ? ठूलैमा किन हात नहाल्ने ? यस्ता धारणाले काम गर्ने भो ।

यस प्रकार महाकाली योजनामा जानु भनेको हाम्रो विद्युत उत्पादन पूरै भारतीय प्रणालीसित एकीकृत गर्ने दिशामा जानु हो । यसको निकै गंभीर असर हुन सक्छ । राम्रो गृहकार्य नै नगरीकन, यसको असर कति गंभीर हुन सक्छ भन्ने सोच्दै नसोचीकन हचुवामा ल्याइएको योजना हो यो ।

❑ ***हुनु पर्ने र गरिनु पर्ने के त, तपाईंको विचारमा ?***

-पहिले, नेपालको विकासको प्राथमिकता के ? विद्युत र सिंचाईको विकासमा हाम्रो प्राथमिकता के ?- त्यो निर्धारण हुनुपर्‍यो । हामीले कुनै पनि आयोजना किन छान्ने ? हामीले महाकाली नै किन छान्ने, कोशी र कर्णाली किन नछान्ने ? पहिले यो कुरामा गृहकार्य हुनु पर्‍यो र राष्ट्रिय सहमति हुनु पर्‍यो ।

यो कुरा स्पष्ट भयो भने हामी हचुवामा कुनै योजना छान्ने छैनौं । हामीसित एउटा यथार्थवादी र दीर्घकालीन रणनीति हुनेछ । त्यही अनुसार हाम्रो तुलनात्मक फाइदा बेफाइदा विचार गर्दै हामीले योजना छानिरहेका हुनेछौं ।

पंचेश्वर नराम्रो योजना होइन । त्यहाँ बाटोको पूर्वाधार पनि छ । भौगर्भिक हिसावले पनि त्यो राम्रो आयोजना हो भन्ने सुनेको छु । त्यसको डुबान क्षेत्र पनि ८० प्रशित भारतमै पर्छ । त्यसैले ठूलै आयोजना छान्नु पर्दा हामीले छान्नु पर्ने पंचेश्वर नै हो कि ? तर यस्तो ठूलो आयोजना शुरू गर्दा त्यस्ता छनौटका क्राइटेरियाहरू के के हुन्, जुन पूरा भयो भने मात्र देशलाई फाइदा हुन्छ ? ठूलो आयोजनामा कसरी अगाडि बढ्दा मात्र हामीलाई फाइदा हुन्छ ? यसको कुनै गृहकार्य नै छैन । हामी हचुवामा योजना छानिरहेछौं, परिणामको कुनै विचारै नगरी । हामी नीति बिना नै राजनीति गरिरहेछौं । सबभन्दा खराव कुरा यही भइरहेछ ।

अहिले हाम्रो प्राथमिकता भनेको हाम्रै क्षमतामा आधारित साना साना आयोजना नै हुन् । त्यो गर्दै क्षमता वृद्धि गर्दै हामी झन् झन् ठूला आयोजनातिर जान सक्छौं । महाकाली जस्तो योजनाले हामीलाई परावलम्बी नै बनाउँछ । यसमा जोखिम पनि बेसी छ । यसले हामीलाई कोसेली विकासतिरै लान्छ, ऋणमै डुबाउँछ । त्यसैले यो हाम्रो प्राथमिकता होइन । तसर्थ, हामीले कम जोखिम, बढी लाभ भएका योजना नै रोज्नु पर्छ ।

❑ ***तर यो त राष्ट्रिय सहमति भएपछि मात्र छनौट गरिएको योजना भनिंदैछ नि त ?***

-यस पटक नेपालको इतिहासमै सबभन्दा लामो संसदीय सेसन बस्यो । त्यहाँ यो योजनाबारे गंभीरतापूर्वक छलफल भएर राष्ट्रिय सहमति कायम भएको भए म गौरबले छाती फुलाउँथे । तर यति लामो सेसनमा टनकपुर र पंचेश्वरबारे कुनै छलफल भएन । जब प्रणव मुखर्जी आउने भए, तुरून्तै यस्तो गंभीर विषयमा राष्ट्रिय सहमति कसरी कायम हुन सक्यो ? मलाई त शंका लागेको छ । कतै हेडसर आउने हुनु भो भनेर हतार हतार साथीको चोरेर होमवर्क गर्ने अल्छी ठिटाहरू जस्तै यहाँ पनि प्रणव मुखर्जी हेड सर आउने हुनु भो भनेर कहीं कसैको दवाबमा हतार हतार यो राट्रिष्य सहमति त भएको होइन ?

यो राष्ट्रिय सहमति पार्टीका आधिकारिक प्रतिनिधिले पनि गरेको देख़िएन । यसमा खालि व्यक्तिहरूले व्यक्तिगत हैसियतमा सही गरेका छन्, जसमा भोलि पार्टीले सजिलै हाम्रो आधिकारिक प्रतिनिधित्व होइन भनेर पंछिन सक्छ । यति गंभीर विषयमा यति हल्का काम कारवाही कसरी भयो ? कसैले कान निमोठेर त यो राष्ट्रिय सहमति भएको होइन, जवाहरलाल नेहरूले कान निमोठेर दिल्ली संझौता भयो भने जस्तै ?

❑

## परराष्ट्रमन्त्रीज्यू, मन्त्री नहुँदा तपाईंले पहिले यस्तो बोल्नु भएको थियो भन्ने संझना छ ?

❑ हामी स्पष्ट के भन्छौं भने एक वर्ष अगाडि गरिएको टकपुर सन्धिमा पूरै परिवर्तन गरिनु पर्दछ । संशोधित "सन्धि दुई देशबीचको आपसी हित र सार्वभौम संपन्न राष्ट्रहरूबीचको समानता र व्यापक अधिकारको परिप्रेक्ष्यमा तयार गरिनु पर्दछ ।

❑ नेपालले टनकपुर परियोजनालाई नभई Afflux Bund (अर्थात् तटबन्ध). बनाउन आवश्यक जमीन उपलब्ध गराएकोले उक्त योजनामा नेपालको सहभागिता Partnership रहेको छ भनी स्पष्ट हुनुपर्दछ ।

❑ टनकपुर सबै भारतीय भूमिमा बनेको छ भन्नु गलत हो । यो योजनाको महत्त्वपूर्ण अंग नेपालको भू-भागमा बनेको छ र यस मानेमा टनकपुर योजनामा दुवै देशको सहभागिता र योगदान रहेको स्पष्ट छ । यो सीमा नदीमा बनेको योजना हो र यसको एउटा अभिन्न अंग नेपालको भू-भागमा बनेको छ ।

❑ सीमा नदीको उपयोगमा नेपालको पनि अधिकार रहन्छ र यसलाई एकतर्फी फाइदाको लागि प्रयोग गर्नु गलत हुनेछ । सीमा नदीको पानीलाई उपभोग (Consumption) को लागि नभई सिर्फ विद्युतको लागि प्रयोग गरे पनि दुवै पक्षको संलग्नता आवश्यक हुन्छ र त्यसबाट आउने फाइदामा पनि दुवै पक्षको न्यायोचित अधिकार रहनु पर्छ ।

स्रोतः *टनकपुर राष्ट्रिय हित कि राष्ट्रघात ? पुस्तक*


WE ARE THE SUCCESS STORY OF THE YEAR
MASTERCARD CARDS



GET YOURSELF A NABIL MASTERCARD
AND JOIN THE BRANDWAGON OF SUCCESSFUL
PEOPLE TODAY !!

TELE CALL 228538

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank limited

P. O. Box 3729, Kantipath KATHMANDU, NEPAL
Cable: NABIL, KATHMANDU
Tel: 226785-7, 227181
Tlx: 2385 NABIL NP 2430 NABILD NP
Fax: 226905

टनकपुर सम्बन्धी विशेष ज्ञाता इन्जिनियर रामेश्वरमान अमात्यको दावी-

# समानताको हक हामीले पाएकै छैनौं !

❑ ***अहिले टनकपुर समस्या हल भयो, टनकपुरमा इतिहासमा पहिलो पटक नेपालले आफ्नो समानताको हक प्राप्त गऱ्यो, बिजुली पनि आधा प्राप्त भयो, प्रभुसत्ता पनि सुरक्षित भयो भनिँदैछ । तपाईंलाई कस्तो लाग्छ ?***

-यो पूरै गलत कुरा हो । समानताको हक हामीले पाएकै छैनौं ।

पहिलो कुरा त यो सन्धिमा महाकाली नदीलाई सीमा नदी नै मानिएको छैन । Mahakali River is a boundary river on major stretches भनिएको छ यो संझौतामा । त्यसको मतलब मुख्य भागमा मात्र महाकाली नदी सीमा नदी हो भनेर स्वीकारियो । प्रश्न उठ्छ- जहाँ टनकपुर परियोजना बनेको छ त्यहाँ नि ? त्यहाँ महाकाली नदी सीमा नदी हो कि होइन ?

टनकपुर भनेको महाकाली नदीकै एउटा शाखामा बनाइएको योजना हो । महाकाली नदीको एउटा मुख्य भङ्गालो हामीकहाँ पनि छ । विश्व बैंकले खिँचेको एपोलोको नक्सा हेर्नुहोस्- त्यहाँ त्यो नक्साले टनकपुर परियोजना बनेको ठाउँलाई सीमा नदीकै रूपमा रेखांकित गरेको छ ।

तर यो सन्धिले त टनकपुर परियोजनालाई विशुद्ध भारतीय परियोजना हो भनेर कानूनी मान्यता दिएको छ । अनि कसरी हामीले समानताको हक पायौं ? के ७ करोड युनिट बिजुली र ३ सय क्युसेक पानी नै सीमा नदीमा बनेको परियोजनामा समानताको द्योतक हो ?

हामीसँग अहिले जे जति दस्तावेज उपलब्ध छ, त्यसको आधारमा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा लड्यौं भने पनि टनकपुर परियोजनामा हाम्रो बरोबरीको हक कायम हुन सक्छ । यस्तो मुद्दामा ७ करोड युनिट बिजुली र ३ सय क्युसेक पानी लिएर सीमा नदीको हक छोडी दिने, अनि समानताको हक पायौं भनेर फूर्ति गर्ने ? सोह्रै आना गलत कुरा भएको छ यो ।

❑ ***सीमा नदी हो त भनिएको छ नि संझौतामा ?***

-कहाँ भनियो, On Major Stretches यो सीमा नदी हो भनियो । त्यसको मतलव नदीको लम्बाईको धेरै भागमा यो सीमा नदी हो भनिएको हो । यसको अर्थ त के भयो भने, महाकाली नदीको केही भागमा यो सीमा नदी होइन । अर्थात् जहाँ टनकपुर परियोजना छ, त्यहाँ यो सीमा नदी होइन । टनकपुरमा हाम्रो एउटा प्रमुख मुद्दा महाकाली नदीको स्तर के हो भन्नेमा छ । जब टनकपुर परियोजनामा यो सीमा नदी होइन भनियो, टनकपुर समस्या त जहाँको तहीं रही हाल्यो । यो कसरी हल भयो ?

यहाँबाट फर्केपछि भारतीय विदेश मन्त्री-प्रणव मुखर्जीले ३० जनवरीको The Times of India को अन्तर्वार्तामा प्रष्ट भनेका छन्- महाकाली नदी सबै ठाउँमा सीमा नदी होइन । केही केही ठाउँमा मात्र यो सीमा नदी हो । यता हाम्रा जलस्रोत मन्त्री पशुपति शमशेरले पनि महाकाली नदी ११ किलोमीटर भारतीय भूमि भएर बग्छ भनेर भन्नु भयो । तब त महाकाली नदी सीमा नदीको रूपमा कायम भएको नै ठहरिएन ।

❑ ***प्राविधिक रुपले अध्ययन गर्दा महाकाली नदीको स्तर के हो त, तपाईंको ठम्याईमा ?***

-१९२० को चन्द्र शमशेरको पालामा भएको बनवासा संझौता अनुसार टनकपुर परियोजना बनेको ठाउँ भारतमा नै पर्छ भन्ने कुरा मानी लिउँ । त्यो मान्दा पनि टनकपुरमा महाकाली नदीको एउटा भङ्गालो त हामीकहाँ भएर बग्छ । त्यही भङ्गालोमा त लेफ्ट एफ्लक्स वण्ड बनेको हो । यो स्थितिमा संपूर्ण महाकाली नदी भारतमै परेको भन्न कसरी मिल्छ ?

महाकाली नदी भङ्गालोहरूमा फाटिएको Braided river हो भनेर त भारतले पनि मानेको छ । हामीले पनि मानेका छौं । भङ्गालाहरूमा फाटिएको नदीमा सबै भङ्गालाहरू मिलेपछि न एउटा नदी बन्छ, खालि कुनै एउटा भङ्गालो त पूरा महाकाली नदी होइन । भनेपछि त, प्राविधिक रूपले टनकपुर त एउटा भङ्गालोमा बनाइएको परियोजना भयो । अनि यो कसरी विशुद्ध रूपले भारतीय परियोजना ठहरियो र ठहऱ्याइयो ?

❑ ***यो स्थितिमा हुनुपर्छ के त ?***

-सर्वप्रथम महाकाली नदीलाई सीमा नदी मानिनु पर्छ । टनकपुर परियोजनालाई सीमा नदीकै एउटा भङ्गालोमा बनाइएको परियोजना मानिनु पर्छ । सीमा नदीमा बनेको परियोजनामा लगानी पनि आधा आधा हुनु पर्छ, हक र लाभ पनि आधा आधा हुनु पर्छ । नेपालले तत्काल आधा लगानी गर्न सक्दैन भने जुन बिजुली र पानीमा हाम्रो आधा हक लाग्छ, त्यही भारतलाई बेचेर किस्ताबन्दीमा त्यो तिर्दै जान सकिन्छ । तिरिसकेपछि त्यो फेरि हाम्रै उपभोगमा आइहाल्छ ।

❑ ***अहिले यो सन्धिले के गर्न खोजेको भन्ने लाग्छ त तपाईंलाई ?***

-यो सन्धिले सावित गर्न खोजेको छ- महाकाली नदी टनकपुरमा सीमा बाहिर बगेको नदी Trans boundary river हो । टनकपुर परियोजनालाई यो सन्धिले विशुद्ध भारतीय भू-भाग र नदीमा बनेको एकलौटी परियोजना हो भनेर ठहऱ्याउन खोजेको छ । यो परियोजनामा खालि केही थोरै मात्र नेपालको योगदान छ भनेर सावित गर्न खोजिएको छ ।

❑ ***उनीहरु त टनकपुर ब्यारेज र पावर स्टेशन दुवै भारतीय भूमिमा बनेका छन् र यो त्यसैले भारतीय परियोजना हो भनेर भनिरहेछन् । हाम्रो चाहिं त्यसको विरुद्धको प्रमाण के त ?***

-टनकपुर परियोजना बन्नु भन्दा अगाडिको महाकाली नदीको किसिम Topograpghy अथवा Morphology के थियो ? मुख्य दलील त यसैमा छ ।

सन् १८१६ को सुगौली सन्धि, सन् १८६०, १९१३ र १९२० नेपाल-भारत सन्धि- यी सबैले महाकाली नदीलाई भङ्गाला फाटिएको नदी (Braided river) भनेर एक साथ स्वीकारेका छन् । मुख्य प्रवाहमा नबग्ने, कहिले यता बग्ने, कहिले उता बग्ने, गहिराई नभएको चुल्ठो जस्तै विभिन्न हाँगाहरूमा भएको नदीलाई नै Braided river भनिन्छ । तपाईं सन् १८१६ देखि ब्रिटिश सरकारले लेखेका सारा चिठीहरू हेर्नुहोस्, त्यसताका महाकाली नदी पूरै हाम्रो भागमा परेको थियो, पछि सन् १९२० मा बनवासा ब्यारेज संबन्धी सन्धि भएपछि सर्भे अफ इण्डियाले एउटा Topographical नक्सा बनाएको छ- त्यसमा टनकपुरमा महाकाली नदीको एउटा मुख्य भङ्गालो हामीकहाँ देखाइएको छ, एउटा भङ्गालो उता भारतमा देखाइएको छ । सबैभन्दा पछि एपोलो ७ ले- स्याटेलाइट म्याप प्रविधि प्रयोग गरेर खिचेको नक्सामा पनि महाकाली नदी Braided river कै रूपमा देखिएको छ ।

टनकपुर ब्यारेज बनाउँदा उनीहरूले त्यही हाम्रो भङ्गालोलाई एफ्लक्स बण्ड बनाएर छेके र मुख्य प्रवाहलाई उता टनकपुर ब्यारेजतिर डोऱ्याए । यसरी हाम्रो भङ्गालोलाई मिसाएर टनकपुर परियोजना बन्यो । त्यसैले हाम्रो भङ्गालोबिना महाकाली नदी पनि पूर्ण हुँदैन, टनकपुर योजना पनि पूर्ण हुँदैन । अनि यस्तो आयोजनामा भारतको मात्र एकाधिकार कायम गर्न कसरी मिल्छ ?

हो, सबै भङ्गालो भारतमा परेको भए यो उनीहरूको एकलौटी परियोजना हो भन्न मिल्थ्यो ।

❑ ***महाकाली प्याकेज भनेर जो आएको छ, त्यसमा चाहिं तपाईंको धारणा के छ नि ?***

-पहिले भन्दा हाम्रो पक्ष केही सक्षम र योग्य चाहिं हुँदै आएको छ । बार्गेन बेसी गर्न सक्ने भएको छ । पहिले देशको सार्वभौमसत्ता नै बेठेगान हुने गरेर जुन जमीन सुम्पिएको थियो, त्यसमा अहिले सुधार गरिएको छ । अवधि पनि तोकिएको छ- ७५ वर्षको । पंचेश्वरमा हक पनि कायम गरिएको छ आधा आधा । तर टनकपुरमा आधारभूत समस्या अझै हल भएको छैन । टनकपुर फेरि सिंगारेर बेचिएको जस्तो भएको छ, नयाँ सुन्दर भाषामा । पंचेश्वरमा जुन किसिमले हामीले आधा हक पायौं, त्यही हक टनकपुरमा पनि हामीले पाउनु जरूरी छ ।

❑ ***अरु के सबलता वा कमजोरी छन् पंचेश्वर संबन्धी सन्धिमा ?***

-यसको दफा २ उपदफा ४ मा नेपालको भागमा परेको उर्जाको एउटा अंश भारतलाई नै बेचिनेछ र त्यसको मोल र मात्रा दुवै पक्षले सहमति गरे अनुसार हुनेछ भनिएको छ ।

नेपालको भागको बिजुली बेच्ने वा नबेच्ने वा कति बेच्ने, कुन मोलमा बेच्ने त्यो आपसमा सहमति गरेर बाँधिनु पर्ने कुरा होइन । त्यो नेपालको खुशीको कुरा हो । हाम्रो भागको बिजुली नेपाललाई आवश्यक नभएको खण्डमा बढी भएको जति बिजुली भारतलाई बेचिने छ भनिएको भए सही हुन्थ्यो, हामी बाँधिदैनथ्यौं । तर, हाम्रो भागको बिजुली भारतलाई हामीले बेच्नै पर्ने र त्यसको मात्रा र मोल समेत दुवैथरीले छलफल गरी तोक्नु पर्ने बाध्यता सन्धिमा राखिंदा त्यो बाध्यात्मक भयो, त्यो Dictetion भयो । उसले यही प्रावधान



(बाँकी ४१ पेजमा)

> **देशभित्र विकसित भएका प्रविधि र आविष्कारहरु नेताहरु र अन्य जिम्मेवार व्यक्तिहरुको निम्ति स्वार्थ अनुकुल नठहर्ने र बेवास्ता गर्ने विषय अवश्य हुन सक्छन् ।**

हिजो आज मेलम्ची खोलाको पानीलाई काठमाडौंमा ल्याउने योजना कार्यान्वयन गर्ने प्रक्रिया चलिरहेको छ । योजना अनुसार मेलम्चीको पानी काठमाडौंमा ल्याउने प्रक्रिया तीन चरणमा पूरा गरिने छ । प्राप्त जानकारी अनुसार पहिलो चरणमा २७ किलोमिटर सुरूङ्ग खनेर काठमाडौंमा पानी ल्याउने काम हुनेछ । यसको निम्ति १० अरब रूपियाँ खर्च गरिने छ । र काठमाडौंमा पानी आइपुग्ने समय १० वर्षको हुनेछ । दोस्रो र तेस्रो चरणमा यस योजनाको विस्तारको निम्ति अरू १० अरब खर्च गरिने छ । साथै योजना विस्तारको अवधि अरू ५ वर्षको हुनेछ । अर्थात् १५ वर्षमा २० अरब रूपियाँ खर्च गरेर मेलम्ची खोलाको पानी काठमाडौं ल्याइने छ ।

पाठकवर्गलाई सम्झना होला-लगभग ५ महिना पहिले ठूलाठूला खोला र नदीहरूको पानीलाई सस्तो तरीकाबाट चाहिए जति मात्रामा अग्ला अग्ला लेकहरूमाथि चढाउन सकिने आविष्कार सम्बन्धी मेरो दावीको बारेमा पत्रपत्रिकाहरूले शोध सामग्री प्रकाशित गरेका थिए । त्यसपछि मबाट नै अरू चार किसिमले नदी र खोलाहरूको पानीलाई सरल र सस्तो तरीकाबाट माथि पुऱ्याउन सकिने प्रविधिहरू देख्ने गरिन्छ ।

आकर्षण-प्रणाली सम्बन्धी सैद्धान्तिक विवरण लामो हुन सक्छ । संक्षेपमा बताउँदा, आकर्षण-प्रणालीबाट तरल पदार्थलाई माथि उठाएर लक्ष्य गरिएको ठाउँमा खसाउनको निम्ति प्रायः पाइपको प्रयोग गर्ने गरिन्छ । यस प्रक्रियामा पाइपको एक छेउलाई तरल पदार्थ भएको भाँडो वा टंकीमा डुबाइन्छ र अर्को छेउलाई तरल पदार्थमा डुबेको छेउभन्दा तल गिराइन्छ र होचो गराइएको छेउबाट मुखले वा अन्य तरीकाले तरल पदार्थलाई सासले तान्ने वा थुत्ने काम गरिन्छ । यसो गर्दा पाइपको बीचको भाग जति नै अग्लो भए पनि तरल पदार्थ माथि उठेर होचो गराइएको छेउतिर खस्न जान शुरू गर्दछ । र, पाइपको पहिलो छेउ तरल पदार्थमा डुबिरहेसम्म यसरी तरल पदार्थ खस्न जाने प्रक्रिया निरन्तर चलिरहन्छ ।

यसरी तरल पदार्थ माथि उठेर होचो गराइएको छेउतिर खस्न गइरहने प्रक्रियामा पृथ्वीको गुरूत्वाकर्षण बलले प्रमुख भूमिका निर्वाह गरेको हुन्छ । वास्तवमा के भइरहेको हुन्छ भने पाइपको तरल पदार्थमा डुबाएर राखिएको छेउको बराबरीसम्म त अर्को छेउतिर पनि गुरूत्वाकर्षण बल बराबरी परिरहेको हुन्छ । तर डुबाइएको छेउभन्दा होचो गराइएको भागमा गुरूत्वाकर्षण बल बढी परिरहेको हुन्छ । पाइपको होचो गराइएको भागमा गुरूत्वाकर्षण बल बढी पर्नु र तरल पदार्थ पाइपको खुला मुखमा अडिएर रहन नसक्ने प्रकृतिको हुनुको कारण होचो भागमा आइसकेको तरल पदार्थ तल खस्न बाध्य हुन्छ । गुरूत्वाकर्षण बल बढी परेर तल खस्ने तरल पदार्थ तल खस्दा त्यसपछिको तरल पदार्थ खिचिएर खसेको तरल पदार्थको ठाउँमा आउने गर्दछ । खिचिएर आएको तरल पदार्थमा पनि गुरूत्वाकर्षण बल बढी हुन जान्छ र तल खस्न बाध्य हुन्छ । त्यसपछि पनि लगातार यस्तै प्रक्रिया चलिरहने गर्दछ । यसरी गुरूत्वाकर्षण बलले तरल पदार्थलाई पाइपको होचो भागतिरबाट लगातार तानिरहने प्रक्रिया नै आकर्षण-प्रणाली हो ।

काठमाडौंमा पानी ल्याउनको निम्ति २७ किलोमिटर सुरूङ्ग खन्ने योजना निश्चय पनि पानीलाई बगाएर ल्याउने योजना हो । यदि यस्तो हो भने पानी ल्याउन निश्चित गरिएको मेलम्चीको बाँधभन्दा काठमाडौं होचो छ । यस्तो स्थितिमा आकर्षण-प्रणालीद्वारा काठमाडौंलाई छेक्ने सबै डाँडाहरूलाई नघाएर काठमाडौंमा पानी खसाउन बिलकुलै सम्भव देखिन्छ ।

आकर्षण-प्रणालीको ठूलो परीक्षण गरिसकिएको छैन । तर साना तिना परीक्षण र सैद्धान्तिक आधारमा यो प्रणाली ९९ प्रतिशत सफल हुन सक्छ भन्न सकिन्छ । यदि समयमै परीक्षणको निम्ति आवश्यक सुविधाहरू उपलब्ध हुन्छन् भने परीक्षण सफल भएको स्थितिमा १० अरब खर्च हुने ठाउँमा ५ अरब र १५ वर्ष लाग्ने ठाउँमा ३ वर्षभित्र कार्य सम्पन्न हुन सक्दछ । भौगोलिक स्थिति अनुकुल भएको अवस्थामा दुई-तीन महिनाभित्रै काठमाडौंमा पानी खसाल्ने प्रक्रिया शुरू हुन सक्छ ।


देशभित्र विकसित भएका प्रविधि र आविष्कारहरू नेताहरू र अन्य जिम्मेवार व्यक्तिहरूको निम्ति स्वार्थ अनुकूल नठहर्ने र बेवास्ता गर्ने विषय

केवली न्यौपाने

# यसरी मेलम्चीको पानी अति छिटो र सस्तोमा काठमाडौंमा झार्न सकिन्छ

विकसित भइसकेका छन् र सम्बन्धित विभागमा पेटेण्ट दर्ताको लागि पेश गरिसकिएका छन् । त्यसमा एउटा आकर्षण-प्रणाली अन्तर्गत पानी माथि चढाउन सकिने अथवा तल्लो पाखाको पानीलाई डाँडो नघाएर पल्लो पाखा लैजान सकिने प्रविधि पनि सामेल छ ।

पाठकवर्गलाई स्पष्ट थाहा नभए पनि आकर्षण-प्रणाली अनुसार तरल पदार्थ आफ्नो सतहभन्दा माथि उठेर अर्कोतर्फ खस्न गइरहेको प्रक्रिया देख्दै आएको विषय हुन सक्छ । यस्तो प्रक्रिया गाडीहरूको टंकीबाट पाइपले डिजल र पेट्रोल निकालिरहेको बेला वा ड्रम वा अन्य वस्तुहरूबाट तरल पदार्थ निकाल्दै गरेको बेला



चित्रः लेखक स्वयं

अवश्य हुन सक्छन् । तर देश र जनताको सुख सुविधा र समृद्धिको निम्ति ती प्रविधिहरू बहुमूल्य विषयहरू हुन् । देशमा जलस्रोतको उपयोग सम्बन्धी विभिन्न प्रकारका प्रविधि र सिद्धान्त उपलब्ध हुँदा हुँदै तिनलाई पूर्ण रूपले बेवास्ता गरेर प्रस्तुत प्रविधि परीक्षणमा सफल भएको स्थितिमा जानी जानी जनताको शिरमाथि अरबौं रूपैयाँको अनावश्यक विदेशी ऋणको बोझ थप्ने काम गर्नु निश्चय पनि देशको निम्ति न्यायसंगत कुरा हुन सक्तैन । के देशका जिम्मेवार व्यक्तिहरूले समय छँदै यतातिर ध्यान देलान् ? ❑

# वामपन्थीहरुले के सिक्नु पर्छ मधुबासाबाट ?

डी. आर. पोखरेल

## मधुबासाको सहकारी आन्दोलनको ताजा अनुसन्धानात्मक रिपोर्ट

### मधुबासा !

यो गाउँको नाउँ आज पनि निकै चर्चित छ । यसको कीर्ति चारैतिर फिँजिएको छ र फिँजिदै पनि छ । मानिसहरूले यसलाई सामुदायिक भावनाको नमूना गाउँको रूपमा समेत प्रचार गरेका छन् ।

### किन ध्यान तान्यो यसले ?

त्यस्तो के छ पूर्वी तराईका मगरहरूको यो एउटा सानो बस्तीमा, जसको कारणले यो यति चर्चामा छ ? त्यस्ता के काम भएका छन् मधुबासामा, जसले गर्दा योप्रति धेरैको ध्यान तानिइरहेछ ?

यिनै जिज्ञासाहरूले आकर्षित गरेर गएको मंसिरमा मैले दोस्रो पटक मधुबासाको अध्ययन भ्रमण गरें । अध्ययन भ्रमणपछि मलाई के लाग्यो भने मधुबासामा त्यस्ता केही राम्रा सामाजिक प्रयोगहरू भएका रहेछन्, जसबाट नेपालका गाउँहरूले सिक्न सक्छन् ।

मधुबासा यसका संस्थापक स्व. इन्द्रबहादुर क्याप्छाकीको पालामा भन्दा केही खस्किसकेछ । तर अझै पनि त्यहाँ त्यस्ता थुप्रै कुरा बाँकी रहेछन्, जुन अनगिन्ती नेपाली गाउँहरूको लागि सिकोको विषय हुन सक्छ ।



मधुबासा कुनै समाजवादीहरूको बस्ती होइन । यो राजनैतिक रूपले चेतनास्तर निकै उठेका मानिसहरूको गाउँ पनि होइन । यहाँ जे भएका छन्, ती विशुद्ध समाज-सुधारको मनोभावनाले भएका देखिन्छन् । तथापि यहाँको सामूहिक पाहुना-घर, यहाँको सामुदायिक सहकारी संस्था, यहाँको सीमित सामूहिक जमीन र विशाल सामुदायिक वन, यहाँ हटाइएका थुप्रै कुथिति- कुरीतिहरू र यहाँ भएका सामूहिक कामहरू हेर्दा यस्तो लाग्छ- यी अबोध गाउँलेहरू आफ्नो जीवनका समस्याहरूको हल खोज्ने क्रममा अन्जानमै त्यही सामुहिकता-सहकारिताको बाटो हिंडिरहेछन्, जुन बाटोको पक्षपोषण वैज्ञानिक समाजवादका पक्षधरहरूले गर्ने गर्छन् । फरक के छ भने, नेपालमा अहिलेसम्म समाजवादका पक्षधर क्रान्तिकारीहरूले जे भनेका छन्, त्यो कुरोको स्तरमा मात्रै छ । मधुबासामा भने अन्जानमै र थोरै भए पनि केही ठोस सहकारितामुखी सामूहिक कामहरूको थालनी भएको देखिन्छ ।

आज हाम्रो समाजमा जबर्जस्त उपभोक्तावादी र व्यक्तिवादी संस्कारले घर गरिरहेको छ । आदर्श र मानवीय मूल्यहरूको निकै ठूलो खडेरी देखा पर्दैछ । पहिलेका भातृभाव र सामूहिकताको भावनालाई बजारमुखी उपभोक्तावादी चिन्तनहरूले नष्ट गरिरहेका छन् । आदर्शको यति चर्को अनिकालमा कहीं कतै थोरै भए पनि कुनै आदर्शको आभास भेटिनु सबैको लागि जिज्ञासाको विषय नै हुन्छ । मधुबासाप्रति ध्यान तानिनुमा यिनै कुराहरूले भूमिका खेलेका छन् ।

### के हो मधुबासा ?

मधुबासा- जनकपुर अञ्चल, धनुषा


**हा**मीले यो अंकदेखि मूल्याङ्कनमा एउटा नयाँ स्तम्भ शुरू गर्न लागेका छौं- अध्ययन/अनुसन्धान ।

लुकिरहेका, छिपिरहेका अनेकौं सामाजिक यथार्थहरूलाई र प्रगतिशील प्रयोगहरूलाई गहिरो अध्ययन/अनुसन्धान गरेर समय समयमा पाठकहरूसमक्ष ल्याउनु नै यो स्तम्भको मुख्य उद्देश्य हो ।

समाजको आमूल परिवर्तनको निम्ति मरिमेटिरहेका जो-कोहीको निम्ति पनि अघि बढ्नको लागि अलिकता मात्र भए पनि ज्ञानको उज्यालो र विचार स्पष्टता दिन सक्यो भने यो स्तम्भ सार्थक हुनेछ ।

यस पटक हामीले अध्ययन/अनुसन्धानको निम्ति धनुषा जिल्लाको मधुबासा गाउँ रोजेका छौं । लामो समयदेखि यो गाउँको सामूहिक जीवनको बारेमा देशभित्र मात्र हैन, विदेशमा पनि चर्चा परिचर्चा चलिसकेको छ ।

पछौटे राजनीतिक चेतना स्तर भएको एउटा गाउँ भएर पनि मधुबासाले त्यस्ता केही राम्रा सामूहिक प्रयोगहरू गरेको छ, जुन अरू गाउँको निम्ति प्रेरणा र सिकोको विषय हुन सक्छ । गरीब अनपढ गाउँलेहरू मिलेर साहूको ऋणको समस्या कसरी हल गर्न सक्छन् ? कसरी उनीहरूले आपसमा मिलेर अनेकौं कुथिति र कुरीतिहरू हटाउन सक्छन् ? कसरी उनीहरूले सहकारीद्वारा आफ्नो जीवन उँभो लाग्ने थुप्रै काम गर्न सक्छन् ? अन्य गाउँहरूको



*इन्द्रबहादुर क्याप्छाकी र एण्ड्रयु बुल्मर*

# इन्द्रबहादुर क्याप्छाकीको प्रेरणाको स्रोत

**मधुबासामा अहिले प्रशंसनीय जे छ, त्यसका शुरुवातकर्ता इन्द्रबहादुर क्याप्छाकी मगर थिए । जीप दुर्घटनामा परेर उनको २०४४ सालमा मृत्यु भयो । तथापि गाउँलेहरु अहिले पनि उनलाई आफ्ना अगुवाका रुपमा श्रद्धा गर्छन् । उनको मृत्युपछि उनी सरहको नेतृत्व गाउँमा विकसित भएन । त्यसैले पनि गाउँलेहरुलाई उनको अभाव बेसी खट्किएको देखिन्छ ।**

**खोज्दै जाँदा इन्द्रबहादुर क्याप्छाकीको समाज सुधारको प्रेरणा स्रोत पूँजीवाद वा साम्यवाद कुनै पनि देखिएन । उनी २०२१ सालको भूमिसुधारले शुरु गरेको धर्म भकारी आन्दोलनबाट प्रभावित भएका रहेछन् । त्यसैबाट उत्प्रेरित भएर उनले गाउँमा धर्म भकारी शुरु गरेका रहेछन् । ❑**

जिल्ला, पुष्पलपुर गाविस वार्ड नं. ९ मा पर्ने चुरे पहाडको घाँचमा रहेको मगर जातिको बसोबास भएको एउटा सानो गाउँको नाउँ हो । यो भूगोलको हिसावले ८४ डिग्री पूर्व देशान्तर र २७ डिग्री ऊत्तर अक्षांशमा अवस्थित छ । यो जनकपुरबाट ३० कि.मि. उत्तर-पूर्व, ढल्केबरबाट ७.५ कि.मि. र काठमाडौंबाट बस-मार्गको हिसावले २ सय ९३ कि.मी. दक्षिण-पूर्वमा पर्दछ ।

जलाद र चमेनी दुई ठूल-ठूला खहरे खोलाहरूको बीचमा दक्षिणतर्फ मोहोडा भएको, प्राकृतिक सौन्दर्यले भरिएको मनोरम ठाउँ मधुबासाको नाम- मधु+बास बाट रहन गएको देखिन्छ, जसको अर्थ हुन्छ- माहुरीको घर ।

मधुबासाका स्वप्नद्रष्टा इन्द्रबहादुर क्याप्छाकी थिए । उनका हजुरबुवा वीरबहादुर क्याप्छाकी ठूला शिकारी थिए । उनीबाट प्रभावित भएर बेला बेलामा शिकार खेल्न आउने राणाहरूमध्ये त्यस क्षेत्रका बिर्तावाल गोविन्द शमशेर राणाले आफ्नो बिर्ताको जमीनमध्ये ५१ विगाहा जमीन वीरबहादुरलाई बक्सिस् दिएको इतिहास मधुबासामा आज पनि सुन्न पाइन्छ । यसो भएकाले मधुबासालाई "शिकारी टोल" पनि भनिन्छ ।

भनिन्छ, वीरबहादुर लगायत ७ घर क्याप्छाकी थरका मगरहरू वि.सं. १९९२ मा सिन्धुली जिल्लाको हतपते गाउँबाट तराई झरी त्यहाँ बसोबास गर्न थालेका हुन् । रहँदा-बस्दा आज मधुबासामा ५० घर पुगेको छ र जनसंख्या २ सय ५० छ । आज मधुबासामा क्याप्छाकी थरका मात्र हैनन्, विभिन्न थरका मगरहरू एकसाथ मिलेर बसेका छन् ।

मधुबासाको आज जुन "नाम" छ, त्यो २०२१ सालमा शिकारी वीरबहादुरका नाति इन्द्रबहादुर क्याप्छाकी मगरले "सानो सपना-साझा संस्थाको" नामक सहकारी संस्था स्थापना गरेपछिको हो ।

## के छ मधुबासामा ?

इन्द्रबहादुर क्याप्छाकी मगरले २०२१ सालमा मधुबासामा साझा-संस्था स्थापना गर्नु भन्दा पहिले त्यहाँका मानिसहरूले छिमेकी गाउँका साहू-महाजनकहाँ गई चर्को व्याजमा अनाज वा रूपियाँ लिनु पर्ने र साहूको ऋणमा डुब्दै जानु पर्ने बाध्यता थियो । तर साझा संस्था बनाएपछि संस्थाकै भकारीबाट अनाज सबैयाको हिसावमा लान सकिने भएकाले मधुबासा गाउँ ऋणबाट जोगिएको र अनावश्यक हैरानी एवं दमन, शोषणबाट उनीहरूले राहत पाएका रहेछन् । मधुबासावासी यो कुरा अहिले गौरवसाथ बताउँछन् ।

एक एक मन धान जम्मा गरी ३४.५ मन धान र ३५०/- भारूबाट शुरू गरिएको मधुबासाको सहकारी संस्थाको अहिले साझा सम्पत्ति धेरै नै भइसकेको छ । उनीहरूसित अहिले साढे तीन विगाहा सामूहिक खेत छ । ढल्केबरमा एउटा घडेरी छ । ७७.५ हेक्टर जमीनमा लगाइएको जंगलको संरक्षणको अधिकार प्राप्त छ । साथै इन्द्रबहादुरको पालादेखि अहिलेसम्म विभिन्न देशी-विदेशी, सरकारी-गैरसरकारी संघसंस्थाहरूको सहयोग र जनश्रमदानबाट निर्माण गरिएका योजनाहरू संस्थाकै स्वामित्वमा छन् ।

त्यहाँ विद्यमान योजनाहरूमा- गोबर ग्यास प्लान्ट, खानेपानी, नदी कटान नियन्त्रण, इनार, बृक्षारोपण, माछा पोखरी, बच्चा नुहाउने र पशुहरूले पानी खाने पोखरी, साझा पाहुना घर, गोदाम, शिशु स्याहार केन्द, साझा पसल, धान कुट्ने-पिस्ने मिल, ज्यासल, फलफूल खेती इत्यादि छन् । तर आज यी योजनाहरूमध्ये कतिपय चालू हालतमा छन् । कतिपय भने बन्द भइसकेका छन् ।

## पाहुना घर

मधुबासाको एउटा आकर्षण- त्यहाँको साझा पाहुना घर हो । पाहुना घर गाउँको शुरू प्रवेशद्वारमै छ । गाउँमा जो-जसका जे-जति पाहुना आउँछन्, ती गाउँका साझा पाहुना ठानिन्छन् । तिनलाई गाउँको गच्छे अनुसार स्वागत गरिन्छ । पाहुनाको मुख्य स्वागत सत्कार गाउँको नेताले गर्दछन्, लाग्ने खर्च पूरै गाउँले सामूहिक रूपले व्होर्छ ।

पहिले त थोरै पाहुना भए पनि पाहुना घरमै राखिन्थ्यो र सामूहिक रूपले पहुना खर्च व्होरिन्थ्यो । अहिले त्यो चलन हराएको छ । अब धेरै पाहुना आए मात्र पाहुना घरमा राखिन्छ । एक दुई जना आउँदा व्यक्तिगत रूपले तिनीहरूलाई सम्बन्धित मानिसको घर-घरमै राखिन्छ ।

## साझा शिशु स्याहार केन्द्र

हाल चालू रहेको मधुबासाको अर्को आकर्षक योजना- साझा शिशु स्याहार केन्द्र हो । बच्चाका आमाहरूलाई अन्य

तुलनामा मधुबासामा यस्ता केही उदाहरणीय सामाजिक प्रयोगहरू भएका छन्, जो नेपालका थुप्रै गाउँहरूको लागि कामलाग्दो विषय हुन सक्छ ।

हाम्रो देशका क्रान्तिकारीहरूमा सबै कुरा क्रान्तिपछि गर्ने भन्ने एउटा विचित्रको धारणा देखिन्छ । सामूहिकताको वकालत गरी हिंड्ने क्रान्तिकारीहरूले समेत यही धारणाको कारणले आ-आफ्नो प्रभाव क्षेत्रमा सामाजिक परिवर्तनको कुनै पनि ठोस कदम नचाली "हाम्रो हातमा सत्ता त आओस् अनि सबथोक गरौला" भनी बसेको स्थिति यत्रतत्र देख्न सकिन्छ । वामपन्थी बाहुल्य भएका कैयन ठाउँहरूमा समेत उत्पादन प्रणाली उस्तै छ, जनताको सांस्कृतिक स्तर उस्तै छ, कुरीति-कुथिति उत्तिकै छन्, नीति-निर्णय गर्ने प्रणाली ज्यूँका त्यूँ छन् ।

यो परिप्रेक्ष्यमा क्रान्तिकारीहरूले समाजको आमूल परिवर्तन गर्ने प्रक्रिया थाल्न यहीं र अहिल्यै के गर्न सक्छन् ? यसको सानो झल्को मधुबासाले दिएको छ ।

मधुबासाको यो अनुसन्धान मूल्याङ्कनको निम्ति डी. आर पोखरेलले गर्नु भएको हो । मधुबासाको विस्तृत स्थलगत निरीक्षणसमेत गरेर उहाँले तयार पार्नु भएको रिपोर्टका आधारमा मूल्याङ्कन सम्पादक मण्डलले यो सामग्री तयार गरेको हो ।

—— **मूल्याङ्कन**



## के गर्थे इन्द्रबहादुर क्याप्छाकी, गाउँमा कुरीति, कुथिति हटाउन ?

*गाउँमा जूवा-तास, जाँड-रक्सी, सुँगुर पालन हटाउन इन्द्रबहादुर क्याप्छाकीले मुख्य रुपमा गाउँ-सल्लाहको बाटो अप्नाउँथे । गाउँभरिका पुरुष-महिला, बालक-बुढा- सबै जम्मा गऱ्यो, अनि त्यहाँ प्रश्न उठाउँदै छलफल गऱ्यो । प्रश्न उठायो- हामी किन यति सारो गरीब भाको ? हाम्रो पैसा कहाँ कहाँ फजुलमै गइरहेछ ? सबभन्दा बेसी हाम्रो पैसा कहाँ खर्च हुन्छ, व्यर्थमा ? त्यो बचाउने उपाय के के छ ? सुँगुर पालेर हानी बेसी छ कि फाइदा बेसी ? आदि आदि ।*

*उनी एक दिन एउटा विषयमा सवाल उठाउँथे र त्यसको बारे सांगोपांगो छलफल गर्थे । हरेक कुरा गाउँलेहरुसित बसेर पूरापूर छलफल गरेर मात्र निर्णय गर्ने उनको पद्धति थियो । मधुबासामा त्यो पद्धति अहिले पनि बाँकी देखिन्छ । उनको गाउँ-सल्लाहमा महिला, पुरुष, बुढा, केटाकेटी सबैलाई भाग लिन लगाइन्थ्यो ।*

*देउताको मूर्तिलाई भोग दिने चलन हटाउन उनले अपनाएको तरीका निकै अनौठो छ ।*

*उनी देवीहरुसँग कुरा गर्छु भनेर एकान्त कोठामा पसे । केही दिन पूरै ध्यानमा बसे । बाहिर निक्लेपछि उनले गाउँलेहरुलाई बताए- "देवीले मलाई देवी देउताहरुलाई भोग नदिनू, त्यसको केही आवश्यकता छैन भनेर बताएकी छिन् ।" गाउँले जनतालाई विश्वास पनि भयो । यसरी त्यो चलन हट्यो ।*

स्रोत : इन्द्रबहादुर क्याप्छाकीका भतिजासितको कुराकानी

काम गर्ने फुर्सद निकाल्न यो शिशु स्याहार केन्द्रको विकास गरिएको हो । यसको स्थापनापछि आमाहरू फुर्सदिला भएका छन् । उनीहरूले घर बाहिर काम गर्ने अवसर पाएका छन् ।

यो केन्द्रमा अहिले २ देखि ५ वर्षसम्मका ३० जना शिशुहरू छन् । शिशु स्याहार केन्द्रको घर हेर्दा गोठ जस्तो भए पनि शिशु स्याहारको धारणा र योजना भने स्तरीय देखिन्छ । एक जना शिक्षिका र सेविकाले यो केन्द्रलाई चलाइराखेका छन् ।

### सामुदायिक वन

मधुबासाको सामुदायिक वन ७७.५ हेक्टर जमीनमा फैलिएको छ । यसमध्ये ३० हेक्टर प्राकृतिक वन छ, ३० हेक्टर कृषि वन छ र १७.५ हेक्टर साझा संस्थाले नै बृक्षारोपण गरेको सामुदायिक वन छ । मधुबासा र छिमेकी गाउँका मानिस राखी वन उपभोक्ता समिति बनाइएको छ । यो वन गाउँको साझा सम्पत्ति हो । वन यही प्रकारले हुर्कंदै गएमा र यसमा गाउँको साझा संस्थाको आफ्नै स्वामित्व भएमा मधुबासाको गरीबी हटाउन र जीवनस्तर माथि उकास्न यो वन एक्लैले पनि निक्कै ठूलो भूमिका खेल्न सक्ने देखिन्छ । तर कुनै पनि वन अहिलेसम्म साझा संस्थाको स्वामित्वमा छैन । साना किसान विकास आयोजनामार्फत् केयर (CARE NEPAL) नेपालले यसको ३० हेक्टर जमीनमा बृक्षारोपणको लागि आवश्यक सामान उपलब्ध गराएको रहेछ । यहाँ जम्मा ३२ हजार बिरूवा रोपिएका रहेछन् ।

### साझा धान कुट्ने मिल

गाउँ त्यत्ति ठूलो नभए पनि मधुबासाको आफ्नै नयाँ साझा धान कुट्ने पिस्ने मिल छ । यो मिलले गर्दा गाउँका महिलाहरूलाई निक्कै राहत पुगेको छ । यसले गर्दा उनीहरूले ढिकी र ओखलमा धान कुट्नु पर्ने र जाँतोमा अन्न पिँध्नु पर्ने झंझटबाट मुक्ति पाएका छन् । यो मिल गाउँलेहरू आफैं मिलेर आफ्नै बूतामा किनिएको हो ।

### सामुदायिक नदी कटान नियन्त्रण

माथि हामीले भनिसक्यौं, मधुबासा दुई ठूला खहरे खोलाको बीचमा छ । चूरे पहाडबाट निस्कनासाथ मधेशको फाँट भेटेका यी दुई खहरे खोलाहरूले मधुबासाका दुवैतर्फका होचो भागमा रहेका खेतबारी वर्षेनी बगाएर, कटान गरेर हैरान पार्दा रहेछन् । गाउँको कुल ८० हेक्टर जमीनमध्ये २५ हेक्टर जमीन यी खहरेहरूले बगाइसकेका रहेछन् । त्यसैले यो प्रक्रियामाथि नियन्त्रण गर्न त्यहाँ सिंगै गाउँ मिलेर हरेक वर्ष कटान नियन्त्रण कार्य चलाइएको छ । एक किलोमिटर कटान क्षेत्रमा पर्खाल लगाएर जमीनको संरक्षण गरिएको देखिन्छ ।

मधुबासाले यो योजनाको निम्ति बाहिरी सहयोग लिएको देखिएको छ । अक्सफाम नाम गरेको अन्तर्राष्ट्रिय गैरसरकारी संगठनले यसको निम्ति एक लाख ५५ हजार रूपैयाँ, कृषि विकास योजना जनकपुरले १ लाख ५० हजार रूपियाँ र जन श्रमदानबाट ३० हजार रूपैयाँ जम्मा गरेर यो योजना संचालन गरिएको रहेछ ।

### सामुदायिक इनार

मधुबासाले अहिले सामुदायिक इनारबाट आफ्नो खानेपानीको समस्या हल गरिरहेको छ । सन् १९८० र १९८२ मा गरी जम्मा दुई वटा इनार निर्माण गरिएका छन् । यी दुवै इनारहरू मधुबासा गाउँभन्दा झण्डै १ सय १० मिटर तल होचो भागमा खनिएका छन् । त्यसैले, त्यहाँको पानी गाउँका धारामा पुऱ्याउन पाइप र पम्पसेटको सहारा लिनु जरूरी रहेछ । अहिले खानेपानी योजनाको पम्पसेट बिग्रेको छ । त्यसैले गाउँका धारामा पानी आउँदैन । यो परिस्थितिमा गाउँका महिलाहरू घैंटो-गाग्रो बोकेर एक किलोमिटर टाढा यही सामुदायिक इनारमा पुगेर खानेपानीको बन्दोबस्त गर्छन् ।

यो इनार बनाउन कृषि विकास योजना जनकपुरले आवश्यक सामग्री उपलब्ध गराएको रहेछ । बाँकी जन श्रमदानबाट गरी कुल ३२ हजार एक सय ६० रूपैयाँको लागतमा सामुदायिक इनार निर्माण भएको रहेछ ।

शिशु स्याहार केन्द्रका बच्चाहरू र संस्थाका वर्तमान अध्यक्ष गिलाँसबहादुर क्याप्छाकी (दायाँ)



# जमुनीबास
# उज्यालोको अर्को झुल्का !

*नजर नगएको मात्रै हो- मधुबासाकै नजिकैको छिमेकी गाउँ जमुनीबासले मधुबासाको सकारात्मक र नकारात्मक दुवै अनुभवबाट पाठ सिकेर सहकारिताको क्षेत्रमा नयाँ ढंगले काम गर्न थालेको देखिएको छ ।*

*साहूको ऋण र शोषणबाट मुक्त हुन जमुनीबासले नयाँ सहकारी संस्था प्रारम्भ गरेको छ । त्यसको नाम राखिएको छ- गरीब कल्याण कोष । जमुनीबासको गरीब कल्याण कोषमा मधुबासाको भन्दा ६ गुना बेसी अर्थात् ३ सय ५० मन धान जम्मा भई सकेको छ । यसको स्वामित्वमा अहिले प्रारंभमै एउटा घडेरी भई सकेको छ र कोषमा केही हजार रुपैयाँ समेत जम्मा भई सकेको छ ।*

*जमुनीबासको थप विशेषता के देखिन्छ भने यहाँका आम जनता मधुबासामा भन्दा राजनैतिक रुपले बेसी सचेत र सजग देखिन्छन् । उनीहरुमा त्यहाँको सहकारिताले मूलतः आफ्नै खुट्टामा उभिनु पर्छ, यो स्वायत्त हुनु पर्छ र यसले कोशेली विकास खोज्नु हुँदैन भन्ने सजगता पनि भेटिन्छ ।*

*उन्नत वैज्ञानिक चेतना ग्रहण गरेर सामाजिक सांस्कृतिक आन्दोलन चलाउँदै, आफ्नो गाउँका कुथिति कुरीतिहरु मिल्काउँदै अघि बढेमा जमुनीबास छिट्टै उज्यालोको अर्को झुल्काको रुपमा झुल्किने टड्कारो संभावना छ । त्यो स्थितिमा यो मधुबासा भन्दा पनि अघि बढ्न सक्छ ।* □



जमुनीबासको सहकारी-
"गरीब कल्याण कोष"
भकारी नं. १
(भकारी अगाडि
आशबहादुर गुर्माछाने)

## अन्य सामुदायिक योजना र कामहरु

मधुबासाको आफ्नै साझा माछा पोखरी छ । माछा पोखरी वार्षिक १६ सय रूपियाँमा ठेक्कामा दिइएको रहेछ ।

साझा संस्थाको आफ्नै साझा भकारी छ । यस भकारीमा अहिले ५० मन धान छ । गाउँलेहरू यो भकारीबाट धान सापटी लान सक्छन् । यसका निम्ति उनीहरूले कुनै साहूको घर धाउनु पर्दैन । यो साझा भकारीबाट वर्षको एक पटक अन्न बाँड्ने व्यवस्था छ । अन्न आवश्यकता अनुसार दिइन्छ । कसैले ४ पसेरी धान लगेको छ भने मंसिरमा ५ पसेरी धान साझा संस्थामा ल्याएर बुझाउनु पर्दो रहेछ ।

मधुबासामा धनी, गरीब दुवैथरि मानिसहरू रहेछन् । तर त्यो गाउँमा एउटा अनौठो विशेषता के पाइयो भने- त्यहाँ व्याजमा ऋण लाउने चलन भने रहेनछ । त्यहाँका मानिसहरूले बाहिरिया वा छिमेकी गाउँबाट ऋण लिन नपाउने नियम रहेछ ।

मधुबासाको आफ्नै साझा पसल छ र ज्यासल पनि । बच्चाहरूको नुहाउने पोखरी साझा छ । त्यस्तै पशुहरूको पानी खाने पोखरी पनि । गाउँको आफ्नै नर्सरी पनि छ । यी सबै साझा संस्थाको स्वामित्वमा छन् । बैंकमा साझा संस्थाको आफ्नै खाता पनि छ । त्यहाँ केही रूपियाँ बचत छ ।

मधुबासाको ५ सय घनमिटर क्षमताको गोबर ग्यास प्लान्ट भने अहिले बन्द अवस्थामा छ । ७ वटा सडक-बत्ती बाल्नको लागि बनेको यो प्लान्ट सन् १९८१ मा निर्मित भएको थियो । तीन चार वर्ष चलेपछि गाउँले धान्न नसक्ने यो विकास योजना प्राविधिक सक्षमता र जनचेतनाको अभावले गर्दा बन्द भयो । अहिलेसम्म पनि यो बन्द हालतमा छ । यूनाइटेड मिशन टू नेपाल, यू.एस.एड. र साना किसान विकास आयोजनाको सहयोगमा ६६ हजार १ सय ५ रूपियाँको लागतमा यो तयार भएको थियो । अहिले यो बन्द भएपछि मधुबासा फेरि बेलुकी उज्यालोको लागि लालटिन, डिबिया र ढिब्री बत्ती बाल्न बाध्य भएको छ ।

मधुबासामा असफल भएको अर्को आयोजना खानेपानी आयोजना हो । माथि पनि उल्लेख भएको यो योजना गाउँभन्दा तल्लो होचो भागमा खनिएका दुई वटा इनारबाट पम्पसेटद्वारा पानी तानी ३ घनमीटर क्षमता भएको ट्यांकीमा जम्मा गर्ने र त्यहाँबाट पाइपद्वारा ४ सय ८० मिटरको दूरीमा रहेको गाउँको धारासम्म पानी पुऱ्याउने लक्ष्य लिएर तयार भएको थियो । तर पानी तान्ने इन्जिन पम्पसेट बिग्रिएकोले र जंगलमा आगलागी हुँदा पाइप डढेकोले यो योजना पनि अहिले बन्द हालतमा छ । यसको परिणाम के भएको छ भने- गाउँका धारा अहिले सुख्खा अवस्थामा छन् । बच्चाहरू नुहाउने पोखरी र गाईवस्तुले पानी खाने पोखरी सुख्खा भएका छन् । महिलाहरूले पानी लिन १ किलोमिटर टाढा पुग्नु पर्ने हालत फेरि पैदा भएको छ ।

मधुबासामा भएका मुख्य मुख्य सहकारी योजनाहरू यिनै हुन् ।

मधुबासामा यस प्रकार थुप्रै कुरा साझा छन् । तर यो सम्झनु गलत हुनेछ कि त्यहाँ सबै कुरा साझा छन् । मधुबासामा सामूहिक जमीन ३.५ बिगाहा मात्रै छ । त्यहाँ काम गर्नको लगि पूरै गाउँलाई ४ ग्रूपमा बाँडिएको छ । गाउँको नेताबाट प्राप्त आफ्नो जिम्मेवारी अनुसार प्रत्येक ग्रूपले सामूहिक जमीनमा सामूहिक ढंगले खेती गर्छ । त्यसबाट आएको अनाज सामूहिक गोदाममा राखिन्छ । यो सामूहिक जमीन बाहेक बाँकी सबै जमीन मधुबासामा निजी नै छ । घरबारी सबै निजी छन् ।

सबै नेपाली गाउँमा जस्तै त्यहाँ पनि थोरै धनी र धेरै गरीब छन् । ७ घर क्याप्छाकीहरू धनी देखिन्छन् । उनीहरूका घर पनि पक्की छन् । कसैको त जनकपुरमा पक्की घर र कार समेत भएको कुरा गाउँलेहरू बताउँछन् । मधुबासाको जम्माजम्मी निजी जमीनमध्ये ७० प्रतिशत यिनै क्याप्छाकी परिवारको स्वामित्वमा देखिन्छ । बाँकीको हातमा ३० प्रतिशत मात्र जमीन देखिन्छ । अझ ९-१० घर त त्यहाँ सुकुम्वासी छन् । त्यसैले सम्पत्तिको वितरणमा असमानता मधुबासामा पनि टड्कारै देखिन्छ ।

मधुबासामा निजी जमीनमा मात्र ज्यामी लाउने चलन छ । तर ज्यामीको ज्याला दैनिक रू १२/- मात्रै छ । यो स्थितिलाई लिएर छिमेकी गाउँका मानिसहरू भन्दारहेछन्- "मधुबासाको नाउँ मात्रै ठूलो हो, त्यहाँभित्र क्याप्छाकीहरूकै राज छ । अरू त क्याप्छाकी परिवारको खेतमा काम गरिदिने सस्ता खेताला मात्रै हुन् ।"

त्यसैले वर्ग विभेद मधुबासामा ज्यूँका त्यूँ बाँकी छ । यो कुनै धनी गरीबको अन्तर मेटिसकिएको गाउँ पनि होइन । पक्की घर र थोत्रा गोठ जस्ता झुपडीहरू दुवै मधुबासामा देख्न पाइन्छ । राम्रा लुगा लगाउनेहरू र धुजा कपडा लाउने कटाकेटीहरू दुवै त्यहाँ देख्न पाइन्छन् ।

यस प्रकार, मधुबासालाई बुझ्दा यसको दुवै पाटो बुझ्नु जरूरी छ । यसका राम्रा पाटाहरू मात्र बुझ्नु वा

नरामा पाटाहरू मात्र बुझ्नु वास्तविकताको एकांकी चित्रण मात्रै हुनेछ ।

मधुबासाको प्रशंसनीय पाटो भनेको यसले चलाएको सहकारी आन्दोलन हो । सिंगै गाउँ मिलेर यसले थालेका साझा हितको साझा कामहरूले गर्दा नै मधुबासा यति धेरै चर्चित भएको हो । हाम्रा औसत गाउँहरूमा त्यस्तो सहकारिताको कुनै सचेत र संगठित आन्दोलन भेटिंदैन, जुन मधुबासामा भेटिन्छ । यही सहकारिता नै मधुबासाको विशिष्ट चिनारी हो । सहकारिता झिकिदिने हो भने मधुबासा पनि तपाईं हाम्रै जस्तो एउटा साधारण गाउँ हो ।

## सामाजिक/सांस्कृतिक सुधारहरू

पुराना खराब थिति रीतिहरू छोड्ने र नयाँ राम्रा थितिहरू चलाउने कुरामा पनि मधुबासामा भएका सुधारहरू घतलाग्दा छन् ।

मगरहरू स्वभावैले जाँड रक्सी मन पराउने जनजाति हुन् । तर मधुबासा मगर वस्ती भएर पनि यहाँ जाँड रक्सी खाने र बनाइने प्रचलन बन्द भएको देखिन्छ । इन्द्रबहादुर क्याप्छाकीको अगुवाइमा गाउँलेहरूले छलफल गरेर जाँड रक्सी खाने र बनाउने चलन छोडेको कुरा गाउँलेहरू बताउँछन् । अहिले पनि गाउँमा कुनै भट्टी भेटिंदैन । घर-घरमा समेत जाँड रक्सी बनाउन निषेध छ ।

गाउँमा कोही पनि तास जूवा खेलिरहेको भेटिन्न । तास जूवा पनि यो गाउँबाट बिदावारी भइसकेको देखिन्छ । सबै मानिसहरू आ-आफ्ना काममा तल्लीन भेटिन्छन् । सबैको श्रमप्रतिको अगाध प्रेम यो गाउँको एउटा विशेषताझैं देखिन्छ ।

सुँगुर पाल्दा वातावरण फोहोर हुन्छ र यो निक्कै खर्चिलो जनावर हो भनेर उनीहरूले सुँगुर पाल्न छोड्ने निर्णय गरेको पनि उल्लेखनीय देखिन्छ ।

मधुबासावासीहरूले फजूल खर्चका मामिलामा पनि निकै राम्रा सुधारहरू गरेका देखिन्छन् । उनीहरू चाँडवाडमा पनि फजूल खर्च नगर्ने मामलामा निकै सचेत देखिन्छन् ।

"दशैं हामी दुई दिन मात्रै मनाउँछौं, त्यो पनि थोरै खर्च गरेर"- मधुबासाका गाउँलेहरू बताउँछन् । विवाहमा पाँच भाइ पंच र बाहुन दुल्हा गरेर ७ जना मात्र जन्ती जाने चलन इन्द्रबहादुर क्याप्छाकीले चलाएका रहेछन् । अहिले त्यसलाई २१ जना बनाइएको रहेछ । कुनै पनि सामाजिक कुरीतिहरूलाई मधुबासावासीहरूले अस्वीकार गर्दा रहेछन् ।

मधुबासाको निर्णय गर्ने पद्दति निकै प्रजातान्त्रिक रहेछ । गाउँको कुनै पनि विषयमा निर्णय गर्नु पर्दा गाउँभरिका सम्पूर्ण बालबालिका, महिला, पुरूष र भद्रजनहरूको सभा राखेर निर्णय गर्ने पद्दति त्यहाँ रहेछ ।

गाउँमा ब्याजमा ऋण लाउने र गाउँ बाहिर कसैकहाँ गएर ब्याजमा ऋण ल्याउने चलन बन्द गरिएको रहेछ । आफूलाई गाह्रो साँघुरो पर्दा साझा सहकारीबाट त्यसलाई टार्ने प्रचलन त्यहाँ चलाइएको रहेछ ।

गाउँमा तास-जूवा खेल्ने, अनावश्यक होहल्ला गर्ने कुरा निषेध भएकाले गाउँलेहरू नाचगान र बजानबाट मनोरञ्जन लिने गर्दा रहेछन्, रेडियो, क्यासेट सुन्ने पनि गरिंदो रहेछ ।

शिक्षाको लागि गाउँमा पाँच कक्षासम्म पढ्ने व्यवस्था भएको एउटा सरकारी पाठशाला रहेछ ।

पहिले गाउँलाई चाहिने सबै दक्ष जनशक्ति बाहिरबाट ल्याउनुको सट्टा गाउँबाटै निकाल्ने र तिनलाई तालीम लिन बाहिर पठाउने चलन रहेछ । हजाम र शिक्षक समेत पहिले यसरी तयार गरिएका रहेछन् । तर अहिले भने यो आत्मनिर्भरताको नीति छोडिएको देखिन्छ ।


## सरकारी-गैरसरकारी संस्थाको भूमिका

मधुबासाको भ्रमणमा गएका जो कोहीले पनि "यूनाइटेड मिशन टू नेपाल" का प्रतिनिधि ब्रिटिश नागरिक एण्ड्यु बुल्मर र कोबी बुल्मरको हस्ताक्षर भएको फोटो किताब "सानो कल्पना-साझा संस्थाको, नयाँ उपलब्धि एउटा समाजमाः सानो दृष्टि १९७४-१९८४" देखेकै हुनु पर्छ । यिनै बुल्मरले ६ वर्ष मधुबासा बसी "सानो सपना-साझा संस्थाको" डिजाइन गरेको देखिन्छ ।

एण्ड्यु बुल्मर मधुबासामा कसरी पुगे ? कसरी उनी मधुबासातिर आकर्षित भए ? थाहा पाइएको छैन । तर केही मानिसहरू भन्छन्- श्याम अधिकारीद्वारा लिखित पुस्तक Madhubasa Shows The Way अर्थात् "मधुबासाले बाटो देखाउँछ" ले नै

कक्षा पाँचसम्म पढाइने पाठशाला भवन





विदेशी संस्थाहरूलाई मधुबासातर्फ तान्ने काम गर्‍यो । यसै गरी २०३५ सालतिर गोरखापत्रमा मधुबासाबारे किशोर नेपालले लेखेको टिप्पणीले पनि सरकारी, गैरसरकारी संस्थालाई मधुबासामा भित्र्याउने सवालमा भूमिका खेलेको बताइन्छ ।

त्यसपछि एक एक गरी सरकारी, गैरसरकारी संस्थाहरू मधुबासामा प्रवेश गर्न थाले । इन्द्रबहादुर क्याप्छाकीले स्वस्फूर्त रूपमा मधुबासामा थालेका समाज सुधारका कदमहरूलाई यी सरकारी, गैरसरकारी संस्थाहरूले पुट दिन थाले । यिनीहरूले मधुबासाको जनताको "भलाइ" गर्न त्यहाँ पैसा ओइर्‍याउन थाले । तर यिनै संस्थाहरूले आत्मनिर्भरता र सहकारिताको बाटोतिर लम्केका मधुबासाका जनतालाई "कोशेली विकास" पर्खेर बस्ने बानी सिकाए । आफ्नै खुट्टामा उभिएर हरेक कुरा गर्ने मधुबासाका जनतालाई यिनीहरूले अरूको मुखापेक्षी बनाउने, बाहिरबाट सहायता आए मात्र काम गर्ने लाचार छायाँको रूपमा विकास गर्न खोजे ।

यसैबीच २०४२ सालतिरको कुरा हो, राजा वीरेन्द्र मधुबासा आउने कुरो चल्यो । यो चर्चा चलेपछि कृषि विकास बैंक र साना किसान विकास आयोजनाले मधुबासामा अन्धाधुन्ध ऋण बाँडे । घरघरमै बाखा र भैंसी पुर्‍याए । फलफूल र माछा पालनको लागि ऋण बाँडे । तर राजा अन्ततः मधुबासा आएनन् । उनले जनकपुरमै इन्द्रबहादुर क्याप्छाकीलाई डाकेर भेटे ।

यसरी यहींबाट मधुबासा ऋणमा फस्न थाल्यो । अहिले मधुबासाको साझा संस्थालाई ६० हजार ऋणले थिचिसकेको छ । मधुबासाका ५० घरमध्ये ३५ घर परिवार ७ लाख ऋणमा डुबेका छन् । भनिन्छ, मधुबासाले आफ्नो पुरानो धान कुट्ने मिलको समेत ऋण तिर्न सकेको छैन ।

यता २०४४ सालमा मधुबासाको

समाज सुधार आन्दोलनका नेता इन्द्रबहादुर क्याप्छाकीको गाडी दुर्घटनामा परेर अकस्मात मृत्यु भयो। गाउँमा त्यसपछि नेतृत्वको समस्या पनि देखा पर्‍यो।

त्यतिखेर कोशेली विकासको उपहार लिएर गएका सरकारी, गैरसरकारी संस्थाहरू कोही पनि अहिले मधुबासामा फर्केर गएका छैनन्। त्यतिखेर "जनजातिको उत्थान गर्न गएका" गैरसरकारी संस्थाहरू अहिले त्यता फर्केर पनि हेर्दैनन्। साझा संस्थाले बृक्षारोपण गरेको जंगलमा समेत अहिले साझा संस्थाको नाम छैन।

यसरी मधुबासालाई आर्थिक र आत्मिक दुवै हिसाबले बर्बादीतिर धकेल्ने र तहसनहस गर्ने भूमिका सरकारी, गैरसरकारी संस्थाहरूले खेलेको देखिन्छ। यिनीहरूले मधुबासालाई सही बाटो देखाउनुको सट्टा पथभ्रष्ट गर्ने काम गरेका छन्।

मधुबासाका गाउँलेहरूले हामीलाई बताए- इन्द्रबहादुरको समयमा देशी-विदेशी, सरकारी-गैरसरकारी संघ संस्थाहरूले आर्थिक सहयोग जुटाएका थिए। नयाँ कुरा थियो, जोश जाँगर थियो। त्यस्तो भएकाले धेरै विकास भएको जस्तो देखिएको थियो। तर अहिले कसैले एक सुका सहयोग पनि गरेको छैन। विदेशी-स्वदेशी कुनै संस्थाहरू पनि अहिले मधुबासा आएका छैनन्। अहिले हामी आफ्नै खुट्टामा उभिएर नयाँ मील किन्यौं। पाहुना घर ठूलो बनायौं। गोदाम ठूलो बनायौं र नदी कटान नियन्त्रण गर्ने कार्य गरिरहेका छौं।

साझा संस्थाका भूपू व्यवस्थापकले हामीलाई भने- "हामी आत्मनिर्भर त हुँदैछौं। तर हामीसित असल नेतृत्व भने पैदा भइसकेको छैन।"

## सम्भावना

मधुबासामा सबैभन्दा खडेरी भेटिन्छ- वैज्ञानिक समाजवादी चेतनाको र वैचारिक नेतृत्वको। वैज्ञानिक चेतनाको सानो झिल्को मात्र पनि मधुबासामा प्रवेश गर्ने हो भने मधुबासा आमूल परिवर्तनको दिशातिर लम्किन सक्ने सम्भावना छ। त्यहाँका जनता असाध्यै मिहेनती छन्। श्रमलाई तिनीहरू निकै आदर गर्छन्। सहकारिता र संगठन त उनीहरूको स्वभाव नै बनिसकेको छ। उनीहरू निकै अनुशासित देखिन्छन्। आवश्यकता छ- वैज्ञानिक नेतृत्वको। यो विकास गर्ने हो भने मधुबासा फेरि लहलहाएर उठ्ने सम्भावना छ।

मधुबासामा अहिले तत्कालको मौलिक आवश्यकता बिजुलीको र बनको स्वामित्वको हो। बिजुली मधुबासाको एक किलोमिटर नजिकैबाट जान्छ तर मधुबासा भने टुकीकै युगमा बाँचिरहेको छ। बिजुलीका लागि त्यहाँका जनताले सरकारसित संघर्ष गर्नु जरूरी छ। बिजुली पाउने हो भने मधुबासाको अनुहार कुनै बाहिरी सहयोग बिना नै तुरून्तै फेरिनु सम्भव छ। बिजुली हुने बित्तिकै त्यहाँको थन्किरहेको पम्पसेट फेरि चालू हुन सक्छ। गाउँभरि पानी पुग्न सम्भव छ। साना साना उद्योग व्यवसाय शुरू हुन सम्भव छ। कृषि र गैरकृषि दुवै क्षेत्रमा उत्पादन बढ्नु सम्भव छ।

आफैंले बृक्षारोपण गरेको सामुदायिक बनको स्वामित्व मधुबासाको साझा संस्थाको नाममा हुने हो भने कसैको आर्थिक सहायता नभए पनि यहींको काठ मात्रैले पनि मधुबासा सम्पन्न हुन सम्भव छ। त्यसको बिक्रीले त्यहाँको जीवनस्तरमा राम्रो सुधार हुनु सम्भव छ।

यस बाहेक मधुबासामा पर्यटन, माहुरी पालन र बाखा पालनको निकै राम्रो गुन्जाइश छ।

## मधुबासाबाट के सिक्नु पर्छ ?

मधुबासाबाट सिक्ने कुरा धेरै छन्।

सर्वप्रथम, समग्र समाजले नै मधुबासाबाट सामुदायिक भावना र सहकारिता सिक्नु जरूरी छ। नेपालमा वैज्ञानिक समाजवादका पक्षधरहरूले यसबारे धेरै पहिलेदेखि नै नारा दिंदै आएका हुन्। तर नारा थाहा नपाइकनै मधुबासाले यहीं र अहिल्यै आफूलाई सहकारिता र सामुदायिकतातर्फ उन्मुख गराएको छ। जमीनको खण्डीकरण र उत्पादनमा लगातार ह्रासको समस्याले ग्रस्त नेपालमा अनगिन्ती गाउँहरूको लागि मधुबासाको सहकारिता उदाहरणको विषय हुन सक्छ। यदि समाजवादी चेतनाको मिलन यो पहलसित हुन सक्यो भने यसले रूसको सोभियत र चीनको जन कम्युनको प्रारम्भिक भ्रुणको आभाष दिन सक्छ।

परिवर्तनको सारा काम क्रान्तिपछि मात्र गर्ने हो र सबै कुरा केन्द्रीय सत्ता हातमा आएपछि मात्र गर्ने हो भनेर आफ्नो प्रभाव क्षेत्रमा पनि केही नगरी क्रान्तिको सुनौला दिन पर्खेर बस्ने नेपाली वामपन्थी आन्दोलनलाई मधुबासाले क्रान्तिकारी परिवर्तनको शुरू प्रक्रिया यहीं र अहिल्यै पनि थाल्न सकिन्छ भनेर गतिलो पाठ सिकाएको छ। यद्यपि, यस्ता सुधारका कामहरू गर्दै गएमा स्वतः क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने भ्रम चाहिं रहनु हुन्न। क्रान्ति सम्पन्न गर्नको लागि केन्द्रीय सत्तामा नै आमूल परिवर्तन र कब्जा हुनु जरूरी छ। तर त्यो संभव नहुञ्जेल हात बाँधेर बस्ने होइन, क्रान्तिको अभिन्न अंगको रूपमा सुधार र परिवर्तनकारी काम आ-आफ्नो क्षेत्रमा अहिलेदेखि नै प्रारम्भ गर्नु जरूरी छ र त्यो गर्नु बिलकुलै सम्भव पनि छ। मधुबासाले यही देखाएको छ।

समाजमा विद्यमान कैयन कुरीतिहरू प्रयत्न गरे यहीं र अहिल्यै खत्तम पार्न सकिन्छ, यो पनि मधुबासाले सन्देश जारी गरेको छ।

मधुबासाबाट सरलता सिक्नु जरूरी छ। पिछडिएको जनजाति भएकाले मात्र उनीहरू सरल भएका हैनन्। सही गलत जे भए पनि उनीहरूसित एकात्मक गन्तव्य छ र त्यसप्रति इमान्दारिता छ। त्यसैले उनीहरूलाई सरल बनाएको छ। वैज्ञानिक चेतनाको जग बसाल्न यो अत्यावश्यक पूर्वाधार हो।

अरूबाट उपहारमा आएको कोशेलीबाट विकास खोजियो भने के हुँदो रहेछ, त्यो नकारात्मक पाठ पनि मधुबासाले सिकाएको छ। विकास मुख्य रूपले आफ्नै बूता र संघर्षद्वारा खोजिनु पर्छ, अर्काको बूता र भरमा होइन, यो सन्देश मधुबासाले पूरै देशलाई संचार गरेको छ।

### सहयोगी सन्दर्भ स्रोतहरु

१) मधुबासा "सानो कल्पना- साझा संस्थाको"- फोटो किताब १, २
एण्ड्रयु बुल्मर, United Mission To Nepal का प्रतिनिधि।

२) मधुबासा: "सामुदायिक भावनाको एक नमूना" गोरखापत्र २०३५ साल कार्तिक ५ किशोर नेपालद्वारा लिखित लेख।

३) हाम्रो गाउँघर "मधुबासाको परिचय", नेपाल टेलिभिजनको कार्यक्रम, मंसिर ४, २०५२ साँझ ६ बजे।

४) गिलाँसबहादुर क्याप्छाकी, वर्तमान साझा संस्थाका व्यवस्थापक/लोकेन्द्रबहादुर क्याप्छाकी, निवर्तमान साझा संस्थाका व्यवस्थापक/सिंहबहादुर आले, वर्तमान साझा संस्थाका सदस्य/बलबहादुर गुर्माछाने, एक वामपन्थी समाजसेवी/आशबहादुर गुर्माछाने, एक वामपन्थी समाजसेवी/गणेश जर्घा, एक वामपन्थी समाजसेवी आदिसितको कुराकानी।

५) "मधुबासा- एक झलक" शिवबहादुर शुसलिङ्ग मगरद्वारा लिखित पुस्तिका, सिराहा

६) Madhubasa Shows The Way- श्याम अधिकारीद्वारा लिखित पुस्तक।

७) मधुबासा एक अध्ययन- अनेकिसंघ, नुवाकोटद्वारा प्रकाशित पुस्तिक। ❑

फोटोहरु: लेखक स्वयं

मधुबासाका महिलाहरू डोकोमा मल भर्दैछन्





क. लुडो मार्टिन

# बेल्जियममा कम्युनिष्ट आन्दोलन यसरी बढ्दैछ

विवेक प्रधान

झण्डै एक करोड जनसंख्या भएको बेल्जियम पश्चिमी यूरोपको एउटा सानो मुलुक हो। देश सानो भए पनि यसको महत्त्व भने सानो छैन।

जर्मनीको पश्चिमपट्टि, नेदरल्याण्डको दक्षिणपट्टि, फ्रान्स र लक्जम्वर्गको उत्तरपट्टि रहेको यो मुलुक पश्चिमी यूरोपको केन्द्रीय भागमा रहेको छ। त्यसैले, रणनैतिक र व्यापारिक हिसावले यो निकै महत्त्वपूर्ण ठाउँ मानिन्छ। यही कारणले साम्राज्यवादी मुलुकहरूको सैनिक संगठन NATO को केन्द्रीय कार्यालय यहीं रहेको छ। यूरोपेली मुलुकहरूमा हुने महत्त्वपूर्ण सम्मेलनहरू यहीं आयोजित हुन्छन्।

यो नेपाल जस्तै संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्र भएको अति विकसित पूँजीवादी मुलुक हो। यो पश्चिमी यूरोपको व्यापारिक केन्द्र हो। देश निकाला हुँदै जाने सिलसिलामा वैज्ञानिक समाजवादका प्रवर्तक कार्लमार्क्स एक पटक केही समय ब्रुसेल्समा रहनु भएको थियो, जुन यसको राजधानी हो।

९६ प्रतिशत जनता शहरी क्षेत्रमा बस्ने यो मुलुकमा जनसंख्याको सबैभन्दा ठूलो भाग उद्योग, व्यापार र सेवा क्षेत्रमा काम गर्ने मजदूरहरूको छ। झण्डै ५९ प्रतिशत जनसंख्या यही क्षेत्रमा कार्यरत मजदूर छन्। तसर्थ, यहाँको मुख्य आन्दोलन भनेकै मजदूर आन्दोलन हो। बेलायतपछि औद्योगिक क्रान्ति भएको दोस्रो मुलुक बेल्जियम नै हो। यहाँको मजदूर आन्दोलनको इतिहास, त्यसैले निकै लामो छ। विश्वमा औद्योगिक सर्वहारा वर्ग सबभन्दा पहिले विकसित भएका मुलुकमध्ये बेल्जियम एउटा प्रमुख मुलुक हो।

बेल्जियमका संपूर्ण मजदूर वर्ग ट्रेड यूनियनहरूमा संगठित छन्। यहाँ दुई प्रमुख ट्रेड यूनियनहरू छन् : क्रिश्चियन डेमोक्रेट र सोसल डेमोक्रेट। दुईटै ट्रेड यूनियन सुधारवादी ट्रेड यूनियनहरू हुन्। दुवै राजनीतिक पार्टीसित संबद्ध ट्रेड यूनियन हुन्। अर्थतन्त्रको संपूर्ण क्षेत्रमा दुवै ट्रेड यूनियनको आफ्ना शाखा प्रशाखाहरू छन्।

क्रान्तिकारी मजदूरहरू यिनै दुई ट्रेड यूनियनभित्र घुसेर काम गरिरहेछन्। उनीहरूको अलग्गै राष्ट्रिय ट्रेड यूनियन छैन। दुवै ट्रेड यूनियनमा क्रान्तिकारी र प्रगतिशील मजदूरहरूमाथि दमन हुने गर्छ। जहाज निर्माण, कोइला र खानी क्षेत्रमा काम गर्ने मजदूरहरूले हडताल गरेको बेला हडतालका लोकप्रिय अगुवाहरूलाई ट्रेड यूनियनबाटै निस्काशित गरेका केसहरू यहाँ थुप्रै भेटिन्छन्।

मजदूरहरूको यही आन्दोलनको बीचबाट सन् १९२१ मा बेल्जियम कम्युनिष्ट पार्टीको जन्म भयो। दोस्रो विश्व युद्धमा नाजीहरूसित लड्ने मामलामा यो पार्टीले निकै राम्रो भूमिका निभायो। त्यतिखेर यो निकै लोकप्रिय पनि भयो। तर जब यो पूँजीपति वर्गसित मिलेर सन् १९४४ मा "राष्ट्रिय पुनर्निर्माण सरकार" मा सरीक भयो, यो झन् झन् संशोधनवादी र सुधारवादी हुँदै गयो। यो जनतामा बदनाम हुँदै गयो। यसको संगठनात्मक प्रभाव पनि घट्दै गयो।

यो पार्टीले पछि गएर तात्कालीन सोभियत संघको कम्युनिष्ट पार्टीसित पनि दूरी बढाउँदै लग्यो। यसले यूरो-साम्यवादको वकालत गर्न थाल्यो। यूरो- साम्यवादले पूँजीवादी राज्य व्यवस्थालाई क्रान्तिद्वारा बलपूर्वक खत्तम गरेर सर्वहारा अधिनायकत्व भएको समाजवादी व्यवस्था ल्याउने कार्यदिशालाई अस्वीकार गर्छ। यसले पूँजीवादी संसदको संसदीय बाटो अपनाएर शान्तिपूर्ण प्रतिस्पर्धाद्वारा नै समाजवादमा पुग्न सकिने विचारको वकालत गर्छ। र, समाजवादमा पनि सर्वहारा वर्गको अधिनाकत्वको सट्टामा बहुदलीयता र संसदीय व्यवस्था कायम गर्ने कुराको पक्षपोषण गर्छ।

यसले लिएको यो बाटोको कारणले पूँजीवादी पार्टी र समाजवादी जनवादी पार्टीहरूसँग यस पार्टीको कुनै तात्विक भेद बाँकी रहेन। फलस्वरूप यसको प्रभाव क्षेत्र घट्दै गएर सन् १९७७ को संसदीय चुनावमा यसले संसदमा जम्मा दुई सीट ल्यायो। १९८५ मा पुग्दा यसले त्यो दुई सीट पनि गुमायो। १९८७ को चुनावमा पनि यसले संसदीय चुनावमा कुनै सीट ल्याउन सकेन। त्यतिखेर यसले जम्मा ५० हजार मत मात्र पाउन सक्यो। सन् १९९० मा यसले आफ्नो नाम फेर्‍यो र बेल्जियम कम्युनिष्ट संघ (Belgium Communist Union) नाम राख्यो।

भनिन्छ, अहिले यो पार्टीको पार्टी-सदस्यता पाँच हजार भन्दा पनि कम भएको छ। यस पार्टीका नेता लुइस भान गेइट (Louis Van Geyt) छन्, जो त्यस पार्टीका अध्यक्ष हुन्।

बेल्जियमको अर्को चर्चित कम्युनिष्ट पार्टी बेल्जियम श्रम पार्टी BELGIUM PARTY OF LABOUR (PTB) हो। त्यहाँको पहिलेको कम्युनिष्ट पार्टीले संसदीय बाटो समातेर पथभ्रष्ट भएकाले सन् १९८९ मा यो नयाँ पार्टीको स्थापना भएको हो। यस पार्टीका नेता लुडो मार्टिन हुन्।

यो पार्टी १९६० को दशकको विद्यार्थी आन्दोलन र १९७० को वृहद् वृहद् खानी मजदूरहरूको हडतालबाट विकसित भएको हो। शुरूमा यसले "संपूर्ण शक्ति मजदूरहरूलाई" भन्ने आन्दोलनको नामबाट आफूलाई परिचित गराएको थियो। तर पछि १९७९ मा यो पार्टीको रूपमा स्थापित भयो।

यो पार्टी अर्द्ध-भूमिगत तरीकाले काम गर्दैछ। प्रायःजसो सबै उद्योगहरूमा यसले आफ्नो सामूहिकी (Collectives) बनाएको छ। माथि भनिएका दुवै राष्ट्रिय ट्रेड यूनियनहरूमा यसले भूमिगत तवरले काम गर्दैछ।

यो पार्टीले मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ र माओका विचारहरूलाई पनि सम्मान गर्दछ। यो पार्टीले बेल्जियम कम्युनिष्ट संघले अपनाइरहेको यूरो-साम्यवादको विरोध गर्छ। बेल्जियममा समाजवादी क्रान्तिद्वारा समाजवादको स्थापना नै यसको मुख्य तात्कालिक कार्यक्रम

**यो पार्टीले मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ र माओका विचारहरुलाई पनि सम्मान गर्दछ।**



*बेल्जियमकी कम्युनिष्ट नेतृ क. लोना डे शेपर*



PTB का एक नेता क. गोदरीस गीर्ट, जो गत २०४९ माघमा नेपाल आउनु भएको थियो (वहाँसँगको अन्तर्वार्ता मूल्याङ्कन पूर्णाङ्क ११ मा हेर्नुहोस्) ।

हो । समाजवादी क्रान्तिद्वारा संपूर्ण पूँजीपति वर्गको संपत्ति बलपूर्वक छिन्ने र यसलाई संपूर्ण मजदूरहरूको सामूहिक संपत्तिमा बदल्ने लक्ष्य यसले राखेको छ ।

अहिले विद्यमान राज्ययन्त्र ध्वंश गरेर त्यसको ठाउँमा मजदूरहरूको सचेत सहभागिता भएको नयाँ समाजवादी राज्य सिर्जना गर्ने यो पार्टीको राजनीतिक लक्ष्य छ । यस्तो राज्यमा सबै अधिकारीहरू जनताद्वारा निर्वाचित हुनेछन् र जनताद्वारा नियन्त्रित हुनेछन् ।

जनताको आवश्यकता अनुसार योजनावद्ध राष्ट्रिय अर्थतन्त्रको स्थापना नै यसको आर्थिक लक्ष्य हो । साथै यसले मजदूरहरू र ज्यालादारी काम गरी खाने मानिसहरूको मिलिशिया र समाजवादी सेना तयार गर्ने पनि लक्ष्य राखेको छ । यी सेनाहरू र मिलिशियाहरू जनताको नियन्त्रणमा हुनेछन् र जनतासित घनिष्ट संपर्क राखेर काम गर्ने छन् ।

बेल्जियम श्रम पार्टी- बेल्जियममा समाजवाद स्थापना गर्ने कुरालाई एउटा लामो प्रक्रिया मान्दछ ।

संपूर्ण मजदूर वर्गीय पार्टीहरू र संगठनहरूसित मिलेर ठोस लक्ष्य प्राप्तिको लागि एकतावद्ध संघर्ष गर्ने यसको कार्यनीति छ ।

यसले अहिले एकातिर रंगभेद विरोधी आन्दोलन सिर्जना गर्ने कोशिस गरिरहेछ, अर्कोतिर जनताको निम्ति स्वास्थ्योपचार कार्यक्रममार्फत् जनताबीच संबन्ध बढाउने काम पनि गर्दैछ । अन्तर्राष्ट्रिय मजदूर आन्दोलनसित एकता कायम गर्नको लागि यसले साम्राज्यवाद विरोधी लीग (AIB-LAI) पनि निर्माण गरेको छ ।

पोहोर र परारको मे महिनाको पहिलो हप्तामा यही पार्टीको आयोजनामा ब्रुसेल्समा संसारका विभिन्न मुलुकहरूका कम्युनिष्ट पार्टीहरूको सेमिनार भएको थियो । त्यही सेमिनारले "अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताको निम्ति प्रस्ताव" नाम गरेको महत्त्वपूर्ण दस्तावेज पारित गरी विश्वभरि जारी गरेको थियो । त्यो मूल्याङ्कनमा पनि नेपाली भाषामा प्रकाशित भएको थियो ।

यही वर्षको मे महिनाको पहिलो हप्तामा यही पार्टीको आयोजनामा ब्रुसेल्समै साम्राज्यवाद विरोधी विभिन्न पार्टीहरूको सम्मेलन हुँदैछ । गत मंसिरमा कलकत्ताको साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलनमा पनि यसले आफ्नो प्रतिनिधि पठाएको थियो ।

यो पार्टीको संसदमा कुनै प्रतिनिधित्व छैन । १९८७ को संसदीय चुनावमा यसले भाग लिएको थियो । यसले त्यतिखेर जम्मा ४५ हजार भोट ल्याएको थियो ।

बेल्जियमको अर्को वामपन्थी पार्टी- समाजवादी श्रमिक पार्टी Socialist Workers Party (SAP-POS) हो । यो पार्टी ट्राट्स्कीका विचारहरूमा विश्वास गर्छ । विशेषतः विद्यार्थीहरू, शिक्षकहरू, अन्य बुद्धिजीवीहरू र कर्मचारीहरूमा यो पार्टीको प्रभाव क्षेत्र रहेको बताइन्छ ।

यो पार्टीबारे विस्तृत जानकारी प्राप्त छैन । १९८७ को चुनावमा यसले ३० हजार भोट ल्याएको बताइन्छ ।

सन्दर्भ स्रोतहरू:

1. Political Handbook of the World 1993, CSA Publications New york, 1993

2. 1989 Yearbook on Internationl Communist Affairs, Hoover Institution Press, California 1989

3. Belgiam Party of Labour द्वारा प्रकाशित पुस्तिकाहरू

4. The World Almenac, 1993. USA,

फागुन ७ गते
प्रजातन्त्र दिवसको उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !

प्रमोद कुमार श्रेष्ठ तथा
नगर विकास समिति
इटहरी गाविस, सुनसरी, नेपाल

फागुन ७ गते
प्रजातन्त्र दिवसको
उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक
शुभकामना !

नेपाल बैंक लिमिटेड

फागुन ७ गते
प्रजातन्त्र दिवसको
उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक
शुभकामना !

मेयर ध्यानबहादुर राई
तथा
धरान नगरपालिका परिवार

विश्व-
क्रान्ति-योद्धा
क. चे ग्वेभाराको
धारावाहिक जीवनी

७

# क. चेको नेतृत्वमा सान्ता क्लारा शहरमाथि विजय !

## डिसेम्बर २७, १९५८ को विहान सवेरै !

कमाण्डर चे ग्वेभाराले आफ्ना सहयोगी कमाण्डरहरूलाई लास भिलास प्रान्तको प्लाकेतास शहरस्थित तुल्लीरियास होटलको एउटा कोठामा जम्मा गर्नु भयो। छापामारहरूद्वारा मुक्त गरिएको प्लाकेतास शहर प्रान्तीय राजधानी सान्ता क्लारा शहरबाट केवल ३५ कि.मी. मात्रै टाढा थियो। त्यस बेलासम्ममा १६ कि.मी. मात्रै टाढा रहेको इस्परान्जामाथि विजय प्राप्त गरिसकेका छापामारहरूका कमाण्डर-हरूलाई क. चे ग्वेभाराले जोशपूर्ण सम्वोधन गर्नु भयो।

सम्वोधनको क्रममा क. चेले सान्ता क्लारा शहरमाथि निर्णायक आक्रमण गर्ने बेला आइसकेको बताउँदै उहाँले कमाण्डरहरूलाई तीव्रस्तरमा आक्रमणको तयारी गर्ने आदेश दिनु भयो।

सान्ता क्लारा शहरमाथि विजय हासिल गर्नका लागि उहाँले आफ्ना सहकर्मी क. नुनेज जिमिनेजलाई जिम्मा लगाउनु भयो। छापामार युद्धमा खारिएका कमाण्डर नुनेज उहाँको आदेश अनुसार आठौं छापामार कोलमको नेतृत्व गर्दै सान्ता क्लारा शहरतिर हान्निए।

सान्ता क्लारा शहर क्यूबाको मध्य भागमा पर्ने ठूलो शहर हो। राजधानी हवानापछि रणनीतिक हिसावले पनि दोस्रो महत्त्वपूर्ण र ठूलो शहर- सान्ता क्लारा लास भिलास प्रान्तको राजधानी पनि थियो। त्यस बेला १ लाख ५० हजार जनसंख्या भएको यो शहरमा देशकै महत्त्वपूर्ण रेलमार्गको केन्द्र अवस्थित थियो र सरकारी संचार व्यवस्थाको एउटा महत्त्वपूर्ण भाग पनि त्यही शहरमा पर्दथ्यो। स-साना पहाडहरूले घेरिएको यस शहरमा बतिस्ताको सरकारी सेनाको उपस्थिति पनि निकै ठूलो थियो।

ठूलो सरकारी सेना विरुद्ध ठूलो आत्मविश्वास र अदम्य साहसका साथ लड्ने योजना बनाउँदै कमाण्डर नुनेजले आफ्ना छापामारहरूलाई सान्ता क्लारा शहरतिर अगाडि बढ्ने निर्देशन दिए। क. नुनेजको नेतृत्वमा अगाडि बढिरहेका छापामारहरू अत्यन्त गोप्य तवरले कच्ची सडकबाट २ घण्टाभित्रै मार्ता एब्रुयु विश्वविद्यालयको प्रांगणमा पुगे। उनीहरू त्यहाँ पुग्दा दिउँसो दुई बजिसकेको थियो। सान्ता क्लारा शहरभन्दा केही किलोमिटर मात्र दूरीमा रहेको मार्ता एब्रुयु विश्वविद्यालयमा क. नुनेज ३ सय जना छापामारहरू सहित पुगेका थिए। उनीहरूसँग पुराना हतियारहरू मात्रै थिए। क. चेले लेख्नुभए अनुसार, उनीहरूसँग बाजकाहरू मात्रै थिए। तर रकेटहरू थिएनन्। तापनि दर्जनौं ट्यांकहरू भएका सरकारी सैनिकहरूसँग लड्न छापामारहरू एब्रुयु विश्वविद्यालय पुगे।

विश्वविद्यालयको प्रांगणमा पुग्नासाथ क्यूबाको मुक्ति चाहने जनताहरूले उनीहरूलाई हार्दिकतापूर्वक स्वागत गरे। विशेषतः विद्यार्थीहरू, विश्वविद्यालयका शिक्षक र कर्मचारीहरूले छापामारहरूलाई स्वागत गरे।

छापामारहरू र उनीहरूबीच छापामार युद्धका बारेमा छलफल भइरहेको बेला, साँझ ६:३० बजेतिर क. चे पनि त्यही विश्वविद्यालयमै पुग्नु भयो। क. चेको आगमनले स्थानीय जनताबीच उत्सुकता र जोश भरियो। क. चेले त्यहाँका जनतासँग लामो कुराकानी गर्नु भयो।

राती कुराकानीकै बीच ८ बज्यो। क. चेले त्यहाँ सम्मिलित छापामारहरूलाई सान्ता क्लारामाथि आक्रमण गर्ने अन्तिम आदेश दिनु भयो। जोश र होशले भरिपूर्ण छापामारहरू सान्ता क्लारा जाने केन्द्रीय राजमार्गबाट दुई लाइन गरी अगाडि बढ्न थाले। क. चे पनि ती छापामारहरूसँगै केन्द्रीय राजमार्गको बाटोमा जीपमा बसेर अगाडि बढ्नु भयो।

जीपमा उहाँसँगै क. अलइदा, क. नुनेज र क. नुनेजकी श्रीमती लुपे मेलीज पनि साथै थिए। केन्द्रीय राजमार्गको बाटोमा केही अगाडि बढेपछि सरकारी सेनाले छापामारहरू आक्रमणका लागि अगाडि बढ्दैछन् भन्ने कुरा थाहा पाउन सफलता हासिल गऱ्यो।

त्यसैले सरकारी सेनाले बीच बाटैमा उनीहरूमाथि आक्रमण गऱ्यो। ट्यांक र सैनिक विमानबाट सैनिकहरूले राती नै आगो ओकल्न थाले, गोला वर्षा गर्न थाले। उनीहरू सैनिकहरूको अप्रत्याशित र अर्थहीन आक्रमणबाट अलिअलि बच्दै अगाडि बढी नै रहे।





## क. चे ग्वेभारा !

**प्रबुद्ध व्यक्तिहरूमध्ये कमै मानिसहरू मात्र होलान्– यो नाम नसुन्ने ! आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरको संघर्षमय जीवन शैलीका कारण विश्व-प्रसिद्ध हुनु भएका यी क्रान्ति-नायकको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला हामीले थालेका छौं ।**

**अर्जेन्टिनामा जन्मिएका र क्यूबाको क्रान्तिमा निर्णायक योगदान गरेका क. चेले वरपरका अन्य देशहरूका क्रान्तिकारी गतिविधिहरूमा पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरू लगाउनुभएको थियो ।**

**उहाँले क्यूबाको जनक्रान्ति कालमा मेक्सिको प्रवासमा कसरी फिडेल क्यास्त्रोसँग भेट्नु भयो र कसरी क्यूबामा छापामार युद्धको तयारी गर्नुभयो भन्ने प्रसंग पाठकहरूले पढिसक्नु भएको छ ।**

**साथै छापामार युद्धको एक वर्षसम्मको समयावधिभित्रका संघर्षहरूको रोचक विवेचना पनि अघिल्ला अंकहरूमा प्रस्तुत भैसकेको छ ।**

**अघिल्ला अंकहरूमा शहरी संघर्ष र ग्रामीण छापामार संघर्ष सम्बन्धी विवाद, पिनो डेल अगुआमाथि छापामारहरूद्वारा गरिएको दोस्रो सफल आक्रमण एवं देशव्यापी असफल आम हडताल र त्यसपछिका छापामार संघर्षहरूको रिपोर्ट प्रस्तुत गरिसकेका छौं ।**

**गतांकमा क. चेको नेतृत्वमा लास भिलास प्रान्तका विभिन्न इलाकाहरूमाथि सफलतापूर्वक गरिएका आक्रमणहरूको रोचक विवरण प्रस्तुत गरेका थियौं । यस पटक प्रस्तुत छ, लास भिलास प्रान्तको राजधानी– सान्ता क्लारामाथि गरिएको आक्रमणको सनसनीपूर्ण रिपोर्ट !**

बीच बाटोमा क. नुनेजले क. चेलाई आफूले आफ्नी दुई वर्षकी छोरी मेरीतेरीलाई साथीहरूकहाँ छोडेर आएको कुरो सुनाए । उनले मेरीतेरीलाई जिम्मा लिएका साथीहरूको घर छापामारहरूको बाटोमै परेकोले हेर्न जाने अनुमति मागे । उहाँले क. नुनेज दम्पत्तिलाई आफ्नी छोरीकोमा पुगेर आउने छुट दिनु भयो । त्यही राती नुनेज दम्पत्ति आफ्नी छोरीकहाँ गएर फर्कीहाले ।

भोलिपल्ट डिसेम्बर २८ को मध्यान्हतिर छापामारहरू कापिरो पहाड पुगे । त्यहाँबाट नजिकै रहेको सैनिक क्याम्पमा सैनिकहरूको उपस्थिति कस्तो छ भन्ने कुरा राम्ररी नै देखिन्थ्यो । बतिस्ताका सैनिकहरू आ-आफ्नो क्याम्पमा ट्यांकहरू सहित पोजिशन लिएर बसिरहेका थिए । त्यस क्याम्पको नजिकै रकेट फिट गरिएको बख्तरबन्द रेलं आक्रमणको लागि तयार राखिएको थियो । त्यसको वरिपरि मोर्टार, विमानभेदी तोप र मेशीनगनहरू सजाइएका थिए । अमेरिकाबाट प्राप्त यी हतियारहरूका साथमा चार हजार सरकारी सेना कर्नेल रोजेल लेइमाको नेतृत्वमा बख्तरबन्द रेलको चारैतिर तैनाथ गरिएका थिए । कर्नेल रोजेल तानाशाह बतिस्ताको इन्जिनीयर इकाइको खुँखार कमाण्डर थियो ।

ती सरकारी सेनाको तयारी देख्दा जो-कोहीलाई पनि ३ सय जनाको सानो छापामार दलले कसरी विजय हासिल गर्ला र ? भन्ने प्रश्न उठ्थ्यो । विशाल सेना र अत्याधुनिक हातहतियारका विरूद्ध लड्नका लागि हातहतियार र सैन्यशक्तिको त कमी थियो, तर जोश, जाँगर र आत्मबलिदानी भावनामा भने कुनै कमी थिएन । आफू, आफ्नो देश र आफ्नो देशका जनताको मुक्तिका लागि संघर्षरत ती छापामारहरू उच्च नैतिकता र हरदम लड्ने साहसका साथ ती सरकारी सैनिकहरूमाथि आक्रमण गर्ने क. चेको आदेशको प्रतीक्षा गरिरहेका थिए ।

सरकारी सेनासँग अत्याधुनिक हतियार र थुप्रै सैनिक जवानहरू त थिए, तर नैतिक रूपमा उनीहरू साह्रै नै गिरेका थिए । उनीहरूको मनोबल पनि उँचो थिएन । उनीहरू दिग्भ्रमित थिए । छापामारहरूले कहाँबाट कसरी आक्रमण गर्ने हुन्, उनीहरूलाई अत्तोपत्तो नै थिएन । त्यसमाथि छापामार नेता क. चेको नाम त उनीहरूलाई तर्साउने-भयभित पार्ने नाम नै भइसकेको थियो ।

क. चेको नाम सुन्नासाथ नै तर्सने सरकारी सैनिकहरू क. चेकै नेतृत्वमा छापामारहरू सान्ता क्लारा शहरमाथि चढाइ गर्न आइरहेको हल्ला सुनेर भित्रभित्रै त्रसित र आतंकित थिए । यही भय, त्रास, आतंक र दिग्भ्रमको स्थितिमा कैयौं सैनिकहरू युद्धको मैदान छोडेर स्वतः भागे ।

हवानाबाट सान्ता क्लारातर्फ पठाइएको बख्तरबन्द रेलका दर्जनौं सैनिकहरू पनि सरकारी सेना छोडेर भागे । पपुलर सोशलिष्ट पार्टीका कमरेडहरूले बाटोमा ठाउँ-ठाउँमा अवरोध खडा गरी सैनिकहरूको पलायनलाई सुगम बनाए ।

यसरी एकातिर सरकारी सेनाबीच पलायनको समस्या उठ्न थाल्यो । अर्कोतिर क. चे र वीर छापामारहरूसँग आमने-सामने मुकाबिला गर्ने चुनौती पनि उनीहरूसामु आइपर्‍यो । यो स्थितिमा सैनिकहरूबीच लड्ने स्पिरिट नै देखिएन । उनीहरू सिर्फ बुख्याःचा जस्तो देखिन्थ्ये ।

स्थिति हेरेर क. चेले आफ्ना छापामार कमरेडहरूलाई सरकारी सेनामाथि आक्रमणको आदेश दिनु भयो । यसै आदेशको प्रतीक्षामा बसिरहेका छापामारहरूले ती सैनिकहरूमाथि आक्रमण गर्न थालीहाले । त्यत्रो ठूलो सेना र अत्याधुनिक हतियार, विशेषतः ट्यांकको विरूद्ध उनीहरूले पहाडबाट आक्रमण गरेनन् । उनीहरूले पहाडबाट तुरून्तै तल बेसीमा झरेर जनघनत्व बढी भएका शहरबाहिरका बस्तीहरूभित्र पसेर आक्रमण गर्न थाले । यसले गर्दा ट्यांक, रकेट र मोर्टारको प्रभावकारिता सारै कमजोर भयो । आमने-सामने युद्ध लड्नका लागि प्रभावकारी यी हतियारहरू छापामारहरूको छापामार शैलीको *हान्ने र भाग्ने* आक्रमणमा साह्रै फितलो सावित भए ।

निरूत्साहित, दिग्भ्रमित र आतंकित सैनिकहरू लडाकू स्पिरिटबिना नै छिटफूट आक्रमण गर्नमा व्यस्त हुन थाले । आफ्नो उपस्थिति जनाउने हिसाबले ट्यांकबाट एक दुई ठाउँमा गोलाबारी गरियो । छापामारहरूले सैनिकहरूको गोलाबारीको जवाफ दिन थालेपछि ती सबै ट्यांकहरूलाई क्यापिरो पहाडको बेसीबाट शहरभित्र फर्काइयो ।

क्यापिरो पहाडको लेक र बेसीमा छापामारहरूको आक्रमणले सैनिकहरूबीच निकै दवाब सिर्जना गर्‍यो । सैनिकहरू बिस्तारै पछि हट्न बाध्य भए । सैनिकहरूका कमाण्डर कर्नेल रोजेलको मन-मस्तिष्कलाई पनि क. चेका सहयोद्धाहरूको आक्रमणले भयभित पारिदियो । लाजमर्दो ढंगले पछि हट्नु परेकोमा कर्नेल रोजेल बहुलायो । बहुलाएकै सूरमा उसले बख्तरबन्द रेललाई पूर्ण रफ्तारमा सान्ता क्लारा स्टेशनतिर दौडायो ।

तर बिचरा कर्नेल रोजेललाई के थाहा, केही घण्टा अगाडि नै क. चे केही छापामारहरूका साथ दुई वटा बुल्डोजर लिएर कापिरो र सान्ता क्लाराबीचको रेलको लीग उखेल्न पुगिसक्नु भएको थियो भन्ने कुरा । त्यसैले कर्नेल रोजेलले सान्ता क्लारा स्टेशनतिर दौडाएको बख्तरबन्द रेल रफ्तारले गुड्दा-गुड्दै बीच बाटैमा नराम्ररी पल्टियो । पल्टिएको रेलबाट निस्कन खोज्ने प्रत्येक सैनिकलाई छापामारहरूले पेट्रोल बमको प्रहारले "स्वागत" गरे । केही घण्टाको लुकामारीपछि अन्ततः सबै सैनिकहरूले आत्म समर्पण गरे । पुराना थोत्रा हतियार भिरेका छापामारहरूले ती सैनिकहरूबाट मेशीनगनदेखि लिएर ठूलो मात्रामा सैन्य सामग्री प्राप्त गरे ।



बख्तरबन्द रेललाई सफलतापूर्वक गरिएको यस आक्रमणमा क. चेसँग जम्माजम्मी १८ जना छापामारहरू मात्र सहभागी भएका थिए । तर उनीहरूले ४ सय जना भन्दा बढी सैनिक जवानहरू र सैनिक अधिकृतहरूलाई बन्दी बनाई सबैलाई आश्चर्यचकित पारे । क. चेले ती बन्दी सैनिकहरूलाई काइबेरियन बन्दरगाहमा लैजानका लागि क. नुनेजलाई निर्देशन दिनु भयो । उहाँले काइबेरियन बन्दरगाहमा लगेर ती सबै बन्दीहरूलाई रिहा गर्ने आदेश दिनु भयो, ताकि उनीहरू सरकार नियन्त्रित इलाकामा फर्कन सकून् ।

क. नुनेजले ती सबै ४ सय जना बन्दीहरूलाई ट्रकमा चढाएर हतार-हतार सान्ता क्लाराभन्दा ६० कि.मी. को दूरीमा रहेको काइबेरियन बन्दरगाहतिर लगे । क. नुनेजका साथ जम्माजम्मी दुई जना छापामारहरू मात्रै गएका थिए । भाग्ने हो भने सुवर्ण मौका भएतापनि एक जना पनि बन्दीले भाग्ने कोशिश गरेन, किनकि भाग्नु आत्मघाती सावित हुन सक्थ्यो । बन्दीहरू लिएर गएका छापामारहरूलाई सडक-सडकमा बसिरहेका जनताले हात हल्लाएर अभिवादन गरे । तर बन्दी सैनिकहरूप्रति भने घृणा व्यक्त गरे ।

काइबेरियन बन्दरगाह पुगेपछि क. नुनेजले रेडियोमार्फत् तट रक्षक सैनिकहरूसँग सम्पर्क राखे । उनले आफ्ना बन्दीहरू हस्तान्तरण गरेर सैनिकहरूलाई लिने आग्रह गरे । तट रक्षक सैनिकहरूका क्याप्टेनले हवानास्थित बतिस्ताको सैनिक हेडक्वार्टरमा सम्पर्क राख्दा हेडक्वार्टरले ती भगुवा र कायर सैनिकहरूलाई छापामारहरूले जे गरे पनि हुन्छ भन्ने जवाफ दियो । त्यसैले क. नुनेजले ती बन्दीहरूलाई स्थानीय नौ सैनिक क्लवमा स्थानीय जन मिलिशियाको हातमा सुम्पेर तुरून्तै फर्के ।

त्यस बेला सान्ता क्लारामा भीषण युद्ध भइरहेको थियो । त्यसैले छापामार कमाण्डर नुनेज त्यो भीषण युद्धमा आफूलाई पनि होमीहाल्ने हतारोमा सान्ता क्लारातिर दौडे ।

सान्ता क्लारामा कापिरोको पहाडबाट पछि हटेका सरकारी सैनिकहरूले शहरका मूल मूल भवनहरूमा व्यारिकेड (अवरोधहरू) खडा गरे । ती अवरोधहरूको पछाडिबाट लड्ने कार्यनीति अपनाइयो । ती सैनिकहरूले लिइयोन्सियो भिडाल ब्यारेक, प्रहरी स्टेशन, दि ग्राण्डे होटल, अदालतको भवन, चर्चहरू र अरू केही ठूला भवनहरूलाई ट्यांकले सुरक्षा दिई व्यारिकेड खडा गरेका थिए ।

यस्तो स्थितिमा छापामारहरूलाई आक्रमण गर्न साह्रै अप्ठ्यारो भयो । लडौं भने अनावश्यक रूपमा नागरिकहरू हताहत हुने, नलडौं भने सरकारी सैनिकहरूले बाहिरबाट थप सैनिक सहायता लिएर आक्रमण गर्न सक्ने संभावना देखियो । यो स्थितिमा क. चेले सरकारी सेनाको सहायता आउने संभावनालाई रोकी सान्ता-क्लाराका सैनिकहरूलाई एक्ल्याउने उद्देश्यले शहरका नाकाहरूमा घेराबन्दी गर्ने आदेश दिनु भयो । यो तरीकाले ती सैनिकहरूलाई एक्ल्याइयो, बाहिरबाट कुनै सहयोग आउन पाएन ।

सान्ता क्लारा शहरभित्रका सैनिकहरूको नेतृत्व कर्नेल क्यासिलास लुम्पुयेले गरिरहेको थियो । ऊ पनि क्यूबाली देशभक्त विरोधी थुप्रै अपराधहरूमा नराम्ररी मुछिएको व्यक्ति थियो । विशेषत: ऊ ऊखु मजदूरहरूका नेता जेसस मेनेण्डेजको हत्याराको रूपमा कुख्यात थियो । हत्यारा कर्नेल क्यासिलास लिइयोन्सियो भिडाल ब्यारेकमा आफ्नो हेडक्वार्टर स्थापना गरी बसिरहेको थियो । कायर कर्नेल क्यासिलास छापामारहरूसँग युद्ध चर्केपछि शहर छोडी उडीहाल्यो । उसको ठाउँ कर्नेल हर्नाण्डेजले लियो ।

डिसेम्बर २८ को दिउँसोबाट शुरू भएको सान्ता क्लारा शहरको युद्ध रातभरि पनि चलिरह्यो । विशेषत: अदालत, होटल, जेल, प्रहरी स्टेशन र सैनिकहरूको स्थानीय हेडक्वार्टर-लिइयोन्सियो भिडाल व्यारेक वरिपरि युद्ध चर्केको थियो । त्यो दिन भीषण युद्धले गर्दा शहर सिंगै धूलो-धुँवाले भरियो ।

युद्धमा सान्ता क्लाराका जनताले विद्रोही छापामारहरूको पक्ष लिए । उनीहरूले छापामारहरूका लागि आ-आफ्ना ढोका खुशीपूर्वक खोली दिने, खाना र पानीको व्यवस्था गर्न र आ-आफ्नो छानामा चढाई आक्रमणका लागि राम्रा पोजिशनहरूको व्यवस्था गर्ने काम समेत गरे । उनीहरूले बतिस्ता समर्थकहरू र सैनिकहरू लुकिरहेका ठाउँहरू देखाउने, शत्रुका प्रत्येक गतिविधिहरूको जासूसी गरी छापामारहरूलाई खबर गर्ने काम समेत गरे ।

क. चे यो भीषण युद्धमा नीति-निर्देशन दिन व्यस्त हुनुहुन्थ्यो । दर्जनौं सहयोगीहरूद्वारा घेरिएर युद्धभूमिमा खटिरहनु भएका क. चेको बायाँ हातमा नक्सा थियो, दायाँ हातमा "टमी गन" थियो । मुखले सिगार च्यापेर लेदर ज्याकेट, पुरानो बुट र तारा अंकित कालो ह्याट लाउनु भएका क. चे युद्ध क्षेत्रहरूबाट आएका रिपोर्टहरू सुन्दै, आक्रमण-प्रत्याक्रमणका आदेशहरू दिने काममा निकै व्यस्त देखिनु हुन्थ्यो । उहाँ समय-समयमा आफ्ना सहयोद्धा कमरेडहरूको मनोबल बढाउन पनि कदापि विर्सनु हुन्नथ्यो । झन् झन् चर्किरहेको यो युद्धमा क. चेको आदेश पाएर छापामारहरू रातभरि पनि लडिरहे ।

भोलि पल्ट र पर्सि पल्ट, डिसेम्बर २९ र ३० तारिखमा छापामारहरूले आक्रमणको क्रममा अदालत, ग्राण्डे

**छापामार नेता क. चेको नाम त बतिस्ताका सेनाहरूलाई तर्साउने-भयभित पार्ने नाम नै भइसकेको थियो ।**

होटल, ब्यूअन भियाजे र कार्मेन नामक सुदृढ चर्चहरू सैनिक र प्रहरीहरूको हातबाट मुक्त गरे ।

अदालतको युद्धग्रस्त भवनलाई दुई वटा ट्यांकहरू र कैयौं सैनिकहरूले सुरक्षा प्रदान गरिरहेका थिए । त्यसरी सुरक्षित गरिएको भवनमा १८ वर्षीय छापामार क्याप्टेन असिमेदोले सर्वप्रथम आक्रमण गरे । उनले ट्यांकहरूमाथि गोली वर्षा गरेपछि ट्याकबाट प्रत्याक्रमण गरिरहेका ३ जना सैनिकहरू सख्त घाइते भए । तर आश्चर्य, ती घाइते सैनिकहरू बाटोमा खसे पनि ट्यांकभित्रका सैनिकहरूले कुनै वास्ता गरेनन्, उनीहरूलाई "पीक अप" गरेर लानुको सट्टा, उल्टो ट्यांकले नै कुल्चेर हिंडे । सैनिकहरूको यो निर्दयीपना छापामारहरूको व्यवहारसँग पटक्कै मेल खाँदैनथ्यो । छापामारहरू आफ्ना कमरेडहरूको त के कुरा, शत्रुकै सैनिकहरूलाई समेत यस्तो असहाय स्थितिमा मार्नुको सट्टा, प्राथमिक उपचारको व्यवस्था गर्थे । सक्नेसम्म रेडक्रसका फिल्ड हस्पिटलंहरूमा पुऱ्याउने गर्थे ।

यस्ता निर्दयी सैनिकहरूद्वारा संचालित ट्यांकहरू नै बतिस्ताको सेनाको भरोसाको मूल आधार थियो । तर छापामारहरूले प्रत्येक बाटोमा ट्रक, कार पल्टाएर ब्यारिकेड (अवरोध) खडा गरेर ट्यांकहरूलाई चलखेल गर्नै दिएनन् । बतिस्ताका सैनिकहरूको मूल हतियार- ट्यांकहरू सान्ता क्लाराको युद्धमा बेकम्मा साबित भए । त्यसमाथि छापामारहरूले ट्यांकहरूमाथि पेट्रोल बमले आक्रमण गरी हायलकायल नै पारे र अन्ततः ट्यांकभित्र रहेका सैनिकहरूलाई आत्मसमर्पण गर्न विवश पारे ।

ट्यांकहरू बेकम्मा भएपछि बतिस्ताका प्लेनहरूले बिना निशाना, मनपरी बम वर्षा गर्न थाले । आफ्नो स्थिति केही कमजोर भएको महसुस भएर बतिस्ताले बमवर्षक प्लेनहरूमार्फत् छापामारहरूद्वारा नियन्त्रित इलाकालाई ध्वस्त नै पार्ने नियतले बम वर्षा गर्न लगायो । यो क्रम सान्ता क्लारा र अन्य छापामार नियन्त्रित शहरहरूमा पनि दोहोऱ्याइयो ।

यता सान्ता क्लारा शहरभित्रको प्रहरी स्टेशनमा सैनिकहरू र छापामारहरूबीच स्टेशनमाथि कब्जाको विषयमा ठूलो मुठभेड हुँदैथियो । प्रहरी स्टेशन कब्जा गर्ने त्यस मुठभेडमा छापामारहरूको नेतृत्व अत्यन्त साहसी, डेथ प्लाटूनका कमाण्डर भाक्वीरितोले गर्दै थिए । भाक्वीरितोका सहयोद्धाहरूले प्रहरी स्टेशनमाथि आगो वर्षाउन थाले । प्रहरी स्टेशनभित्र मुसो जस्तै फसेका सैनिकहरूले शर्तसहित आत्मसमर्पण गर्न बाध्य हुनु पऱ्यो । उनीहरूको शर्त थियो- निशस्त्र रूपमा भए पनि लिइयोन्सियो भिडाल ब्यारेकमा लुक्न जान पाउने !

क. चेले ती सैनिकहरूको शर्त स्वीकार्नु भयो । प्रहरी स्टेशनभित्र फसिरहेका ३ सय जना सैनिकहरू त्यहाँबाट बाहिर निस्के, तर १०-१२ जना सैनिकहरू मात्रै ब्यारेकमा फर्के, अधिकांश आ-आफ्नो घरतिर र अन्तै लागे ! किनकि उनीहरूलाई ब्यारेकभित्र पसेर पनि आफ्नो ज्यान सुरक्षित होला भन्ने कुरामा विश्वास लागेन ।

यसरी मनोबल गिरेका, हारेका थाकेका र भयभित सैनिकहरू हतियारको थुप्रोसहित एकातिरबाट लडिरहेका थिए भने अर्कोतिर झन् झन् उत्साहित, झन् झन् जोश र होशले भरिपूर्ण भइरहेका छापामारहरू स्थानीय जनताको साथ लिएर भीषण युद्धमा अगाडि बढिरहेका थिए । यो हिंस्रक युद्धमा छापामारहरूले क. चेको प्रत्यक्ष नेतृत्वमा एकपछि अर्को विजय प्राप्त गर्दै थिए ।

जनवरी १, १९५९ सम्म पुग्दा सान्ता क्लाराका सीमित ठाउँहरू मात्रै सैनिकहरूको हातमा बाँकी रहे । जेल, ब्यारेक र शहर नजिकैको विमान स्थल मात्रै उनीहरूको हातमा बाँकी थियो । अरू सबै मूल-मूल ठाउँहरू छापामारहरूले जितिसकेका थिए । छापामारहरूको घेराबन्दी र बाटोको अवरोधले गर्दा हवानाबाट आउने सम्पूर्ण सहयोग, सेना र हतियारको थप सप्लाई पनि ठप्प नै भयो ।

यस्तो जटिल स्थितिमा बतिस्ताका सैनिकहरूको पराजय त सुनिश्चित नै थियो । तर छापामारहरूले भने अब जसरी हुन्छ, कम हिंसा र कम नोक्सानीमा सान्ता क्लाराको युद्ध जित्ने दाउको खोजी गर्न थाले ।

स्मरणीय छ, सान्ता क्लाराको जित नै क्यूबाली क्रान्तिमा छापामारहरूको अन्तिम विजय थियो । छापामारहरूले सान्ता क्लारामाथि विजय पाउनासाथ सिंगो क्यूबा मुक्त भएको थियो । सान्ता क्लारामाथि विजय पाएको दिन भनेको जनवरी १, १९५९ थियो । त्यसैले त्यो दिन सकेसम्म कम हिंसामा, वार्ताद्वारा सैनिकहरूमाथि विजय प्राप्त गर्ने जुक्ति गर्न थाले छापामारहरूले ।

**क्रमशः**

**अर्को अंकमा क्यूबाको मुक्ति उत्सवको रोचक रिपोर्ट प्रस्तुत गरिने छ ।**


# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.,** वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.,** पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.,** बालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**




संभावनाहरूका विरुद्धको संघर्षमा जोड दिइएको हुन्छ ।

कृषिको क्षेत्रमा नै हेर्नुहोस् । कुनै पनि खेती गर्दा त्यसमा बाधा पुऱ्याउने कैयौं बाधक तत्वहरू देखा पर्दछन्, जस्तै कि विभिन्न प्रकारका झार, रोग, किरा आदि । ती सबैको निवारण वा रोकथाम नगरिकन खेतीलाई सफल पार्ने कुराको आशा गर्न सकिन्न । फेरि त्यो एउटा लगातार चल्ने प्रक्रिया हो र हुनु पर्दछ । एक पल्ट देखा परेको कुनै बाधक तत्व वा कारणको निवारण गरेपछि सधैंका लागि समस्याको समाधान हुन्छ र खेती निर्बाध प्रकारले अगाडि बढ्दछ भन्ने होइन । प्रत्येक साल, प्रत्येक खेतीका बेलामा मात्र होइन, एउटै खेतीका बेलामा पनि त्यस प्रकारको प्रक्रियामा लगातार जोड दिनु पर्ने आवश्यकता हुन्छ । खेती

# वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरुद्धको संघर्षको प्रश्न

**मोहनविक्रम सिंह**
महासचिव, नेकपा (मसाल)

**प्रत्येक प्रगतिशील आन्दोलनमा पथ-विचलनको प्रश्न एउटा महत्त्वपूर्ण प्रश्न हुन्छ नै । नेपाली कम्युनिष्ट आन्दोलनमा पथ-विचलन अर्थात् अवसरवादको प्रश्न पनि निकै महत्त्वपूर्ण छलफलको विषय हो । २००६ सालमा कम्युनिष्ट पार्टी गठन भएयता यसले ४६ हिउँद गुजारिसकेको छ । के यो अवधिमा नेपाली कम्युनिष्ट आन्दोलनले कतै बाटो विराएको छ ? विराएको छ भने कहाँ कहाँ, कसरी कसरी बाटो विराएको छ ? यो सवाल कम्युनिष्ट आन्दोलनप्रति गंभीर सरोकार राख्ने हरेकको लागि निकै ठूलो चासोको विषय हो । कम्युनिष्ट आन्दोलनको नेतृत्वको निम्ति यो एउटा गंभीर आत्म-समीक्षाको विषय हो ।**

**यही परिप्रेक्ष्यमा राष्ट्रिय जनसाम्यिक मोर्चाले गएको पुस १४ र १५ गते काठमाडौंमा यही विषयमा एउटा दुई दिने विचार-गोष्ठीको आयोजना गरेको थियो । गोष्ठीमा क. मोहनविक्रम, क. माधव नेपाल, क निर्मल लामा, क. शंभुराम र क. रोहितले लिखित कार्यपत्र पेश गर्नु भएको थियो । क. मोहनविक्रमको कार्यपत्रमा प्राध्यापक माणिकलाल श्रेष्ठले, क. माधवको कार्यपत्रमा मूल्याङ्कनका प्रधान संपादक श्याम श्रेष्ठले, क. निर्मल लामाको कार्यपत्रमा नेकपा (एमाले) का केन्द्रीय सदस्य युवराज ज्ञवालीले, क. रोहितको कार्यपत्रमा साहित्यकार खड्ग खरेलले र क. शंभुरामको कार्यपत्रमा साहित्यकार खगेन्द्र संग्रौलाले आलोचनात्मक टिप्पणी गर्नु भएको थियो ।**

**त्यस गोष्ठीमा जे-जे छलफल भयो त्यो नेपाली कम्युनिष्ट आन्दोलनलाई राम्ररी बुझ्न चाहनेहरूको लागि धेरै उपयोगी विषय भएकाले *मूल्याङ्कनले* त्यस छलफललाई आफ्नो "अन्तर्क्रिया" स्तम्भमार्फत् पाठकहरूसमक्ष प्रस्तुत गर्दै जाने निधो गरेको छ । छलफल निकै लामो भएकाले एकै अंकमा संपूर्ण छलफल प्रस्तुत गर्नु संभव देखिन आएन । त्यसैले, त्यसलाई पटक पटक गरी प्रस्तुत गर्ने हाम्रो जमर्को रहनेछ ।**

**यस पटक प्रस्तुत छ- क. मोहनविक्रमको कार्यपत्र । यसमाथि भएका आलोचनात्मक टिप्पणीहरू पनि यसै अंकमा प्रस्तुत गर्ने हाम्रो योजना थियो । तर स्थानाभावका कारणले ती टिप्पणीहरू यस अंकमा प्रकाशित गर्न सकेनौं । ती आगामी अंकमा प्रकाशित गरिने छन् । -मूल्याङ्कन**

सर्वप्रथम मैले "वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरुद्धको संघर्षको प्रश्न" बारे हुन गइरहेको यो विचार-गोष्ठीमा उपस्थित सबै अतिथि वक्ता, टिप्पणीकार र श्रोताहरूको अभिनन्दन गर्न चाहन्छु । त्यसको साथै आजको यति महत्त्वपूर्ण सान्दर्भिक प्रश्नमा विचार-गोष्ठीको आयोजना गरेकोमा तथा उक्त कार्यक्रममा मलाई कार्यपत्र प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा यो विचार-गोष्ठीका आयोजकहरूप्रति पनि म आभार प्रकट गर्दछु ।

कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरुद्ध संघर्षको प्रश्न एउटा विश्वव्यापी विशेषता र अनिवार्यता हो । वास्तवमा हेर्ने हो भने यस प्रकारको आवश्यकता कम्युनिष्ट आन्दोलनमा मात्र हुन्न । जीवनका सबै क्षेत्रहरूमा कुनै निश्चित उद्देश्यको प्राप्तिको लागि त्यसको विकासमा बाधा पुऱ्याउने सबै पक्ष, तथ्य वा कति राम्रो हुन्छ भन्ने कुरा त्यस प्रकारको प्रक्रियालाई कति लगातार र सफलतापूर्वक अगाडि बढाउन सकिन्छ भन्ने कुरामाथि निर्भर गर्दछ ।

खालि कम्युनिष्ट आन्दोलन मात्र होइन, कुनै प्रतिक्रियावादी सामाजिक व्यवस्था, राजनैतिक शक्ति वा धर्मलाई नै हेरौं । त्यहाँ पनि आफ्नो स्थायित्व वा विकासका लागि उनीहरू लगातार आफ्ना भित्रबाट उत्पन्न हुने र आफ्नो आधारभूत उद्देश्य र चरित्रसित मेल नखाने प्रवृत्ति वा बाधाहरूको रोकथाम, नियंत्रण वा निवारणका लागि प्रयत्नशील वा संघर्षशील हुन्छन् । कृष्ण भन्दछन्:- "यदा यदा ही धर्मस्य ग्लानिर्भवती भारत..." जब जब संसारमा धर्मको पतन हुन थाल्नेछ, उनले (भगवानले) धर्म विरोधीहरूको विनाश गरेर धर्मको पुनर्स्थापना गर्नका लागि अवतार लिनेछन् । सबै धर्महरूमा आफ्ना मान्य सिद्धान्त वा आदर्शहरूका विरुद्ध देखा पर्ने प्रवृत्ति, विचार वा प्रयत्नहरूको रोकथामका लागि कैयौं नियम वा आचारसंहिता बनाइएको हुन्छ वा तिनीहरूको उल्लंघन गर्नेहरूका विरुद्ध विभिन्न प्रकारका कारवाहीहरू वा निस्काशनको व्यवस्था हुन्छ । हिन्दू धर्ममा जातिपातिबारे निर्धारित आचार संहिताको उल्लंघन गर्नेहरूलाई आफ्नो जातिबाट निस्काशित गर्ने, तल्लो जातमा

झार्ने वा अन्य विभिन्न प्रकारका प्रताडना, दण्ड जरिवाना वा मृत्युपछि यमराजद्वारा भयानक दण्डहरूको व्यवस्था, त्यस प्रकारका केही उदाहरणहरू हुन् ।

इतिहासको प्रत्येक कालमा प्रतिक्रियावादी शासक वर्ग वा राजनैतिक शक्तिहरूले आफ्नो सामाजिक व्यवस्थाभित्र देखा पर्ने ध्वंसात्मक कारणहरूमाथि विजय प्राप्त गरेर आफ्ना प्रतिक्रियावादी व्यवस्थाहरूलाई स्थायी बनाउने प्रयत्न गरेका छन् । यो कुरा बेग्लै हो कि इतिहासको विकासको नियमसित मेल नखाने उनीहरूका प्रयत्नहरू अन्ततः सफल हुने गर्दैनन् । तैपनि ती कुराहरूबाट कुनै पनि सिद्धान्त, व्यवस्था वा आन्दोलनको सफलता, स्थायित्व वा विकासका लागि त्यस प्रकारको संघर्ष अनिवार्य शर्त हो भन्ने कुरामा कुनै शंका रहन्न । प्रतिक्रियावादी शक्तिहरूले ऐतिहासिक र वस्तुगत बाध्यता अनुसार आफ्ना व्यवस्थाहरूमा कैयौं परिवर्तनहरू गर्दछन् । तर आफ्नो व्यवस्थाको आधारभूत चरित्र र विशेषतालाई सधैं सुरक्षित राख्ने प्रयत्न गर्दछन् । दास युगबाट सामन्तवाद, पूँजीवाद आदिमा परिवर्तन वा निरंकुश राजतंत्र, अधिनायकवाद वा फासिवादलाई इतिहासको आवश्यकता अनुसार परिवर्तनका बावजूद उनीहरूले आफ्नो आधारभूत विशेषता, मेहनतकश जनतामाथिको प्रभुत्व वा एक वा अर्को प्रकारले जनतामाथिको शोषण, उत्पीडनलाई सुरक्षित राख्ने प्रयत्न गर्दछन् । त्यस्तै कुनै प्रतिक्रियावादी राजनैतिक पार्टीले पनि आफ्नो भित्र देखा पर्ने, आफ्ना मान्य आधारभूत सिद्धान्त वा नीतिहरूसित मेल नखाने विचार वा गतिविधिमाथि रोकथाम र नियंत्रणका लागि लगातार प्रयत्न गरिरहन्छन् ।

विषयमा प्रवेश गर्नुभन्दा पहिले माथि विभिन्न विषयहरूको केही विस्तारपूर्वक चर्चा गर्नुका पछाडिको अभिप्राय यो स्पष्ट गर्नु हो कि कम्युनिष्ट आन्दोलनमा बेग्ला-बेग्लै अवसरवादी प्रवृत्तिहरूका विरूद्ध संघर्षमा जुन जोड दिइन्छ, त्यो खालि कम्युनिष्ट पार्टीसित मात्र सम्बन्धित कुरा नभएर जीवन र समाजका सबै क्षेत्रहरूमा लागू हुने र देखा पर्ने कुरा हो । आज देशमा कम्युनिष्ट आन्दोलनका समर्थक वा शुभेच्छुकहरूले कम्युनिष्ट पार्टीभित्र प्रायशः देखा पर्ने मतभेद, अंतरसंघर्ष, फूट, मतमतान्तर आदिका लागि दुःख प्रकट गर्दछन् वा कतिपय अवस्थामा तिनीहरूबाट निराश, निष्कृय भएर कम्युनिष्ट आन्दोलनबाट अलग पनि हुने गर्दछन् । त्यसैले आज देशमा कम्युनिष्ट पार्टीका नाममा विद्यमान बेग्लाबेग्लै समूह, उनीहरूका बीचका अंतरसंघर्ष वा एक अर्काका विरूद्धका अरोप-प्रत्यारोपका कारणले पनि कम्युनिष्ट आन्दोलनबाट तटस्थ वा अलग पनि हुन्छन् । यस प्रकारका सोचाइहरू, जो कतिपय अवस्थामा उच्च प्रकारका बुद्धिजीवीहरूमा पनि देखा पर्दछन्, ले प्रकृति, समाज र विचारका क्षेत्रमा चल्ने द्वन्द्वात्मक नियमप्रतिको उनीहरूको अज्ञानता र पिछडिएको सोचाइ, भावुकता वा बाल-सुलभ सरलतालाई नै बताउँछन् । जुन नियमले सम्पूर्ण प्रकृति, समाज र विचारको क्षेत्रमा काम गर्दछ, त्यो नियमबाट कम्युनिष्ट पार्टी पनि कसरी अलग वा अपवाद हुन सक्दछ ?

कम्युनिष्ट पार्टीभित्र कुनै मतभेद नहोस्, अंतरसंघर्ष नहोस्, गुटबन्दी नहोस्, फूट नहोस्, पार्टी र आन्दोलनमा कुनै भडकाव देखा नपरोस्, कोही अवसरवादी नबनून्, कसैले गद्दारी नगरून्, पार्टी र क्रान्तिका लागि सबैले आफूलाई सम्पूर्ण रूपले समर्पण गरून्, सबै शुद्ध, सबै क्रांतिकारी, सबै एकतावद्ध र सबै अनुशासित होउन्, यस प्रकारका कल्पना मिठो हुन सक्छन् । तर त्यस प्रकारका कल्पनाहरू केटाकेटीहरूका संसारमा नै सत्य हुन सक्दछन् वा कविहरूका कल्पनामा । वास्तविक र व्यवहारिक जगतमा होइन । भनिन्छ- एकपल्ट बुद्धकहाँ एउटी शोकाकूल महिला गइन् । उनले बुद्धसित आफ्नो भर्खर मरेको छोरालाई जीवित गरिदिन अनुरोध गरिन् । बुद्धले उनको प्रार्थनालाई सिधै असंभव बताएनन् । तर उनलाई भने- म तपाईंको छोरालाई बचाइदिन्छु, तर मलाई अलिकति यस्तो घरको खरानी ल्याएर दिनुहोस्, जुन घरमा कहिल्यै पनि कोही मरेको नहोस् । वृद्ध महिलाले सारा शहर घुमिन् तर कुनै यस्तो घर पाइनन् जहाँ कहिल्यै कोही मरेको नहोस् । अन्तमा उनले बुद्धकहाँ आएर त्यो कुरा बताइन् । त्यसरी बुद्धले उनलाई स्वयं उनको अनुभवबाट यो ज्ञान गराए कि मृत्युबाट बच्ने कुनै उपाय छैन- कुनै पनि व्यक्तिको मृत्युपछि पुनः जीवित हुनु संभव छैन । त्यही कुरा कम्युनिष्ट आन्दोलनभित्रका मतभेद, फूट वा त्यसमा देखा पर्ने बेग्ला-बेग्लै मत-मतान्तरबारे पनि सत्य हो ।

नेपालको कम्युनिष्ट आन्दोलनभित्रका मतभेद, अंतरसंघर्ष, फूट आदिबाट दुःखित, निराश, निष्कृय वा अलग हुन चाहने शुभेच्छुक, मित्रहरूसित अत्यन्त विनम्रता र गंभीरतापूर्वक हामी यो अनुरोध गर्न चाहन्छौं, तपाईंहरू कृपया विश्व कम्युनिष्ट आन्दोलनको इतिहासको कुनै एउटा पार्टीको उदाहरण बताइदिनुहोस्, जुन पार्टीमा कहिल्यै कुनै मतभेद, अंतरसंघर्ष, फूट देखा नपरेको होस् वा त्यसभित्र कसैका विरूद्ध अनुशासनको कारवाही गर्न पर्ने आवश्यकता नपरेको होस् । कम्युनिष्ट आन्दोलनमा मात्र होइन, संसारका अन्य राजनैतिक, धार्मिक, सामाजिक, साहित्यिक आदि संगठनहरू पनि त्यो नियमबाट अपवाद छैनन् । बुद्ध, इशा मसिहा, पैगम्बर मोहम्मदद्वारा चलाइएका धार्मिक सम्प्रदाय वा गांधीले नेतृत्व गरेको भारतीय कांग्रेस पनि त्यो नियमबाट बच्न सकेनन् । अनि अंतरविरोध, द्वन्द्व र अंतरसंघर्षलाई नै विकासको आधार मान्ने कम्युनिष्ट आन्दोलन र त्यही संदर्भमा नेपालको कम्युनिष्ट आन्दोलनमा देखा पर्ने त्यस प्रकारका मतभेद, अंतरसंघर्ष वा मत मतान्तरका कारणले दुखित, निराश हुने र तिनीहरूका आधारमा सम्पूर्ण कम्युनिष्ट आन्दोलनको औचित्यतालाई नै अस्वीकार गर्ने सोचाइलाई कहाँसम्म सही मान्न सकिन्छ ? स्वतः प्रष्ट छ ।

> **परिस्थितिमा परिवर्तन भइसकेपछि पनि पुरानै सोचाइमा अडिरहनु कट्टरपंथिता हुन्छ भने वस्तुगत अवस्थाको अतिक्रमण गरेर वा भविष्यमा मात्र सही हुन सक्ने विचारहरुलाई अपनाउनु "वामपन्थी लफ्फाजी" हुन्छ। पहिलो गलत सोचाइको परिणाम दक्षिणपन्थी र दोस्रो प्रकारको सोचाइको परिणाम "उग्र वामपंथी" अवसरवाद हुन सक्दछ।**

कम्युनिष्ट आन्दोलनमा विभिन्न प्रकारका मतभेद, भडकाव, फूट आदि देखा पर्नु स्वभाविक र अनिवार्य छ । तर त्यसको अर्थ ती सबै सही हुन्छन् भन्ने होइन । कम्युनिष्ट पार्टी सर्वहारा वर्गको पार्टी हो । यसको दर्शन सर्वहारा वर्गको दर्शन, यसको अन्तिम उद्देश्य मेहनतकश जनताको सम्पूर्ण रूपमा मुक्ति, सबै प्रकारका शोषण र उत्पीडनको अन्त तथा शोषणविहीन समाजको स्थापना हो, साम्यवादी समाजको स्थापना हो । तर यो एउटा दीर्घकालीन संघर्ष हो, जो कैयौं ऐतिहासिक चरणहरूमा पूरा हुन सक्दछ । यो लामो प्रक्रियाका दौरानमा पार्टीले कैयौं बेग्ला-बेग्लै रणनीति र कार्यनीतिहरू ठेगान गर्न पर्ने, संघर्ष र संगठनका बेग्ला-बेग्लै रूपहरू अपनाउनु पर्ने आवश्यकता हुन्छ । यी सबै कुराहरूबारे हामीले एकातिर आत्मगत सिद्धान्तहरू र अर्कोतिर बेग्ला-बेग्लै देश र कालका परिस्थितिहरूको ऐतिहासिक भौतिकवादी प्रकारले विश्लेषण गरेर, संक्षिप्तमा, ठोस परिस्थितिको ठोस विश्लेषण गरेर, आफ्ना नीति र कार्यक्रमहरू निर्धारित गर्नु पर्ने आवश्यकता हुन्छ । यो सम्पूर्ण प्रक्रियाका दौरानमा इमान्दार मार्क्सवादी-लेनिनवादीहरूका बीचमा पनि बेग्ला-बेग्लै मतहरू देखा पर्न सक्दछन् । आधारभूत सिद्धान्त, उद्देश्य र दुश्मन वर्गहरूका विरूद्धको वर्ग-संघर्ष वा त्यो संघर्षमा आफूलाई सम्पूर्ण रूपले समर्पण, सबै प्रकारका त्याग, बलिदान र उत्सर्गका लागि तयार भएर पनि कुन नीति, कार्यक्रम, कार्यपद्धति, कार्यदिशा वा कार्यशैली अपनाउँदा क्रान्तिलाई बढी मद्दत पुग्न सक्दछ ? बेग्ला-बेग्लै कामरेडहरूको विषयलाई हेर्ने बेग्ला-बेग्लै



क. मोहनबिक्रम सिंहको कार्यपत्र वाचन गर्दै नेकपा (मसाल) का प्रवक्ता क. बिनानाथ शर्मा

कोण, सैद्धान्तिक स्तर, अनुभव, राजनैतिक पृष्ठभूमि आदिका कारणले उनीहरूको सोच्ने तरिका र उनीहरूले निकाल्ने निष्कर्षहरू बेग्ला-बेग्लै हुन सक्दछन् । त्यस प्रकारका मतभेद राख्ने कामरेडहरू सच्चा क्रान्तिकारी, इमान्दार वा पार्टी र क्रान्तिप्रति सम्पूर्ण रूपले समर्पित भए पनि उनीहरूले प्रकट गर्ने ती बेग्ला-बेग्लै विचारहरू सही नभएर तीमध्ये कैयौं गलत हुन सक्दछन । त्यस्ता गलत विचारहरूबाट क्रान्तिलाई नोक्सान पुग्ने संभावना हुन्छ ।

आजको समाजमा निम्न पूँजीवादी तत्वहरूको आधिक्यता छ, कम्युनिष्ट पार्टीको सदस्यताको श्रोत पनि मुख्यतः तिनीहरू नै हुन्छन् । कम्युनिष्ट पार्टी सर्वहारा वर्गको पार्टी हो । यसले सर्वहारा विश्व दृष्टिकोणलाई मानेर त्यसका आधारमा कार्य गर्नु पर्दछ । तर निम्न पूँजीवादी तत्वहरूको अधिकताका कारणले पार्टीमा थुप्रै निम्न पूँजीवादी अर्थात् गैरसर्वहारा वर्गीय दोष, असंगति, कमजोर प्रवृत्तिहरू देखा पर्ने गर्दछन् । त्यसले कम्युनिष्ट पार्टीको कार्यक्रम, नीति, कार्यशैलीमा कैयौं प्रकारका गलत सोचाइ र विभिन्न प्रकारका अवसरवाद, अराजकता, दक्षिणपंथी वा उग्र "वामपंथी" भडकाव, निष्कृयता, पलायन, गद्दारी आदि देखा पर्दछन् र तिनीहरूका कारणले कम्युनिष्ट आन्दोलनलाई क्षति पुग्ने मात्र होइन, कैयौं पल्ट कम्युनिष्ट पार्टीको चरित्रले नै गैरक्रान्तिकारी वा गैरकम्युनिष्ट दिशा र रूप लिने खतरा रहन्छ । त्यस प्रकारको अवस्थामा कुनै पार्टी वा संगठन बाह्य प्रकट र संगठनात्मक रूपले कम्युनिष्ट पार्टी छँदाछँदै पनि सार रूपमा कम्युनिष्ट पार्टीको अत हुने स्थिति पनि उत्पन्न हुने गर्दछ ।

कम्युनिष्ट आन्दोलनलाई समाप्त पार्न दुश्मन शक्तिहरूले लगातार कोशिश गर्दछन् । उनीहरूले कम्युनिष्ट आन्दोलनका विरूद्ध खालि खुला र प्रकट प्रकारको दमन वा हमलाद्वारा मात्र होइन, विभिन्न प्रकारका दार्शनिक या सैद्धान्तिक व्याख्या, कुशल प्रचार, सुधारवादी कार्यक्रम, प्रलोभन वा आफ्ना एजेन्टहरूद्वारा वैकल्पिक कम्युनिष्ट पार्टीहरूको संगठन, कम्युनिष्ट पार्टीभित्र विभिन्न प्रकारको घूसपैठ र उनीहरूद्वारा पार्टीभित्र कैयौं प्रकारका गूटबंदी, षडयन्त्रात्मक गतिविधि, पार्टीभित्र अनुशासनविहीनता र अराजकता पैदा गर्ने, पार्टीलाई फुटाउने, सच्चा कम्युनिष्टहरूलाई कमजोर पारेर वा पार्टीबाट हटाएर पार्टी-नेतृत्व वा पार्टीमा नै कब्जा गर्ने प्रयत्न आदिद्वारा पनि कम्युनिष्ट आन्दोलन वा आधारलाई कमजोर पार्ने प्रयत्न गर्दछन् । कतिपय अवस्थामा यस प्रकारका तत्वहरूले सच्चा कम्युनिष्टहरूले भन्दा बढी सक्रियता वा "क्रान्तिकारीता" को पनि प्रदर्शन गर्ने गर्दछन् । र, त्यसरी पार्टीका सच्चा क्रान्तिकारीहरूलाई समाप्त पार्ने वा उनीहरूको जन आधारलाई [illegible] पार्ने प्रयत्न गर्दछन् । कैयौं पल्ट उनीहरूले कम्युनिष्ट पार्टीमा फूट पारी, त्यसभित्र कब्जा गरेर त्यस्ता कम्युनिष्ट पार्टीहरूको गठन गर्ने प्रयत्न गर्दछन् र तिनीहरूद्वारा यस्ता बेग्ला-बेग्लै नीति, कार्यक्रम वा आन्दोलनहरूलाई संचालन गर्ने प्रयत्न गर्दछन्, जसबाट कम्युनिष्ट आन्दोलनमा बढी भन्दा बढी भ्रम पैदा होस्, यसको आधार कमजोर होस् र त्यसलाई बढी भन्दा बढी क्षति पुगोस् । त्यसका लागि उनीहरू आवश्यता अनुसार चरम दक्षिणपंथी वा उग्र "वामपन्थी" सबै प्रकारका नीतिहरू अगाडि बढाउन तैयार हुन्छन् । विश्व कम्युनिष्ट आन्दोलन र स्वयं हाम्रो देशको इतिहासमा पनि त्यस प्रकारका उदाहरणहरूको कमी छैन ।

कम्युनिष्ट आन्दोलनको दार्शनिक आधार द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद हो । त्यसले यो कुराको माग गर्दछ कि हामीले कुनै पनि बेला आफ्ना कार्यक्रम, नीति वा संघर्षका रूपहरू ठेगान गर्दा परिस्थितिको ऐतिहासिक भौतिकवादी दृष्टिले मूल्यांकन गर्नुपर्दछ । कुनै विकासको क्रममा सिद्धान्त चेतना वा विचार, संक्षिप्तमा आत्मगत पक्षको पनि महत्त्वपूर्ण स्थान हुन्छ र तिनीहरूले आन्दोलनका लागि वस्तुगत परिस्थितिको निर्माण वा विकासमा प्रशस्त मद्दत पुऱ्याउँछन् । तैपनि तिनीहरूको भूमिकाको उपयोगिता र महत्त्व त्यो बेलासम्म रहन्छ, जबसम्म तिनीहरू वस्तुगत जगतका नियमहरूसित मेल खान्छन् ।

**आजको समाजमा निम्न पूँजीवादी तत्वहरूको आधिक्यता छ, कम्युनिष्ट पार्टीको सदस्यताको श्रोत पनि मुख्यतः तिनीहरू नै हुन्छन् ।**



मार्क्सवाद-लेनिनवाद, माओ त्से तुंग विचारधाराले चेतना र वस्तुगत अवस्थाको अंतरसम्बन्ध वा आन्दोलनको रूप ठेगान गर्दा वस्तुगत परिस्थितिको ऐतिहासिक छानबिनको आवश्यकता वा लेनिनका शब्दमा, ठोस परिस्थितिको ठोस विश्लेषणबारे काफी प्रकाश हालेको छ । कैयौं पल्ट यस्तो हुन्छ कि क्रान्तिप्रतिको अदम्य उत्साह, जोश, निर्णयात्मक र क्रान्तिकारी संघर्षका लागि आवश्यक तैयारी गर्ने क्षमताको कमी, क्रान्तिको तैयारीका सिलसिलामा पूरा गर्नुपर्ने सामान्य कार्यहरूप्रतिको अरूचि, अधैर्यता, शीघ्र विजयको तीव्र आकांक्षा वा कतिपय अवस्थामा व्यक्तिगत महत्त्वकांक्षा, क्रान्तिकारिताको आत्मप्रदर्शन, क्यारिरिष्ट सोचाइहरू वा भाइचारा पार्टीहरूको यान्त्रिक अन्धानुकरणका कारणले पनि कैयौं क्रान्तिकारीहरू संघर्षको कुनै रूप ठेगान गर्दा वस्तुगत परिस्थितिको ऐतिहासिक छानबिनसित सम्बन्धित मार्क्सवाद-लेनिनवाद-माओ त्से तुंग विचारधाराका आधारभूत पथप्रदर्शक सिद्धान्तहरूमाथि ध्यान दिन असमर्थ हुन्छन् र उनीहरू वस्तुगत प्रक्रियालाई अतिक्रमण गरेर अगाडि बढ्न चाहन्छन्, त्यस प्रकारका प्रवृत्तिहरूबाट पनि कम्युनिष्ट आन्दोलनमा प्रशस्त क्षति पुग्ने गर्दछ ।

मार्क्सवाद कुनै जड सिद्धान्त होइन, यो रूढी होइन । कम्युनिष्ट पार्टीले कुनै खास ऐतिहासिक परिस्थितिमा अपनाउने नीति वा कार्यक्रमहरू सधैंका लागि सही हुँदैनन् र वस्तुगत अवस्थामा हुने परिवर्तन अनुसार तिनीहरूमा सिर्जनात्मक विकास गर्नुपर्ने आवश्यकता हुन्छ । त्यो क्रममा कैयौं पुराना कार्यक्रम, नीतिहरूलाई छाडेर नयाँ अपनाउनु पर्ने आवश्यकता हुन्छ । तर वस्तुगत अवस्थाको सही विश्लेषण र त्यस अनुसार सही नीतिको निर्धारण सधै एउटा कठीन र जटिल प्रक्रिया हुन्छ । त्यो दौरानमा कुनै बेला कट्टरपंथिता र कुनै बेला "वामपंथी" लफ्फाजीको शिकार हुने खतरा हुन्छ । परिस्थितिमा परिवर्तन भइसकेपछि पनि पुरानै सोचाइमा अडिरहनु कट्टरपंथिता हुन्छ भने वस्तुगत अवस्थाको अतिक्रमण गरेर वा भविष्यमा मात्र सही हुन सक्ने विचारहरूलाई अपनाउनु "वामपन्थी लफ्फाजी" हुन्छ । पहिलो गलत सोचाइको परिणाम दक्षिणपन्थी र दोस्रो प्रकारको सोचाइको परिणाम "उग्र वामपंथी" अवसरवाद हुन सक्दछ । दुवै प्रकारका गलत सोचाइका आधारभूत विशेषता यो हुन्छ कि उनीहरूका सोचाइहरूले वस्तुगत स्थितिसित मेल खान्नन् र तिनीहरू मुख्यतः आत्मगत धारणाहरूमाथि आधारित हुन्छन ।

उपरोक्त बेग्ला-बेग्लै कारणहरूबाट (अरू पनि कैयौं कारणहरू हुन सक्दछन्) कम्युनिष्ट पार्टीभित्र देखा पर्ने बेग्ला-बेग्लै गलत सोचाइ, कार्यक्रम, नीति, कार्यशैली, दोष, असंगति वा कमजोरीहरूले कम्युनिष्ट आन्दोलनमा काफी क्षति पुग्दछ । त्यही क्रममा कम्युनिष्ट आन्दोलनमा बेग्ला-बेग्लै प्रकारका अवसरवाद वा भडकावहरू देखा पर्दछन् । निश्चय नै, त्यसरी देखा पर्ने कुरा सही वा गलत हुन् ? यो छुट्याउनु सरल कुरा होइन ।

कुन कुरा दक्षिणपंथी वा वामपन्थी अवसरवाद हो र होइन ? कुन कुरा मार्क्सवादमा सृजनात्मक विकास हो वा दक्षिणपन्थी वा "वामपन्थी" प्रकारको संशोधनवाद ? त्यो लामो सैद्धान्तिक छलफल, दुई लाइनको संघर्ष वा व्यवहार र संघर्षका दौरानमा छुट्टिँदै जाने कुरा हुन् । शायद् भविष्य र इतिहासले त्यसबारे निर्णय गर्नेछ वा गर्दै जाने छ । तैपनि त्यसरी सबै कुरा भविष्य र इतिहासका जिम्मामा छाडेर तत्कालका लागि कम्युनिष्ट आन्दोलनमा देखा पर्ने सिद्धान्त, कार्यक्रम, कार्यनीति, कार्यशैली र संघर्षका रूपहरू संबन्धी सबै प्रकारका विचारहरूबारे तटस्थ वा सबैप्रति समन्वय र सम्झौताको रूख अपनाउन सकिँदैन ।

हामीले इतिहासका प्रत्येक चरणमा उपलब्ध सबै सामग्रीहरू, एकातिर सैद्धान्तिक पक्ष र अर्कातिर वस्तुगत अवस्थाको मूल्यांकन गरेर के सही हो ? र के गलत हो ? त्यो छुट्याउने प्रयत्न गर्नुपर्छ र सही निष्कर्षमा पुग्ने प्रयत्न गर्नु पर्छ । निश्चय नै यो लगातार चलिरहने प्रक्रिया हो र हुनु पर्दछ । त्यो प्रक्रियाका दौरानमा हामीले यी कुराहरूमाथि सधैं ध्यान दिनु पर्दछ । *प्रथम,* सिद्धान्त, कार्यनीति, कार्यक्रम वा संघर्ष र संगठनका रूपहरू सम्बन्धी गलत सोचाइ र कार्य प्रणालीहरूले अवश्य पनि कम्युनिष्ट आन्दोलनमा क्षति पुऱ्याउँदछन् । त्यस कारण तिनीहरूका विरूद्ध सधैं आवश्यकता अनुसार सैद्धान्ति, राजनैतिक वा संगठनात्मक संघर्ष चलाउनु पर्दछ । *द्वितीय,* त्यस प्रकारको संघर्षलाई सधै समान र यान्त्रिक प्रकारले चलाउनु हुन्न । उनीहरूको स्वरूप र प्रकृति, कम्युनिष्ट आन्दोलमा तिनीहरूबाट पुग्ने क्षतिको संभावना आदिमाथि ध्यान दिँदै त्यस प्रकारको संघर्षलाई आवश्यकतानुसार आन्तरिक, प्रकट, नरम, कडा, मैत्रीपूर्ण वा शत्रुतापूर्ण तरीकाले चलाउने नीति अपनाउनु पर्दछ । *तृतीय,* कुनै पक्षको वस्तुगत चरित्र, त्यसका सोचाइ, कार्य प्रणालीहरू, आन्दोलनको अवस्था वा कुनै पक्षप्रतिको हाम्रो मूल्याङ्कनमा परिवर्तन भएपछि वा कुनै पक्षप्रतिको हाम्रो पहिलेका सोचाइहरू गलत साबित भएपछि त्यसप्रतिको आफ्नो संघर्षका रूपलाई बदल्न हामी सधैं तत्पर रहनु पर्दछ । नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरूद्ध संघर्षका प्रश्नबारे पनि हामीले उपरोक्त कुराहरूमाथि ध्यान दिएर नै विचार गर्नु पर्दछ ।

आज नेपाली कम्युनिष्ट आन्दोलनमा अवसरवादका विरूद्धको संघर्षको प्रश्नलाई दुई भागमा बाँडेर विचार गर्नु राम्रो हुनेछ :

*प्रथम,* दक्षिणपन्थी अवसरवादका विरूद्ध संघर्षको प्रश्न, *द्वितीय,* वामपंथी अवसरवादका विरूद्ध संघर्षको प्रश्न, नेपालको कम्युनिष्ट आन्दोलनको वर्तमान सन्दर्भमा दक्षिणपंथी अवसरवादको धारालाई प्रमुख रूपमा एमालेले र वामपंथी अवसरवादको धारालाई प्रमुख रूपमा माओवादी समूहले प्रतिनिधित्व गर्दछ । त्यसकारण दक्षिणपंथी वा वामपंथी अवसरवादका विरूद्धको संघर्षको प्रश्नहरूमाथि उनीहरूकै सन्दर्भमा चर्चा गर्नु उचित हुनेछ । निश्चय नै त्यसको अर्थ उक्त दुवै प्रकारका अवसरवादी धाराहरू त्यहीसम्म सीमित छन् भन्ने निष्कर्ष निकाल्नु सही हुने छैन । तैपनि उक्त प्रमुख दक्षिणपन्थी अवसरवादी वा वामपंथी अवसरवादी धाराहरूको चर्चाबाट, जसको क्रमश एमाले र माओवादी समूहहरूले प्रतिनिधित्व गर्दछन्, आजको नेपालको कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी वा वामपंथी अवसरवादको विरूद्ध संघर्षको स्वरूप, स्थिति र समस्या काफी हदसम्म स्पष्ट हुनेछ । त्यसका आधारमा देशको कम्युनिष्ट आन्दोलनलाई सही दिशामा अगाडि बढाउन उक्त दुवै धाराहरूका विरूद्धको संघर्षको आवश्यकता र महत्त्व के छ ? त्यो पनि स्पष्ट हुनेछ ।

एमालेले आफूलाई नेपालको कम्युनिष्ट आन्दोलनको मूल प्रवाह बताउँछ । त्यो दावीमा बिलकुल सत्यता छैन भनेर सोच्नु गलत हुनेछ । एमालेले एउटा मूल प्रवाहको प्रतिनिधित्व गर्दछ । तर सम्पूर्ण नेपाली कम्युनिष्ट आन्दोलनको होइन । कम्युनिष्ट आन्दोलनको दक्षिणपंथी अवसरवादी पक्षको मूल प्रवाहको गत कालमा देशमा सानातिना गुटहरूमा छरिएका वा विभिन्न समूहहरूबाट फुटेका सबै दक्षिणपंथी अवसरवादी गुट वा व्यक्तिहरूले एमालेमा प्रवेश गर्दै गइरहेका छन् । त्यसरी यो भन्नका लागि काफी आधार छ कि एमालेले नेपाली कम्युनिष्ट आन्दोलनको दक्षिणपंथी मूल प्रवाहको प्रतिनिधित्व गर्दछ । केही दशक पहिले त्यस प्रकारको दक्षिणपंथी अवसरवादी प्रवाहको प्रतिनिधित्व डा. केशरजंग रायमाझीको गूटले गर्दथ्यो । अन्तमा त्यो गद्दार गूटमा परिणत भयो र त्यसको विसर्जन भयो । जुन मूल प्रवाहको कुनै दिन रायमाझी गूटले प्रतिनिधित्व गर्दथ्यो, त्यसको उत्तराधिकारीको रूपमा आज एमाले अगाडि आएको छ । बताइरहनु पर्ने आवश्यकता छैन कि डा. केशरजंग रायमाझीको गूटले भन्दा त्यसको उत्तराधिकारीका रूपमा देखा परेको एमालेले दक्षिणपंथी अवसरवादी मूल प्रवाहको प्रतिनिधित्व कैयौं गुणा सशक्त, सफलतापूर्वक र एक प्रकारले "सम्मानजनक" तरीकाले पनि गरिरहेको छ ।

एमालेद्वारा रायमाझी गूटको दक्षिणपंथी अवसरवादी धाराको कैयौं गुणा बढी सशक्त, सफल र "सम्मानजनक" प्रतिनिधित्वको संदर्भमा कतिपय कुराहरू प्रष्ट हुनु पर्ने आवश्यता छ । *प्रथम,* एमाले समूह रायमाझी गूट जस्तै गद्दार गूटमा परिणत भइसकेको छैन र त्यो अझै देशभक्त र जनतान्त्रिक समूहका रूपमा छ, यद्यपि देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरूप्रतिको आफ्नो सम्झौतापरस्त चरित्रका कारणले त्यो गद्दारीको दिशामा बढिरहेको छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूसित त्यसले गद्दारी गरिसकेको छ । तैपनि आजको सन्दर्भमा कसलाई गद्दार भन्ने ? त्यो कुराको निर्धारण राष्ट्रियता, जनतन्त्र र जनताका प्रगतिशील मागहरूका लागि चल्ने जनआन्दोलनमा कुनै पक्षले सम्पूर्ण रूपले गद्दारी गरिसकेको छ वा छैन ? त्यसका आधारमा नै गर्नु पर्दछ । त्यस प्रकारले हेर्दा एमालेले देशी र विदेशी दुश्मन शक्तिहरूप्रति सम्झौतापरस्त नीति अपनाए पनि उहीहरूको दलाल नै भइसकेको छैन र राष्ट्रियता, जनतन्त्र र जनताका प्रगतिशील मागहरूका लागि चल्ने आन्दोलनमा सम्पूर्ण रूपले गद्दारी नै गरिसकेको छ भन्नका लागि आधार तैयार भइसकेको छैन । भोलि त्यसको अन्तिम परिणति रायमाझी गूटको जस्तो हुने छ वा त्यसभित्र चल्ने कुनै अन्तरसंघर्षको परिणामस्वरूप त्यो प्रक्रिया रोकिने छ वा उल्टिने छ ? त्यो भविष्यमा थाहा हुने कुरा हो । भविष्यमा जुन परिणाम अगाडि आउनेछ, त्यसलाई त्यही रूपमा बुझ्ने वा व्याख्या गर्नु पर्ने छ । भविष्यमा सत्य हुन सक्ने कुनै कुरालाई अहिले नै निर्णय गर्नु सही तरीका हुने छैन ।

*द्वितीय,* जुन बेला डा. केशरजंग रायमाझीले दक्षिणपंथी धाराको प्रतिनिधित्व गर्दथे, त्यो बेलाको र अहिलेको अंतर्राष्ट्रिय र राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भारी अन्तर छ । त्यो बेला अर्थात् केशरजंग रायमाझीको कालमा, विश्वस्तरमा र नेपालमा पनि वामपंथी कम्युनिष्ट आन्दोलन शक्तिशाली अवस्थामा थियो । पुस २०१७ सालको राजनैतिक संदर्भमा रायमाझी गूटले राजाको पक्ष लिएकोले पनि उनी बढी बदनाम हुन गएका थिए र त्यसले उनको स्थितिलाई कमजोर

**नेपालको कम्युनिष्ट आन्दोलनको वर्तमान सन्दर्भमा दक्षिणपंथी अवसरवादको धारालाई प्रमुख रूपमा एमाले र वामपंथी अवसरवादको धारालाई प्रमुख रूपमा माओवादी समूहले प्रतिनिधित्व गर्दछ ।**



बनाएको थियो । तर आज विश्वस्तरमा नै वामपंथी कम्युनिष्ट आन्दोलन अत्यन्त कमजोर भएको छ । माओ त्से तुंगको निधनपछि चीनमा भएको प्रतिक्रान्ति र त्यसपछि विश्वका पहिलेका कैयौं मार्क्सवादी-लेनिनवादी पार्टी वा समूहरूले अवसरवादको बाटो समातेका छन् । त्यसले गर्दा वामपन्थी कम्युनिष्ट आन्दोलनका तुलनामा दक्षिणपन्थी अवसरवाद शक्तिशाली मात्र भएको छैन, दक्षिणपंथी अवसरवादी आधार र वातावरण तयार भएको छ । अर्थात् आज विश्वस्तरमा यस्तो आधार र वातावरण तयार भएको छ कि क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूको परित्याग वा देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरूप्रतिको सम्झौतापरस्त नीतिका बावजूद कैयौं पार्टी वा संगठनहरूले आफूलाई सम्मानजनक प्रकारले कम्युनिष्ट पार्टीका रूपमा प्रस्तुत गर्न सक्दछन् । त्यस प्रकारको राष्ट्रिय र अंतर्राष्ट्रिय परिस्थितिबाट एमालेलाई लाभ पुगेको छ र त्यही प्रकारको परिस्थितिले गर्दा दक्षिणपंथी अवसरवादको मूल प्रवाहलाई प्रतिनिधित्व गर्नुका बावजूद एमाले डा. केशरजंग रायमाझी गुटको तुलनामा कैयौं गुणा शक्तिशाली बन्न पुगेको छ ।

जे होस्, एमालेले नेपालको कम्युनिष्ट आन्दोलनमा दक्षिणपंथी अवसरवादको मूल प्रवाहको प्रतिनिधित्व गर्दछ । यसले मार्क्सवाद-लेनिनवादको "सिर्जनात्मक विकास र प्रयोग" का नाममा सबै क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरू छाडिसकेको छ । अब त्यसले पूरै उपयोगितावाद (Pragmatism) लाई अपनाएको छ । त्यस कारण अब त्यो संगठन कम्युनिष्ट पार्टीको रूपमा बाँकी रहेको छैन । उसले मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई मात्र परित्याग गरेका छैन, राष्ट्रियता र जनतान्त्रिक आन्दोलनबाट पनि पछाडि हट्दै गइरहेको छ । त्यसरी त्यो संगठन डा. रायमाझीको गुट जस्तै गद्दार गुटमा बदलिंदै गइरहेको छ, यद्यपि त्यो अझै त्यो रूपमा परिणत भइसकेको भने छैन ।

एमाले कम्युनिष्ट पार्टी होइन । विश्वस्तरमा त्यो संगठन ती संगठनहरूको श्रेणीमा सामेल भइसकेको छ, जसले अझै आफूलाई कम्युनिष्ट पार्टी बताउँछन् तर जसले क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई परित्याग गरिसकेका छन् । तैपनि, त्यो संगठनमा अझै ठूलो संख्यामा यस्ता कार्यकर्ताहरू छन्, जसको वामपन्थी क्रान्तिकारी पृष्ठभूमि रहेको छ र जसले आज पनि इमान्दारितापूर्वक कम्युनिष्ट पार्टीका आदर्श र उद्देश्यहरूप्रति आस्था राख्छन् र जसले कैयौं पल्ट आफ्नो संगठनले लिएको गैर्कम्युनिष्ट वा



**एमालेहरुको समस्या के छ भने उनीहरुले सिद्धान्त र राजनीतिलाई भन्दा संगठनलाई माथि राखेर सोच्ने गर्दछन्**

गद्दारीको दिशाको विरूद्ध आवाज पनि उठाउने गर्दछन् । तर उनीहरूको समस्या के छ भने उनीहरूले सिद्धान्त र राजनीतिलाई भन्दा संगठनलाई माथि राखेर सोच्ने गर्दछन् वा सिद्धान्त र राजनीतिका तुलनामा पार्टीको अनुशासन र एकतालाई बढी प्राथमिकता दिने गर्दछन् । त्यो उनीहरूको एउटा संस्कार नै बनेको छ । त्यसको परिणाम यो भयो कि त्यो संगठन सिद्धान्त र राजनीतिका प्रश्नहरूमा जति पतीत हुँदै गए पनि संगठनात्मक रूपले त्यसको त्यो संगठन मूलतः अखण्डित नै रह्यो । त्यसलाई उनीहरूले आफ्नो उपलब्धि गन्दछन् । तर त्यही कुरा पूर्व मालेको कम्युनिष्ट चरित्रको पतनको कारण बन्न गयो । एउटा कम्युनिष्ट पार्टीमा जब त्यसभित्रका इमान्दार मार्क्सवादी-लेनिनवादीहरूले सिद्धान्त र राजनीतिभन्दा संगठन वा पार्टी एकता र अनुशासनलाई माथि राख्दछन् र पार्टीभित्र विभिन्न रूपमा देखा पर्ने अवसरवाद वा भडकावहरूप्रति उदार वा सम्झौतापरस्त दृष्टिकोण अपनाउँछन्, त्यसको परिणाम के हुँदो रहेछ ? एमाले त्यसको एउटा ज्वलन्त उदाहरण हो । त्यसकारण नकारात्मक प्रकारले एमालेबाट हामीले धेरै कुरा सिक्न सक्दछौं र सिक्नु पर्दछ ।

नेपालको आजको कम्युनिष्ट आन्दोलनमा वामपन्थी अवसरवादको धारालाई माओवादी समूहले प्रतिनिधित्व गर्दछ । त्यसकारण त्यो समूहको अध्ययनले हामीलाई "वामपन्थी अवसरवाद" को स्वरूपलाई बुझ्न मद्दत गर्दछ ।

माओवादी समूहले वामपंथी अवसरवादी धाराको प्रतिनिधित्व गर्दछ । तर यसको स्वरूपलाई ठीकसंग बुझ्न हामीले यसको एउटा खास विशेषताप्रति विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । त्यो विशेषता के हो भने, प्रकट रूपमा यसको स्वरूप "उग्र वामपन्थी" प्रकारको भए पनि सार रूपमा यसको चरित्र र मूल दिशा दक्षिणपंथी अवसरवादी प्रकारको छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यस प्रकारको चरित्रले लिन पियाओको "वामपन्थी अवसरवाद" सित मेल खान्छ । लिन पियाओको लाइन प्रकट रूपमा चरम प्रकारको "उग्र वामपन्थी" प्रकारको थियो, तर त्यसको मूल चरित्र दक्षिणपन्थी अवसरवादी थियो । त्यही कुरा माओवादी समूहको बारेमा पनि सत्य हो । उनीहरूको चरित्र र इतिहासको सम्पूर्ण रूपले अध्ययन गर्दा माओवादी समूहको वामपन्थी अवसरवादले लिन पियाओको वामपन्थी अवसरवादसित नै बढी मेल खान्छ भन्ने कुरामा कुनै शंका रहन्न, यद्यपि देश र काल अनुसार उनीहरूका बीचमा कतिपय अन्तर भएको कुरालाई अस्वीकार गर्न सकिन्न । त्यस प्रकारको एउटा उल्लेखनीय अन्तर यो हो कि माओवादी समूह पूरै दक्षिणपंथी अवसरवादी संगठन बनिसकेको छैन, बरू त्यो दिशामा बढिरहेको छ ।

RIM को १९८४ मा पारित घोषणापत्रमा यो स्पष्ट गरिएको छ कि लिन पियोओवादको मुख्य विशेषता संघर्ष सम्बन्धी नीति निश्चित गर्दा वस्तुगत पक्षको पूरै उपेक्षा गरेर आत्मगत तत्वमाथि नै जोड लिनु थियो । यस प्रकारको प्रवृत्तिले मार्क्सवाद-लेनिनवाद-माओ त्से तुङ्ग विचारधारासित मेल खान्न । जस्तो कि पहिले पनि प्रष्ट गरिएको छ- आत्मगत पक्ष, चेतना वा विचारको पनि विकासक्रममा महत्त्वपूर्ण भूमिका हुन्छ र त्यसले बस्तुगत पक्षको विकासमा मद्दत पुऱ्याउँछ । तर आत्मगत पक्षको त्यस प्रकारको योगदान खालि त्यो बेलासम्म र त्यो अवस्थामा नै सम्भव हुन्छ जब त्यसले (आत्मगत पक्षले) बस्तुगत पक्षको प्रकृति र नियमसित मेल खान्छ । तर लिन पियाओवादले वस्तुगत पक्षको त्यस प्रकारको भूमिकालाई अस्वीकार गर्दछ र त्यो कुरामा जोड दिन्छ कि आत्मगत पक्ष अर्थात् कम्युनिष्टहरूको भूमिकाद्वारा नै क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्छ । त्यही दृष्टिकोणलाई माओवादीहरूले एक वा अर्को प्रकारले माओवादको रूपमा अगाडि बढाइरहेका छन् ।

यो कार्यपत्रमा मैले आज रिमले अगाडि ल्याइरहेको माओवादबारे कुनै चर्चा गर्न चाहन्न र यहाँ मैले मेरो माओवाद सम्बन्धी चर्चा माओवादी समूहको माओवाद सम्बन्धी धारणाहरूसम्म नै सीमित हुनेछ । विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेको माओवादबारे मैले आफ्ना अन्य लेखहरूमा प्रशस्त चर्चा गरिसकेको छु र यहाँ पुनः ती विचारहरूलाई दोहोऱ्याउन उचित र आवश्यक ठान्दिन ।

माओवादी समूले जुन प्रकारका विचारहरूलाई माओवादका रूपमा अगाडि ल्याएको छ, त्यो मार्क्सवाद-लेनिनवाद-माओ त्से तुङ्ग विचारधाराबाट भडकाव हो । अर्को, शब्दमा त्यो लिन पियाओवाद वा अराजकतावाद हो । आजको युग स्टालीन र माओ त्से तुङ्ग दुवैको व्याख्या अनुसार साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो र लेनिनवाद आजको युगको मार्क्सवाद हो तथा रिमको १९८४ मा पारित घोषणा-पत्र अनुसार आजको युगको पथप्रदर्शक सैद्धान्तिक आधार हो । माओ त्से तुङ्ग विचारधारा लेनिनवादमाथि आधारित छ र त्यो लेनिनवादको विरूद्ध जान्न । माओ त्से तुङ्ग विचारधाराले लेनिनवाद, साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो भन्ने मान्यतालाई अस्वीकार गर्दैन । तर माओवादले स्टालीन वा माओको मान्यतालाई अस्वीकार गर्छ । त्यसरी माओवादीहरूले स्पष्ट र निसंदिग्ध रूपले खालि माओ त्से तुङ्ग विचारधारा मात्र होइन, लेनिनवादको पथप्रदर्शक भूमिकालाई पनि अस्वीकार गर्दछन् र माओवादका नाममा लिन पियाओवाद वा अराजकतावादको बाटो समात्छ ।

अन्य देशका माओवादलाई समर्थन गर्ने पार्टी वा संगठनहरूका तुलनामा हाम्रो देशका माओवादीहरूको एउटा बेग्लै र विशिष्ट चरित्र रहेको छ । त्यसप्रति पनि हाम्रो ध्यान जानु पर्ने आवश्यकता

रहेको छ । हाम्रो देशका माओवादीहरूको चरित्रमा रहेको त्यो विशिष्टता हो– उनीहरूको कार्यप्रणालीमा हद दर्जाको अस्थीरता र कार्यप्रर्णालीमा चरम प्रकारको अविश्वसनीयता । अर्को शब्दमा– उनीहरूको भनाइ र गराइका बीचमा हद दर्जाको असन्तुलन भेटिन्छ । त्यसले गर्दा उनीहरूले कुनै बेला सही र क्रान्तिकारी प्रकारको नै नीति अपनाएमा पनि त्यसमाथि विश्वास गर्न मुश्किल पर्दछ ।

माओवादी समूहको "वामपन्थी अवसरवाद" आजसम्म वामपन्थी लफ्फाजीकै स्तरमा सीमित छ । तर करीब एक दशकदेखि वामपन्थी लफ्फाजीकै आधारमा जसरी उनीहरूले "क्रान्तिकारिता" को प्रदर्शन गर्दै आएका छन्, त्यसरी अब कार्यकर्ता र जनतालाई अरू बढी भ्रममा पार्न सक्ने सम्भावनामाथि स्वयं उनीहरूको नै विश्वास समाप्त हुन थालेको छ । त्यसैले अब स्वयं उनीहरू नै यो स्वीकार गर्न थालेका छन् । अब पनि क्रान्तिकारी कारवाहीको थालनी नगर्ने हो भने त्यो वामपन्थी लफ्फाजी नै सावित हुनेछ । वास्तवमा अब उनीहरू त्यही प्रकारको धर्मसंकटको चौराहमा आएर उभिएका छन् । या त उनीहरूले उग्र वामपन्थी दिशा समात्नु पर्ने छ, या उग्र वामपन्थी लफ्फाजीको आधारमा अरू भ्रम दिनु उनीहरूका लागि संभव हुने छैन । अन्तमा परिणाम के हुनेछ ? त्यो भविष्यमा थाहा हुने कुरा हो । तर माओवादीहरूको संपूर्ण चरित्र र अहिलेसम्मको इतिहासको मूल्यांकन गर्दा यो कुरामा कुनै शंका रहन्न कि उनीहरूको वर्तमान चरित्रमा परिवर्तन नहुँदासम्म उनीहरूका लागि क्रान्तिकारी दिशा लिनु सम्भव हुने छैन । उनीहरूले बेग्ला-बेग्लै प्रकारको "क्रान्तिकारिता" को अभिनय गर्न सक्दछन् तर सही क्रान्तिकारी नीति अपनाउन उनीहरूको अवसरवादी चरित्रका कारणले सम्भव छैन । किनभने अन्ततः कुनै अवसरवादी पार्टी संगठन वा समूहका लागि क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी नीति अपनाउनु सम्भव नै हुन्न ।

हामीले पहिले एमालेको दक्षिणपन्थी चरित्रको चर्चाको सन्दर्भमा त्यसको आधार मजबुत हुनुको कारण के हो ? त्यसबारे विचार गरेका थियौं । माओवादीहरूको अवसरवादी चरित्रका बावजूद त्यसको आधार केही न केही मजबूत हुनुका पछाडि पनि देशमा विद्यमान वर्गीय आधारले नै काम गरेको छ । हाम्रो देशमा निम्न पूँजीवादी तत्वहरूको अधिकता छ र कम्युनिष्ट आन्दोलनमा पनि उनीहरूको नै प्रमुख भूमिका रहेको छ । निम्न पूँजीवादी वर्गीय चरित्र दक्षिणपन्थी र वामपन्थी दुवै प्रकारको अवसरवादको स्रोत हुन्छ । त्यस प्रकारको वर्गीय चरित्रले वामपन्थी अवसरवादलाई पनि मद्दत पुऱ्याउँछ । निम्न पूँजीवादीहरूमा मार्क्सवादी-लेनिनवादी सिद्धान्त अनुसार पार्टीको संगठन र क्रान्तिको तैयारी गर्ने धैर्यताको कमी हुन्छ । त्यो कमजोरीले उनीहरूलाई काफी हदसम्म उग्र वामपन्थी भडकावका दिशामा लैजान्छ र त्यसरी त्यो प्रवृत्तिले वामपन्थी अवसरवादलाई बल पुऱ्याउँछ, जो त्यस प्रकारको उग्र वामपन्थी प्रवृत्ति स्वतः दक्षिणपन्थी अवसरवादमा पतीत हुने गर्दछ । त्यस प्रकारको निम्न पूँजीवादी आधारमा नै दुई दशक पहिले माले समूहले काफी युवक र जनतालाई आफ्नो पक्षमा आकर्षित गर्न सक्यो भने अहिले पुनः माओवादी समूहले त्यही आधारमा नै आफ्नो स्थिति मजबूत पार्ने प्रयत्न गर्दैछ । तर अवसरवाद चाहे त्यो दक्षिणपन्थी रूपमा देखा परोस्, चाहे वामपन्थी रूपमा, त्यसले कम्युनिष्ट आन्दोलनमा क्षति नै पुऱ्याउँछ र माओवादी समूहको "वामपन्थी अवसरवादी" लाइनले पनि अन्ततः क्रान्तिलाई क्षति पुऱ्याउने कुरा निश्चित छ । त्यस कारण दक्षिणपन्थी अवसरवादी लाइनका साथै वामपन्थी अवसरवादी लाइनका विरूद्ध पनि सम्झौताहीन प्रकारले सैद्धान्तिक संघर्ष चलाउनु पर्ने आवश्यकता छ । तैपनि आजको विश्वको र नेपालको स्थितिमा पनि दक्षिणपन्थी अवसरवाद नै कम्युनिष्ट आन्दोलनका लागि मुख्य खतरा भएको वास्तविकतामाथि ध्यान दिंदा दक्षिणपन्थी अवसरवादका विरूद्धको सैद्धान्तिक संघर्षले नै प्राथमिक महत्त्व राख्दछ । त्यसको सिधा र स्पष्ट अर्थ यो हुन्छ कि "वामपन्थी अवसरवाद" का विरूद्धको संघर्षलाई पनि लगातार चलाउँदै नेपालमा कम्युनिष्ट आन्दोलनलाई मुख्य क्षति एमालेको दक्षिणपन्थी अवसरवादी लाइनले पुऱ्याएको वास्तविकतामाथि ध्यान दिदा त्यसका विरूद्धको सैद्धान्तिक संघर्षले नै प्राथमिक महत्त्व राख्दछ ।

निश्चय नै वामपन्थी वा दक्षिणपन्थी अवसरवादका विरूद्ध त्यस प्रकारको संघर्ष चलाउने बेलामा हामीले यो पक्षमाथि आँखा चिम्लनु हुन्न कि देशको सम्पूर्ण राजनीतिक स्थितिमाथि ध्यान दिंदा हाम्रो राजनीतिक संघर्ष प्रधानतः देशी वा विदेशी प्रतिक्रियावादीहरूका विरूद्ध नै केन्द्रित हुनु पर्दछ र त्यो संघर्षलाई प्रभावशाली बनाउन आवश्यकता अनुसार दक्षिणपन्थी अवसरवादी समूहहरूसित पनि एकता कायम गर्ने नीति अपनाउनु पर्दछ । देशी वा विदेशी प्रतिक्रियावादी वा दुश्मन शक्तिहरूका विरूद्ध चल्ने संघर्षको प्रवृत्ति शुत्रुतापूर्ण हुन्छ, जबकि कुनै दक्षिणपन्थी वा वामपन्थी अवसरवादी समूहहरू, जसलाई हामीले देशभक्त र जनतान्त्रिक तथा मित्र शक्तिका रूपमा स्वीकार गर्दछौं, तिनका विरूद्ध चल्ने संघर्षको प्रवृत्ति मैत्रीपूर्ण हुन्छ र हुनु पर्दछ । बेग्ला-बेग्लै पक्षहरूका विरूद्ध संघर्ष चलाउने बेलामा संघर्षको त्यस प्रकारको बेग्ला-बेग्लै प्रवृत्तिको उपेक्षा गर्नु गंभीर गल्ती हुनेछ र त्यसबाट क्रान्तिलाई होइन, प्रतिक्रान्तिलाई नै मद्दत पुग्ने छ । तर त्यस सन्दर्भमा हामी यस कुरामा पनि एकदम स्पष्ट हुनु पर्दछ कि कम्युनिष्ट आन्दोलनमा बेग्ला-बेग्लै रूपमा देखा पर्ने अवसरवादका विरूद्ध ठोस, सम्झौताहीन र लगातार सैद्धान्तिक संघर्ष नचलाइकन प्रतिक्रियावादका विरूद्ध प्रभावशाली प्रकारले संघर्ष चलाउनु र क्रान्तिकारी आन्दोलनलाई सफल पार्नु सम्भव हुँदैन ।

अन्तमा म प्रस्तुत विषयका सन्दर्भमा नेकपा (मसाल) को स्थितिबारे पनि केही प्रकाश पार्न चाहन्छु । हाम्रो

**हाम्रो पार्टीले आफ्नो संगठनलाई अवसरवादबाट सम्पूर्ण रुपले मुक्त भएको पार्टीको रुपमा दावी गर्दैन ।**

पार्टीका विभिन्न प्रकारका दक्षिणपन्थी, उग्र वामपंथी वा मध्यपंथी अवसरवादका विरूद्ध संघर्षको लामो इतिहास रहेको छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखिने बेग्ला-बेग्लै गलत सोचाइ र भडकावहरूका विरूद्ध पनि हाम्रो पार्टीले सधैं सम्झौताहीन प्रकारले संघर्ष गर्दै आएको छ । त्यस प्रकारको संघर्षहरूको परिणामस्वरूप नै हाम्रो पार्टी एउटा वा अर्को प्रकारको भडकावबाट राजनैतिक प्रकारले आफ्नो क्रान्तिकारी चरित्रलाई बचाउन सफल भएको छ । यो स्पष्ट र निश्चित छ कि गत कालमा संगठनभित्र, देशभित्र वा अन्तर्राष्ट्रिय स्तरमा बेग्ला-बेग्लै प्रकारका गलत सोचाइ वा भडकावहरूका विरूद्ध संघर्ष चलाउँदै आवश्यकता अनुसार विद्रोह गर्दै नआएको भए हाम्रो पार्टी पनि अन्य कैयौं ती, पार्टी, समूह वा गुटहरूको पंक्तिमा सामेल हुन्थ्यो, जो, एक वा अर्को प्रकारले मार्क्सवादी लेनिनवादी सिद्धान्तबाट पतीत भएका छन् ।

तर कुरा त्यति मात्र होइन । यस संदर्भमा विषयको अर्को पक्षको पनि चर्चा नगरेमा विषय अधुरो हुनेछ । हाम्रो पार्टीको २०५१ सालको जेठमा संपन्न छैठौं महाधिवेशनले यो कुरालाई स्पष्ट रूपले स्वीकार गरेको छ कि सैद्धान्तिक र राजनैतिक प्रकारले हाम्रो पार्टी बेग्ला-बेग्लै प्रकारका अवसरवाद वा भडकावहरूबाट बचन सके पनि संगठनात्मक स्वरूप र चेतनाको प्रकृति निम्न पूँजीवादी प्रकारको छ । त्यो, पार्टीभित्र अवसरवादको स्थायी स्रोत हो । त्यसबाट हाम्रो पार्टी पनि मुक्त छैन । त्यसले गर्दा गत कालमा हाम्रो पार्टीमा बारम्बार विभिन्न प्रकारका भडकावहरू देखा पर्ने गरेका छन् र त्यो संभावना आज पनि छ । हाम्रो पार्टीको छैठौं महाधिवेशनले स्पष्ट शब्दमा भनेको छ– कुनै एउटा पक्ष वा गूटका विरूद्ध संघर्ष सिद्धिएपछि पुनः अर्को भडकाव वा गूट पैदा हुन्छ, तर त्यो झन् लगातार चलिरहन्छ । "जुन बेला पार्टीमा एक वा अर्को रूपमा खुला रूपले भडकाव वा अवसरवाद अगाडि आएको हुन्न त्यो बेला पनि गैरसर्वहारा दृष्टिकोणका कारणले पार्टीमा विभिन्न रूपमा अवसरवादी प्रवृत्तिहरू पैदा भइरहन्छ, जो पार्टी संगठन वा आन्दोलन सम्बन्धी विभिन्न क्रियाकलापहरूमा अभिव्यक्त हुने गर्दछन् । त्यो पृष्ठभूमिमा अवसरवादको स्रोतको विरूद्धको संघर्ष निरन्तर चल्ने प्रकृया हो र हुनु पर्दछ । पार्टीका सदस्यहरूको चेतनास्तर र सैद्धानित्क स्तरलाई माथि उठाएर वा उनीहरूको सर्वहाराकरण गरेर नै पार्टीभित्रको अवसरवादका विरूद्ध सशक्त प्रकारले संघर्ष गर्न सकिन्छ र गर्नु पर्दछ" (राजनैतिक प्रतिवेदन, पृष्ठ ७१)

त्यसैले हाम्रो पार्टीले आफ्नो संगठनलाई अवसरवादबाट सम्पूर्ण रूपले मुक्त भएको पार्टीको रूपमा दावी गर्दैन र अहिले पनि यसभित्र बेग्ला-बेग्लै प्रकारका अवसरवादका स्रोतहरू भएको तथा भविष्यमा बेग्ला-बेग्लै रूपमा देखा पर्न सक्ने अवसरवादी प्रवृत्ति वा भडकावहरू देखा पर्न सक्ने संभावनालाई स्वीकार गर्दछ र त्यस प्रकारका संभावनाहरूका विरूद्ध आवश्यकता अनुसार बेग्ला-बेग्लै प्रकारले संघर्ष चलाइरहनु पर्ने आवश्यकतामा जोड दिन्छ । अवसरवादका विरूद्ध त्यस प्रकारको द्वन्द्वात्मक प्रणाली अपनाएर नै हामीले पार्टीभित्र देखा पर्ने कुनै पनि अवसरवादका संभावनाहरूका विरूद्ध संयुक्त प्रकारले संघर्ष गर्न र पार्टीको क्रान्तिकारी चरित्रलाई बचाउन र क्रान्तिकारी जिम्मेवारी पूरा गर्नु संभव हुनेछ । □

# शुक्रराज शास्त्रीका पितालाई पंडितहरूले पिटे !

शास्त्रार्थमा एकातिर सैयौं पंडितहरू, अर्कातिर माधवराज जोशी (शहीद शुक्रराजका पिता) एक्लै ।

शास्त्रार्थ शुरु भयो । माधवराज जोशीले भारतका स्वामी दयानन्द सरस्वतीद्वारा स्थापित धार्मिक सुधारवादी आन्दोलन "आर्य समाज" का सुधारवादी मान्यताहरू व्यक्त गरे । पंडितहरू यी मान्यताहरू सुनेर तिल्मिलाए ।

शास्त्रार्थमा त एउटाको तर्कको खण्डन अर्कोको तर्कले गरिनु पर्थ्यो, एउटाको तथ्यको खण्डन अर्कोको तथ्यले गरिनु पर्थ्यो । कतिपय पौराणिक प्रसंगहरूमा पनि यस्ता शास्त्रार्थहरू भएका कुरा उल्लेख गरिएका छन् । तिनमा पनि शास्त्रार्थ गर्नेहरूमा एक हदसम्म बौद्धिक शिष्टता, अनुशासन वा प्राज्ञिक स्तर विद्यमान भएको देखिन्छ ।

तर राणा शासकहरूका दास वा भाट ती पंडितहरूलाई यी कुराहरूको किन पर्वाह हुन्थ्यो र ?

माधवराजका तर्कहरूको खण्डन गर्ने वा उनीसँग दोहोरो वादविवाद गर्ने आँट ती भाटहरूमा भएन । उनले आर्य समाजी मत अनुसार मूर्ति पूजा, बोझिला धार्मिक कर्मकाण्डहरू र जातपातको जुन विरोध गरेका थिए, त्यस विरोधलाई आफ्ना मतहरूले काट्ने दम उनीहरूसँग थिएन । त्यसैले, एकाएक उनीहरूले माधवराजमाथि हातपात गरे । उनलाई कुटे, पछारे, लौरोले हिर्काए ।

माधवराजको टाउको फुट्यो । त्यतिखेर उनी बरखी बारेको सेतो लुगामा थिए । त्यो सेतो लुगाभरि जताततै रगतका टाटाहरू लागे । उनको जीउभरि घाउ नै घाउ भयो । उनी रक्ताम्मे भए ।

यो आजभन्दा करीब नब्बे वर्ष अधिको घटना हो । अर्थात् यो वि.सं. १९६२ साल साउन १२ गतेको दिन सिंहदरबारमा घटेको घटना हो । तात्कालीन नेपालका राजा पृथ्वी वीर विक्रम शाह, श्री ३ प्रधानमन्त्री चन्द्र शमशेर र अन्य थुप्रै दरबारिया भारदारहरूका सामु आयोजना गरिएको शास्त्रार्थ सभामा यस्तो भएको थियो । राजगुरु हेमराज र अन्य पंडितहरूको मण्डलीले यसरी माधवराजलाई कुटेका थिए । कुट्नेमा बडा गुरुज्यू प्रयागराज पनि अग्रपंक्तिमा थिए । उनीहरूको माग अनुसार कुट्ने आदेश चाहिं चन्द्र शमशेर स्वयंले दिएका थिए । यो शास्त्रार्थ चन्द्र शमशेरद्वारा नै आयोजना गर्न लगाइएको थियो ।

माधवराज यसरी कुटिए । तर यत्तिमा मात्रै राणाहरूको चित्त बुझेन । उनलाई रगतपच्छे भएको उक्त लुगै सहित शहर परिक्रमा गराइयो र लगत्तैपछि उनलाई दुई वर्ष कठोर कैदको सजाय दिइयो ।

इतिहासकार राजेश गौतमका अनुसार यस सिलसिलामा अरु पनि थुप्रै मानिसहरू थुनिए र सजायका भागी भए । उता माधवराजका छोराहरू अमरराज र शुक्रराजलाई उनीहरू पढिरहेको दरबार स्कूलमा यसै कारण "पानी बाहेक" गरियो र स्कूलबाट निस्काशन गरियो । यसैगरी शास्त्रार्थको समय माधवराजको समर्थनमा लागेका गुरुदयाल सिंह नामक दरबार स्कूलका एक जना पंजाबी शिक्षक पनि यही समर्थन मात्रका कारण नेपालबाट निकाला गरिए ।

# वैचारिक असहिष्णुताको परम्परा

— चन्द्रदेव नेपाली

*माथिको ऐतिहासिक सन्दर्भ, वास्तवमा विचारमाथि मुढेबलको हैकम लाद्ने एउटा निरंकुश सामन्ती प्रवृत्तिको सन्दर्भ हो । राणाकालीन वैचारिक असहिष्णुताको यो एक ज्वलन्त उदाहरण हो । यसलाई यहाँ प्रस्तुत गर्नुको उद्देश्य नेपाली समाजमा आजसम्म पनि जरो गाडेर बसेको यही वैचारिक असहिष्णुताको छोटो चिरफार गर्नु हो ।*

*माधवराज जोशीमाथि भएको जंगली आक्रमणपछिका दिनहरूमा नेपाली नदीहरूमा थुप्रै पानी बगिसक्यो । सात साल, पन्ध्र साल, छत्तीस साल र छयालीस साल जस्ता उल्लेखनीय सालहरू यहाँ आए । परिवर्तनहरू भए । तर हाम्रो समाजमा "माधवराज जोशी" रूपी भिन्न विचारहरूमाथि खनिने "चन्द्र शमशेर र भाट पंडितहरू" रूपी असहिष्णुता भने विभिन्न स्तरमा कायमै छ ।*

*विचारहरूका बीचमा स्वस्थ प्रकारको द्वन्द्व भयो भने समाजको वैचारिक स्तरमै अभिवृद्धि हुन्छ भन्ने कुरा बुझेर सभ्य समाजले विचार-द्वन्द्वलाई प्रोत्साहित गर्ने गर्दछ । यसले समाजलाई अरू सभ्य बनाउन मद्दत गर्ने हुन्छ । भनिन्छ- वादेवादे जायते तत्वबोध अर्थात् "वादविवाद गर्दै जाँदा नै तत्वको बोध हुने हुन्छ" ।*

*विश्वका एक जना प्रसिद्ध जननेता र विचारक क. माओले पनि यही धारणालाई "सैयौं फूलहरूलाई फुल्न देऊ" भनी व्यक्त गर्नु भएको थियो ।*

*तर हाम्रो समाजमा राजनैतिक र सामाजिक दुवै स्तरमा यो धारणाले फुल्ने फल्ने मौका पाएन । जनताले ज्यान दिएर लडेको आधारमा प्राप्त अधिकार भएकोले आज एक हदसम्म बोल्ने लेख्ने राजनीतिक छुट यहाँ प्राप्त छ । तर त्यो अत्यन्त सीमित छ । राजतन्त्रका गलत कामहरूबारे अझै बोल्ने छुट यहाँ छैन । "जनता सार्वभौम" भन्ने नारा यसरी यहाँ खोक्रो साबित भएको छ । त्यसैगरी, बोल्न पाइन्छ भनिएका कुरामा पनि यहाँ राज्यस्तरबाट दमन गरिने, बेवास्ता गरिने अथवा बंग्याएर वा झूठो बोलेर भ्रम खडा गर्ने काम अझै भइरहेको छ । भिन्न मत राख्ने पार्टीको विचार बोकेवापत् रोल्पा जस्ता जिल्लाहरूमा पुलीस-दमनको क्रूर चक्र चलाइने काम आज पनि यहाँ भइरहेको छ । अन्य क्षेत्र र अवसरहरूमा गाउँ टोलका प्रगतिशील सांस्कृति*



चित्र: लक्ष्मण भुजेल, यति आर्ट

कार्यक्रमहरूमा सत्ता नजीकका पार्टीका लठैतहरूद्वारा सत्ताको आडमा कुटपीट र भाँडभैलो मच्चाउने काम अझै जताततै भइरहने गरेका छन् । गाउँ टोलमा कति "प्रजातन्त्रवादीहरू" त यस्ता पनि पाइन्छन्- जो आफ्नो राजनीतिक- सामाजिक कार्यहरूको रौं बराबर आलोचना मात्रै सुन्नु पर्‍यो भने पनि क्रोधले पागल बन्न खोज्छन् । अझै उनीहरूका गढ भनिने गाउँहरूमा भिन्न मत राख्नेहरूको जुलुस हुन संभव छैन । त्यहाँ अघि बढीरहेको जुलूसमा ढुंगामुढा र फुटेका शिशीहरू फाल्ने काम गरिन्छन् । माधवराजका विचारको विपक्षमा आफ्नो विचार राख्न नसक्ने र वैचारिक लडाइँ लड्न नसक्ने कायर पंडितहरूको जस्तै रबैया यिनीहरू अपनाउँछन् ।

सरकारी संचार माध्यमहरूमा जनपक्षीय र प्रगतिशील कार्यक्रमहरूलाई वा रचनाहरूलाई वा समाचारहरूलाई अत्यन्तै निकृष्ट तवरले पाखा लगाउने काम त यहाँ आम रूपमै भइरहेको छ । रेडियो, टि.भी. र गोरखापत्र आदि सरकारी संचार माध्यमहरूमा प्रगतिशील कलाकार-लेखकहरूले प्रवेशै नपाउनुको क्रममा हालै मात्र प्रगतिशील युवा कवि गोविन्द वर्तमानको एक कविता नेपाल टि.भी. ले प्रसारणार्थ रेकर्ड गरेर पनि त्यसको प्रसारणमा रोक लगाएको घटनाले यो पक्षपातको ज्यूँदो प्रमाण प्रस्तुत गरेको छ ।

सरकारी संचार माध्यमहरूले यतिखेर लेखक भन्नाले प्रगतिशील लेखकलाई चाहिं बुझ्दैनन्, कलाकार भन्नाले प्रगतिशील कलाकारलाई चाहिं बुझ्दैनन्, समीक्षक, विचारक आदि भन्नाले पनि प्रगतिशीलहरूलाई चाहिं बुझ्दैनन् । उनीहरूलाई जनताको पैसाले चल्ने ती सरकारी माध्यमहरूमा प्रस्तुतै गर्दैनन् यिनीहरू ।

वास्तवमा आज नेपालको एउटा विशाल जनसंख्या वामपन्थी छ । यो विशाल जनसंख्यालाई यसरी हेप्ने, पाखा लगाउने, कुना पार्ने काम यहाँ भइरहेको छ ।

यो भनेको माधवराजलाई लौरोले कुट्नुकै अर्को रूप हो । आफ्नो विचार-खेमाका चाहिं दुई कौडीका मान्छेहरूलाई पनि ठूलो महत्त्व दिने, तर अर्को विचार-खेमाको भने अस्तित्व नै नकार्ने यो प्रवृत्ति वास्तवमा उही राणाकालीन सामन्ती प्रवृत्तिकै अवशेषको परिचायक हो ।

सामन्तहरू आफ्नो जमिन्दारी स्वार्थको रक्षाका लागि र आफ्नो प्रभुत्ववादी अहंकार जोगाइ राख्नका लागि आफ्नोभन्दा फरक विचार हुने अरू कसैका पनि कुरा सुन्दै सुन्दैनन् । उनीहरूको धूर्त खोपडीले जे सोच्यो, त्यही उनीहरूका लागि सत्य लाग्ने गर्छ र त्यसलाई उनीहरू अरूमा लाद्ने गर्छन् । अरूका भनाइहरू सुन्ने वा सुन्न दिने भन्ने कुरा उनीहरूको जंगली राजमा संभवै हुन्न । आलोचनात्मक बौद्धिक व्यक्तिहरूलाई उनीहरू मार्ने, कुट्ने, पाखा लगाउने आदि गर्छन् र आफ्ना दलाल पंडित वा गुरू पुरोहितहरूलाई हड्डीको टुक्रामा खरिद गरेर पाल्तु कुकुरलाई झैं आफ्नो पक्षमा र आफ्नो विरोधीको विपक्षमा भुक्न लगाउँछन् ।

पालित ती दलाल पंडित वा दलाल बुद्धिजीवीहरूको हालत कति दयनीय हुन्छ भन्ने कुरा त माधवराजमाथि लौरो प्रहार गर्ने ती राणाकालीन पण्डाहरूकै उदाहरणबाट प्रष्ट



झल्किन्छ नै । बौद्धिक, प्राज्ञिक वहस, चिन्तन वा अन्तर्क्रियाका स्तरीय रूपहरूको व्याख्या गरेर शास्त्रार्थको स्तर र अनुशासन पालना गर्नु पर्नेमा र सो पालना गर्न अरूलाई पनि सुझाव दिनु पर्नेमा उल्टो, "यसलाई कुट्ने आदेश पाऊँ महाराज !" भनी मुढेबल प्रहार गर्न जुद्ध शमशेरसँग अनुमति माग्ने र प्रहार गर्ने दास मनोवृत्तिका ती पण्डाहरू वास्तवमै शर्महीन थिए ।

आज पनि यस्ता पण्डाहरू विभिन्न रूपमा हाम्रो समाजमा अवसरवादी-प्रतिक्रियावादी व्याख्याता र विश्लेषक, पत्रकार, समीक्षक, विशेषज्ञ आदिको मुकुण्डो भिरेर सक्रिय छन् ।

यी पण्डाहरूले केही समयअघि नेकपा (एमाले) को सरकारको पालामा रेडियो, टि. भी. मा एक दुई वटा प्रगतिशील गीतहरू बज्न थालेकोमा त्यसका विरूद्ध ठूला ठूला आवाज उठाएका उदाहरणहरू त ताजै छन् । "लौ सकियो, लौ बित्यो, दिनका दुई तीन वटा कम्युनिष्ट गीतहरू रेडियोमा बज्न थाले, लौ अनर्थ भयो, लौ बरबाद भयो, बन्द गर्नुपर्‍यो, रोक लगाउनु पर्‍यो !" आदि आदि आशयका समाचार, टिप्पणी र विरोधहरू तिनले आफ्ना अखबारहरूमा लेखे ।

यो भनेको "यसलाई कुट्ने आदेश पाउँ महाराज !" भनी चन्द्र शमशेरका दलाल पंडितहरूले आवाज उठाएको घटनाकै नयाँ संस्करण हो ।

यस्ता दलालीयुक्त आवाजहरू पंचायती कालरात्रिमा असंख्य उठे । निरंकुश राजतन्त्रका दलालहरूले देशभक्त नेपालीहरूलाई मार्न, थुन्न, प्रहार गर्न उक्साएका, सिफारिस गरेका प्रशस्त उदाहरणहरू छन् । पंचायती कालमा एउटा प्रतिक्रियावादी पत्रिकाले त तात्कालीन प्रतिवन्धित भूमिगत कम्युनिष्ट पार्टीहरूका नेताहरूका सक्कली नामहरू र पार्टी हेडक्वाटर रहेका स्थानहरूको नामावाली छापी तिनमाथि तुरून्त प्रहार गर्न पंचायती शासकहरूसँग माग गरेको थियो । यस्तै दलालहरूलाई आफ्नो वरपर झुम्म्याएर पंचायती कुशासनले भिन्न विचार बोकेवापत् थुप्रै मानिसहरूलाई मार्‍यो, थुन्यो, यातना दियो । कविता लेख्ने हातहरूलाई हतकडी लगाइयो, गाउनेहरूको घाँटी थिचियो, नाच्नेहरूको खुटा भाँचियो । किताव पसल लुटिए, पत्रिकाहरू जफत् गरिए । साना ठूला थुप्रै "पिस्कर काण्ड" हरू यहाँ गरिए ।

यसरी १ सय ४ वर्षसम्म हामीलाई विचार विकासको ढोका थुनेर लुट्ने राणाहरूकै पदचापमै ३० वर्षे निरंकुश राजतन्त्रको पंचायती व्यवस्थाले पनि आफूलाई हिंडायो । यी दुई शासनहरू मिलेर नेपाली जनतालाई विचार विकासको बाटोमा १ सय ३४ वर्ष तगारो हाले । हामी त्यसै कारण पनि अरूहरूको तुलनामा पिछडिन पुग्यौं ।

०४६ सालपछि जनताले यो पछौटेपनबाट मुक्तिको चाहना राखेको थियो । यस चाहनालाई छेकथुन गर्न आज त्यही राणा-पंचायती सामन्ती संस्कृतिको धड्धडी सक्रिय रहेको छ । जसको उदाहरण माथि दिइसकिएको छ- भिन्न विचारसँग वैचारिक मुकावला गर्न डराउने र गैरवैचारिक आक्रमण गर्ने सामन्ती संस्कृति । अर्थात् बुद्धिको मुकाविला बन्दूकले गर्ने अथवा विचारको मुकाविला छुरीले गर्ने कायर र जंगली सामन्ती संकृति !

यस सामन्ती संस्कृतिका विरूद्ध शुरूदेखि नै आवाज उठाउँदै आएका नेपालका वामपन्थीहरूमा तुलनात्मक रूपले यो प्रवृत्तिको मात्रा कम छ । भिन्न विचारका पुस्तक, पत्रिकाहरू पनि पढ्ने, भिन्न विचारका व्यक्तिहरूका कुरा पनि सुन्ने, अध्ययन गर्ने, छलफल गर्ने, चिन्तन गर्ने, तर्क र तथ्यको सहारा लिने आदि काममा उनीहरू तुलनात्मक रूपले अगाडि छन् । तर पनि यस संस्कृतिबाट उनीहरू पनि मुक्त नै छन् भन्ने स्थिति भने छैन । वाम आन्दोलनका कतिपय नयाँ सदस्यहरूमा र कतिपय चाहिं आफ्नो अहंलाई ठूलो मान्ने व्यक्ति केन्द्रित पुराना वामपन्थीहरूमै पनि विचार द्वन्द्वलाई सहजै नलिने प्रवृत्ति देखिएको छ ।

आफूले सत्य बोकेको छु भन्ने कुरामा निशिचन्त हुने र आफूले सत्य खोजेको हुँ भन्ने कुरामा प्रष्ट हुने व्यक्तिले भिन्न मतसँग डराउनु नै किन जरूरी हुन्छन् र ? आखिर सत्य नै यहाँ स्थापित हुन्छ । भिन्न मत सुन्दा, पढ्दा भिन्न मतसँग स्वस्थ प्रकारले छलफल र द्वन्द्व गर्दा इमान्दार भिन्न मतवाला व्यक्ति आफ्नै विचारमा सहमत हुन आउने छ । हैन, उसैसँग सत्य रहेछ र आफूले चाहिं सत्य पक्रन नसकेको रहेछ भने आफू नै उसको विचारमा सहमत हुन केको आपत्ति ?

त्यसैले, सत्यनिष्ठ मानिसहरू विचारद्वन्द्वसँग डराउँदैन ।

विचारमा अलिकति पनि फरक आउन नपाई साथीलाई पनि शत्रुवत् व्यवहार गर्ने, खेदो गर्ने, कुरै नसुन्ने, बोल्नै नदिने, अलिकति भिन्न मत आउन नपाई पार्टीबाट कारवाही गर्ने, जिम्मेवारी वितरणमा पक्षपात गर्ने, आयस्रोतको बाटो बन्द गरिदिने आदि व्यवहारहरू गर्ने कतिपय वामपन्थीहरू पनि हाम्रो आन्दोलनमा मौजूद छन् ।

यस्ता खाले सामन्ती संस्कृतिको शिकार भएका वामपन्थी मित्रहरूलाई पनि यतिखेर भन्नै पर्ने हुन्छ- माधवराजलाई लौरो हान्ने चन्द्र शमशेर र निजका पंडितहरूको प्रवृत्ति कतिसम्म हामीले पनि बोकिहिंड्ने ? □

# पृथ्वी आफ्नैं अक्षमा घुमिरहेछ

देविका तिमिल्सिना


हामी पञ्चायत छँदा पनि यहीं कर्मचारी थियौं । शासकहरूको कुलीन घरानाले खर्लप्पै निलेको संस्थामा हाकिमहरू तिनै थिए, जो आज छन् । त्यतिबेला पनि हाम्रा हाकिमहरूको रोब रवाफ जमेकै हुन्थ्यो । शासकहरूका घरानियालाई हाम्रा हाकिमहरू एष्ट्रेको अभावमा आफ्नै हात थापेर चुरोटको ठुटोलाई निभाउन हात दिन्थे । उनीहरूको कुकुरलाई ढोगेर माफी माग्थे । उनीहरूकै आठ पहरियाहरूको कालो धन्दामा सहयोग पुऱ्याएर केही बक्सीस थाप्थे । कसैले नगद कुम्ल्याउँथ्यो, कसैले घर नै पाउथ्यो, कसैले तराईतिर केही जग्गा हात लगाउँथ्यो । हाम्रो संस्था साँच्चिकै दरिद्र नेपाली मनुवाहरूको सेवामा माष्टरहरूलाई कुदाएर जनसेवाको एक नम्बरीमा दरिन्थ्यो ।

देशमा हिजोसम्म मण्डलेहरू थिए । घासघुस र घच्याकघुचुक् गर्दै खेलकुद र हाम्रो संस्थातिर तिनीहरू लडीबुडी खेलेर जिउ कन्याउँथे । हाम्रा हाकिमहरू त्यतिबेला राँके पानीले उनीहरूलाई दंग पार्थे र कालो मधिशे, जो लेखापाल थियो, उसंग गुपचुप हिसाब मिलाउँथे । उनीहरूलाई यो थाहा थियो, मधिशेहरू आर्थिक मामिलामा कमजोर हुन्छन् । यो कमजोरीबाट फाइदा लिन सकिन्थ्यो । रौतहटको झुपड् बस्ती वा महोत्तरीको दरिद्र बस्ती देहातबाट शासक घरानाको खँजान्ची हुँदा उनीहरू संसारै जितेको महसुस गर्थे । परोपकारको पैसाले घर गाडीको जोहो मिलाउन हाकिमहरूलाई सजिलो पर्थ्यो । त्यसैले उनीहरू अत्यन्त पतीत शैलीका, आफ्नो आदर्श केही नभएका, दुई चार पुङ्र न पुच्छरहरूलाई माथि माथि उकास्थे र विभागीय प्रमुख बनाउँथ्यो । यस्तैमध्येको एउटा हो लुइँटेल माष्टर ।

ऊ गोरखामा माष्टर थियो । शिक्षक आन्दोलनताका यताको कुरा उता, उताको कुरा यता गरेर सरकारी जासूसको काम गर्थ्यो । माष्टरीदेखि अघाएर वा अझ भनौं शिक्षकहरूले कालो कर्तूत थाहा पाएकाले दण्डित हुने भयले यस संस्थामा प्रवेश गरेको थियो । ऊ संस्थामा प्रवेश गर्दा होम्रो प्रोफेसर साहेब सर्वे सर्वा हाकिम थिए । प्रोफेसर जो हाकिम थिए, साह्रै व्यवहार कुशल र फरासिला पनि थिए । संयोगवश उनी आफैं पनि गोरखे भएकाले माष्टर ज्यूलाई यहाँ राम्रै आश्रम मिलेको थियो । अब माष्टर चरीको रोब दोबले संस्था डगमगाउन थालेको थियो । सिंगै संस्थालाई ऊ आफ्नो मुठ्ठीको माखो ठान्थ्यो । मुख्य हाकिम जो अघि नै भनियो, शानदार, फरासिलो छ, लाई माष्टरले सबैका सामु भन्ने गर्थ्यो- "त्यो हाम्रो हाकिम मात्र दुई बोत्तल बियर हो ।" अरु सुन्नेहरू छक्क पक्क पर्थे । विस्मित भावमा टोल्हाउँथे । मानौं, लुइँटेल माष्टर यस्तो हो, जोसंग अलाउद्दीनको चिराग छ । जसलाई जे फालीदिंदा खुसी हुन्छ, ऊ त्यही बलिदान गर्छ र रोबले पेट मुसार्दै भन्छ- "यो संस्थालाई कसरी प्रतिष्ठित र लोकप्रिय बनाउने ?"

देशमा बहुदल आयो । हाम्रा मुख्य मुख्य हाकिमहरूको बैचारिक क्षेत्रको हर हिसाब आउन थाल्यो । खानपिनमा, विदेश भ्रमणमा वा पदोन्नति सम्बन्धमा । व्यक्तिगत स्वार्थ पूरा नहुँदा शासकका बहिनी, कान्छी आमा र फुपूसंग सिंगौरी खेलेका एक दुई दृष्टान्तहरू प्रजातन्त्रका हतियार भए । नेपाली कांग्रेसको पोल्टामा आफ्नो अस्मिताको पूर्ण विराम लगाउन अनेक बूँदा गाँसियो । कसैले लुइँटेल माष्टरलाई प्रजातन्त्र पुनर्बहालीको लागि चन्दा दिएको रसिद खोजी गर्न भन्यो । त्यसबाहेक रसिदले प्रमाण दिन्थ्यो । मण्डले चरित्र धुनलाई यसले अचूक औषधीको काम गर्नु स्वभाविकै थियो । माष्टरले नयाँ काइदा सोच्यो । एउटा कांग्रेसीसंग गएर चन्दा रसिदको नमूना माग्यो र प्रेसमा छपाउन अडर दियो । यता उसले भन्यो- "पाँचदेखि दश हजारसम्म नेपाली कांग्रेसलाई चन्दा दिने हो भने ब्याक डेटमा पनि अर्थात् चैत २६ भन्दाअधिको मितिमा रसिद काटिने छ । हजूरहरूको के विचार होला ?"

त्यतिबेला हाकिमले उसको काँध थप्थपाउँदै- क्या बात् गऱ्यो र राक्षसी हाँसो हास्यो । व्यवस्थापनका हरेक मण्डले चरित्रहरू नयाँ ज्वारनको शुभ घडी आउन लागेकाले पुलकित देखिन्थे । काला-काला अनुहारमा कान्ति फैलेझैं धपक्क शान शौकत फैलियो । सबैले दश-दश हजारको



कथाकार

युवा कथाकार देविका तिमिल्सिनाको कथा **"पृथ्वी आफ्नै अक्षमा घुमिरंहेछ"** लाई यस पटक हामीले पाठकवृन्द सामु ल्याएका छौं । विगत अठार वर्षदेखि साहित्य सृजनामा सक्रिय प्रगतिशील साहित्यकार तिमिल्सिनाका तीन वटा कथा संग्रह र एउटा संयुक्त कविता संग्रह प्रकाशित भइसकेका छन् । उहाँ साहित्यिक पत्रिकाहरू हलकारा, उत्साह र वेदनाको सम्पादन कार्यमा पनि संलग्न हुनुहुन्थ्यो ।

——— **मूल्यांकन**



चित्र: लक्ष्मण भुजेल, यति आर्ट

रसिद मागे । प्रजातन्त्र आउनुअघिको मितिमा काटिएका चन्दा रसिदका प्रतिहरू पाउन सबै उद्वेलित थिए । माष्टरले दश-दश हजारको क्याँट एक, दुई, तीन गर्दै दश जनासंग उठायो । उसले अब रसिद आफैं काट्नु पर्ने थियो । उनीहरूकै अगाडि यो सम्भव थिएन । नेपाली कांग्रेसको के नै रहेछ र हजुर- “यी सब पैसामा किनिंदा रहेछन् । हिः हिः हिः” चाकडीको हाँसो हाँस्दै भन्यो ।

“एउटा कुरो !” यहाँभित्रको एउटा बुज्रुक बोल्यो । “हामीले रसिद कहिले पाउँछौं ?”

“भोलि चार बजेतिर ।”

“भोलि कति गते ?”.

“जेठ ३० गते ।”

“हामीले नेपाली कांग्रेसलाई मद्दत गरेको त्यो रसिद सार्वजनिक गराउनु हुँदैन । त्यस रसीदलाई कांग्रेसी दुनियाँमा मात्र सीमित गर्नुपर्छ ।”

“किन ?” कसैले प्रश्न गऱ्यो ।

“सत्र साल आइदियो भने ?”

एकछिन सबै मौन मौन भए । हो त नि ! असम्भव कहाँ छ र ? कसैलाई लाग्यो- त्यो रसिद त अपहत्ते हुनेछ । सबैको दिमाग चकरायो । सबै एक अर्कालाई हेराहेर गर्न थाले । एक लाखको घाटा कांग्रेसलाई होइन, माष्टरलाई पर्थ्यो । उसको चंख दिमाग उघियो । उसले सबैलाई उछिनेर भन्यो- रुस र पूर्वी यूरोमा कम्युनिष्ट ढलेर प्रजातन्त्र आइसक्यो । छिमेकी भारत हाम्रो राजालाई साथ दिनेवाला छैन । नेपाली कांग्रेस भारतीय नेताहरूको इशारामा शासन गर्दैछ । यस्तो बेलामा पनि कहीं सत्र सालको काण्ड दोहोरिन्छ ?

“त्यो त हो ।” कसैले सही थाप्यो ।

“जे होस् अलि चलाखी चाहिं गर्नै पर्छ ।” अर्कोले भन्यो ।

“एउटा कुरा, पार्टीका मानिससँग उठबस पनि थाल्नु पऱ्यो ।”

संस्थाका सभापतिको यो पछिल्लो भनाइसँग सबैले सहमतिको टाउको हल्लाए । जादूगर पिसी सरकार जस्तै हरेक कुरामा नाटकीय प्रभाव पार्न सक्ने छटेल माष्टरलाई सभापति पिसीजी भन्थे । पिसीजीको बढी रक्सी खाएर निर्धक्कसँग कुरा गर्ने बानीलाई मुख्य हाकिमले तारीफ गर्दै “शिशी” नाम राखेका थिए । पिसी वा शिशी सक्कली नाम अर्को कुनै हुँदो हो, जुन चल्तीमा छैन । उसलाई विशेष गरी लुइँटेल माष्टर भनेर चिनिन्छ । गोरखाको बुकुरामा जन्मेर दासताको जीवन स्वीकार्दै विभागीय प्रमुख भएको माष्टर नै यस्तो विश्वासको धरोहर साबित भएको थियो कि त्यो संस्थाका पदाधिकारीहरूलाई मानौं, ऊ बिना उनीहरूको व्यक्तित्वको लिउन् उप्किन सक्थ्यो । त्यसैले सभापतिले भने- “आज के बार ?”

“सोमबार ।” जमघटबाट उत्तर आयो ।

त्यसो भए हामी यत्ति । नेपाली कांग्रेसका जिल्लास्तरका केही र केन्द्रस्तरका केही गरी चिनापर्ची



चित्र: लक्ष्मण भुजेल, यति अ

“हामीले नेपाली कांग्रेसलाई मद्दत गरेको त्यो रसिद सार्वजनिक गराउनु हुँदैन । त्यस रसिदलाई कांग्रेसी दुनियाँमा मात्र सीमित गर्नुपर्छ ।” “किन ?” कसैले प्रश्न गऱ्यो । “सत्र साल आइदियो भने ?” एकछिन सबै मौन मौन भए ।

भेटघाट कार्यक्रम होटेल इडेनमा “नेक्स्ट मण्डे” । “पिसीजी । पहुँच अनुसार पार्टीका मान्छे बढीमा आठ जना डाक्ने । जाल थाप्दा माछा मात्र होइन गँगटा र भ्यागुता पनि पर्न सक्छन् । नआत्तिकन अगाडि बढ्ने । होइन भने अन्य संगठन कै हविगतमा पुऱ्याइनेछ । हामी विघटनमा पर्नेछौं । अस्तित्व, फुटेको ऐना झैं हुनेछ । सदा-सर्वदा बाँचुन्जेल दरबारिया मण्डले भनेर लोकले पुकार्ने छ ।”

“यसमा हजुरहरूले चिन्ता लिनु पर्दैन । म सब कुरा दुरुस्त पार्नेछु । पहिले झैं अहिले पनि हामी अचुक हुनैपर्छ”- माष्टरले आत्मविश्वास दिलायो ।

यी सबै काममा लुइँटेल माष्टरको योगदान अभूतपूर्व निस्कियो । सबै ठूला मान्छेहरूले नेपाली कांग्रेसको समर्थकको बिल्ला पाए । उनीहरूले भनेको कुरो नयाँ सत्ताले सुन्न थाल्यो । यस्तो राम्रो काम र प्रतिष्ठा उँचा गराउने मान्छेहरूलाई पुरस्कृत गर्नुपर्छ । गाइँगुइँ प्रस्तावहरू सुनिन थाले । माष्टरको कम इज्जत र शान शौकात भएको सुहाएन । सामूहिक रुपमा एउटै आवाज आयो- ऊ पुरस्कृत हुन लायक छ ।

एक दिन बैठक बस्यो । मुख्य हाकिमले भन्यो- “कम्युनिष्ट कर्मचारीहरूलाई सरकारले हटायो । उनीहरूलाई निकाल्नाले वर्तमान सरकार खुसी हुन्छ । हाम्रा कोही कर्मचारीहरू त्यस्ता छन् कि छैनन् ?”

पिसीजीलाई सोधिएको यस प्रश्नले अर्को अवसरको ढोका खुलेको थियो । पिसी आफैंमा कम पढेको, प्रशासनिक कार्यमा कम दक्षता र भाषाहरूमाथिको दखल कम भएकाले एम.ए.सम्म पढेका र धेरै प्रशासनिक क्षमता भएकालाई उखेलेर फाल्न चाहन्थ्यो । उसको बि.ए.सम्मको पढाइ मामुली पढाइ न हो । त्यसैले उसले झटपट भन्यो- “अँ सर ! छ नि ! त्यो चूडामणि आफूलाई क्याम्पस चीफबाट आएको भन्छ । अस्ति हाम्रो गोरखाको मसालेसंग न्यूरोडमा गफ चुटिरहेको थियो । देवराज त एमालेको कार्यकर्ता नै हो । झापाको अर्को एउटा पनि छ । त्यो पनि चण्डालै कम्युनिष्ट जस्तो लाग्छ । अर्को हाम्रो गोरखाको माष्टर छ नि ! करारमा आएको त्यो संयुक्त जनमोर्चाको काम गर्छ जिल्लामा, अनि ओभरसियर बलराम पौडेल पनि यिनीहरूकै मान्छे हो ।”

सभापतिले बैठकमा कार्यालय सचिवलाई आदेश दिए “नाम टिपिएका यी सबैलाई अवकाश दिनू । यो अवकाश नेपाली कांग्रेसका साथीहरूसंगको भेटघाट भन्दा अगाडि नै हुनुपर्छ ।” कार्यालय सचिवले टाउको हल्लाए । बैठक सकियो ।

यसको भोलिपल्ट नै केही कर्मचारीहरूलाई अवकाश दिइयो । माष्टरले डबल प्रमोशन पायो । “लेखाको अधिकृतलाई पनि संगै उठाउनु पर्छ” कसैले प्रस्ताव राख्यो । उसलाई पनि दुई तहमाथि उचालियो ।

यी घटनाक्रमहरू पछिका दिनहरूमा गाइँगुइँ हल्ला चल्न थाल्यो । व्यवस्थापनको सत्तासित राम्रो सम्बन्ध बस्यो । ६ हजारको मोटर मर्मतको बिल छपन्न हजारको बनेर आयो । उपकरणहरूको खरीदमा कुनै विभागीय प्रमुखले लाखौं कमाएको सुनियो । सेवाका गाडीहरूमा चामल र तोरी ओसार्नु परेको चालकहरूले सुनाउन थाले ।

निरीह प्राणी सरहका निमुखाहरू डरले काम्थे । कोही यस्तो कुरा सुनेर आफ्नो नाम पोलिने डरले भयभित हुन्थे र त्यस्ता कुराकानी चल्ने ठाउँबाट भाग्न थाल्थे । ओल्टो कोल्टो लाग्थे । गरीबहरूको जीवनस्तर उठाउन प्राप्त विदेशी अनुदान लक्षित समूहबाट दुई-चार हर्ताकर्ताकै भागबण्डामा सिद्धिइरहेको थियो ।

यस परिवेशमा हामी बाँचिरहेका थियौं । मैले जिउँदो श्वास फेरे नफेरेको केही थाहा पाउन सकेको छैन । म जस्तै अरु पनि बाँचिरहेको भान गर्छन् । एउटा प्रश्न गर्न मन लाग्छ मलाई- “के हामी साँच्चै बाँचिरहेका छौं ?”

दिनरात भूगोलको क्रम अनुसार आउँदै जाँदै छ । पृथ्वी आफ्नै अक्षमा घुमिरहेको छ । साँचो दिन र नौलो सूर्यको उदयसंगै भोलिको प्रतीक्षामा आजको घोर अन्धकारबीच लाटोकोसेरोको आतंक र स्याल-हरूको हुइँय्यालाई सहेर वर्तमान परिवेश लत्रिएको छ । मान्छे केही समयको लागि लज्जावती झार झैं नतमस्तक छ । ❑

# बाटो दोबाटोका यात्रीहरूः मेरा साथीहरू

बलभद्र भारती



कवि भारती

आज नेपाली प्रगतिशील साहित्य क्षेत्रमा, खास गरी कविता सृजनामा कृयाशील एकजना युवा स्रष्टाको नाम हो- वलभद्र भारती । यस पटक हामी पाठकहरूसमक्ष उहाँको एउटा कविता यहाँ प्रस्तुत गर्दैछौं ।
-मूल्याङ्कन

सुदूर भविष्यको लामो यात्रा गर्दा
भेटिन्छन् कैयौं यात्रीहरू
यौटा मोड, उपमोड र बाटो दोबाटोमा
हुँदै जान्छन् कुराहरू
कोही थपिँदै जाने, कोही छुट्टिँदै जाने क्रमहरू !
◆
जब घामले लुकाउँदै जान्छ आफ्नो सौन्दर्यलाई
आउँदै थपिँदै जान्छ रातको प्रचूर अन्धकार
चौतालीमा बास बस्नेहरूको लाम देखिन्छ ।
एउटाको भेट अर्कासँग,
एउटाको साथ अर्कासँग ।
जोडिँदै जान्छन्, मितेरीका क्रमहरू,
टाढा सुदूर यात्रामा जानका लागि,
नयाँ संसारको हरियालीसम्म पुग्नका लागि ।
◆
यसरी हिँड्दै जाने दौरानमा
कैयौं बाटामा भेट भएका साथीहरू
नजिक-नजिक आएका आफन्तहरू
जब बाटो-दोबाटो र उकालीहरूमा चढ्दै जान्छन्
एउटाले अर्कालाई छोड्दै जाँदा-रहेछन्
यो अटूट सिलसिलामा मैले पनि
धेरै पुराना साथीहरू गुमाएको छु,
धेरै नयाँ साथीहरू बनाएको छु ।
◆
यात्राको आरम्भ पनि जीवनबाट हुने गर्छ
यसको अन्त्य पनि जीवनसँगै हुने गर्छ !
मानौं, यो मानव सभ्यताको अनादि यात्रा हो
त्यसैले त मलाई के लाग्दै जान थालेको छ भने
साथीत्व पनि एउटा यात्रा रहेछ !
◆
हामीहरू कहीं कसैसँग
रात र प्रभातका चन्द्र सूर्य जस्तै अलग-अलग
मुस्कान बाँडिरहेछौं संसारलाई !
यद्यपि एउटै आकाश भएर पनि,
आकाशको रमाइलो आँगन धर्तिमा भेट गर्न सकेका छैनौं ।
पूर्व-पश्चिमका बस्तीहरू जस्तै
अपरिचित छौं, टाढा टाढा छौं !
◆
सुदूर भविष्यको लामो यात्रामा
धेरै पहाडहरू, हिमाल र पर्वत श्रृंखलाहरू
हिंडेर पार गर्नु पर्छ ।
कैयौं बाघ, भालु र ब्वाँसा, चितुवाहरूसँग
अरण्य युद्ध लड्नुपर्छ !
त्यसैले सबै-सबै यात्रीहरू त्यहाँसम्म पुग्ने साहस गर्न सक्दैनन्
त्यसरी नै एउटा मोड, उपमोड र बाटो दोबाटोमा
कोही थपिँदै जान्छन्, कोही छुट्टिँदै जान्छन् !
यसरी नै मेरा साथीहरू पनि,
बाटो-दोबाटोमा भेटिन्छन् र छुट्टिँदै बिदा नमागी जाने गर्छन् !
❑ ❑ ❑





स्वस्थ
मनोरञ्जन र
ज्ञानवर्धक
सामग्रीहरूले
भरिएको
युवा मासिक
नव युवा
मूल्याङ्कन
मासिकको
सहकर्मी

*रि-प्रिन्ट गरिएको प्रथम अंक बजारमा उपलब्ध छ !*
*दोस्रो अंक फागुनको तेस्रो हप्तामा प्रकाशित हुनेछ ।*

प्रिय पाठक वृन्द,

"नव युवा" को पहिलो अंक र यसको प्रारूप तपाईलाई कस्तो लाग्यो ?- कृपया आफ्नो प्रतिक्रिया हामीलाई लेखी पठाउनुहोस् ।

तपाईका घरघरका, युवा सदस्यहरूका निम्ति पढ्नयोग्य सामग्रीहरू संयोजन गरी, तपाईहरूकै माग अनुसार हामीले यो प्रकाशन शुरू गरेका हौं ।

के तपाईले आफ्नो घरको निमित्त यसको एक प्रति खरिद गर्नु भयो ?

गर्नु भएको छैन, भने छिट्टै आफ्नो प्रति सुरक्षित गर्नुहोस् ।


नव युवा

*हाम्रो हरेक अंक तपाई निम्न सामग्रीहरूले भरपूर पाउनु हुनेछ*

◆

★ विज्ञानका आश्चर्यजनक आविष्कारहरू
★ प्रकृतिका अनेकौं रहस्यहरूको रहस्योद्घाटन
★ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरू
★ संसारका र हाम्रो मुलुकका महत्त्वपूर्ण मानिसका जीवनीहरू
★ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने सामग्रीहरू
★ आई. क्यू बढाउन मद्दत गर्ने सामग्रीहरू
★ अनेकौं थरिका सामान्य ज्ञान बढाउने सामग्रीहरू
★ इतिहासका रोचक र प्रेरक जानकारीहरू
★ खेलकूद, फिल्म, रंगमंचका ताजा गतिविधिहरू र तिनीहरूको ज्ञानवर्द्धक समीक्षा
★ स्वास्थ्य संबन्धी पाठकहरूको प्रश्नको विशेषज्ञहरूको जवाफ
★ युवाहरूद्वारा रचित मुक्तक, कविता र कथाहरू

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.,
फोनः ४२२७६९, ४२३५४९ पो. ब. नं. ७०५०, काठमाडौं ।



# के "रंगीला" फिल्महरूलाई 'हाइलाइट' मात्रै गर्ने ?

-हरिगोविन्द लुईंटेल

◆ "रंगीला" फिल्मबारे पत्रपत्रिकाले अति नै चर्चा गरे । हुँदा हुँदा त "मूल्याङ्कन" को सहप्रकाशन "नव युवा" मा पनि यसकै चर्चा आयो । सामाजिक प्रगतिको पक्षका पत्रिकाहरूले पनि यसरी यिनै "रंगीला" हरूलाई नै "हाइलाइट" गरेपछि, के अनि अरुले यसो नगरुन् ?

◆ "नव युवा" ले यस फिल्मको सकारात्मक कुराहरूको उल्लेख नै गरेन, जस्तो कि- यस फिल्मको गीत-संगीतको नयाँ र उत्तेजक शैली एवं कुशल छायांकन ।

◆. युवा दर्शकहरू "रंगीला" फिल्ममा भीडभाडका साथ यसरी तानिनुमा दर्शकहरूभित्र रहेको विशेष दमित यौन भावना नै प्रमुख कारण हो ।

◆ हैन, दर्शक हैन, फिल्मको कलात्मकता नै प्रमुख कारण हो, जसले दर्शकलाई तान्यो ।

*काठमाडौंको एउटा सिनेमा हलमा हिन्दी फिल्म "रंगीला" प्रदर्शन हुन थालेपछि त्यसमा लामो समयसम्म दर्शकहरूको जुन अत्यधिक भीड लाग्यो, यसलाई देखेर हुन थालेका चर्चा परिचर्चाहरूका क्रममा केही प्रवुद्ध व्यक्तिहरूले व्यक्त गरेका कुराहरू हुन्-माथिका भनाइहरू ।*

◆ मनोरंजन दिनु नै मुख्य कुरा हो, फिल्ममा कथानक नै किन जरुरी हुन्छ र ? कथानक खासै केही नभए पनि यो फिल्म "मनोरंजक" छ ।

*यो भनाइ चाहिं "रंगीला" फिल्मका फ्यान केही युवायुवतीहरूको हो, जो यस फिल्मकी नायिकाको नक्कल गरी बिर्के टोपी र छोटो स्कर्ट लगाउनुमा ठूलै "बहादुरी" देख्छन् ।*

◆ "तपाईंहरू फिल्महरूलाई नकारात्मक रुपले मात्रै किन हेर्नुहुन्छ ? तपाईंहरूलाई फिल्म- समीक्षा गर्न नै आउँदैन ।"

*यो भनाइ चाहिं एक जना युवा फिल्म समीक्षकको हो, जो विभिन्न पत्रपत्रिकामा फिल्म निर्माताको प्रायोजनमा हल्का फूल्का फिल्म समीक्षा लेख्ने गर्छन् । फिल्महरूको वस्तुपरक समीक्षा वा समग्र प्रभाववादी समीक्षा गर्ने प्रगतिशील समीक्षकहरूलाई उनले यी आरोपहरू लगाएका हुन् ।*

माथि प्रस्तुत सन्दर्भहरूलाई मुख्य गरी दुई खण्डमा विभाजित गर्न सकिन्छ । एक, पत्रपत्रिकाहरूले यस्ता फिल्महरूलाई कसरी स्थान दिने वा नदिने भन्ने खण्ड र दुई, "रंगीला" जस्ता फिल्महरूलाई कसरी लिने भन्ने खण्ड ।

आउनुहोस्, यी कुराहरूमा अलिकति चर्चा गरौं ।

सर्वप्रथम त, फेरि पनि एउटा कुरामा हाम्रो समाजमा अझै पनि काफी भ्रम विद्यमान छ । त्यो हो- चालू फिल्महरूप्रति सचेत व्यक्ति वा संगठनहरूको दायित्व के भन्ने कुरा ।

मानव इतिहासमा हिजो विकास भएको लेखन शिल्प अन्तर्गत छापिएका कला कृतिहरू, जस्तै कथा, कविता, निबन्ध, नाटक आदिका विभिन्न खाले समालोचनाहरू हुने गर्छन् र त्यस्ता समालोचनालाई हामी जरूरी ठान्छौं र महत्त्व दिन्छौं । तर मानव समाजको इतिहासमा आज विकास भएको श्रव्य-दृश्य शिल्प अन्तर्गतका फिल्म, टेलिफिल्म आदिको समालोचनालाई भने हामी किन जरूरी ठान्दैनौं ? किन कम महत्त्व दिन्छौं ? जबकि हिजोको लेखन शिल्पले भन्दा आजको यो श्रव्य-दृश्य शिल्पले अत्यधिक मानिसहरूलाई आफ्नो प्रभावमा पारेको छ । त्यसबारे मूल्याङ्कनमा यसअघि पनि चर्चा भइसकेको छ ।

यो जरूरतको वा महत्त्वको अनुभव हाम्रो समाजका सचेत मानिसहरूमा पहिलेभन्दा अहिले दुई चार वर्ष यता एक हदसम्म हुन थालेको पाइन्छ नै । यो


*हाम्रो युवा पुस्तालाई बेस्कन आकर्षित गरेका "रंगीला" जस्ता फिल्महरूलाई कसरी लिने, तिनका आकर्षणका कारण के हुन् ? र तिनमाथि आकर्षित हुन हाम्रो समाजमा निहित रूचिको जरो के हो ?*



**'रंगीला'का सन्दर्भमा अग्निशिखा र आहुतिका विचारहरू सहित**

सकारात्मक कुरा हो । तर यो पर्याप्त छैन । यस कुराको उदाहरण फिल्महरूमाथि गरिएका हरेक समीक्षाहरूलाई ती फिल्महरूलाई "हाइलाइट" गर्न गरिएको प्रयत्नको रूपमा मात्र बुझ्नेहरू यहाँ अझै ठूलै संख्यामा मौजूद हुनुले दिएको छ । "मूल्यांकन" वा "नव युवा" ले फिल्मबारे समीक्षा गर्दा केही न केही चर्चा थपिने हुनाले "रंगीला" फिल्महरूको केही हाइलाइट वा बहुप्रचार होला नै । तर के फिल्म रंगीलाहरूले चाहिं युवा पुस्तालाई ठूला भ्रमहरू फैलाइरहने, "नव युवा" वा "मूल्यांकन" हरूले चाहिं तिनको हाइलाइट हुने डरमा मौन बस्ने ?

निश्चितै रूपमा के कुरा चाहिं साँचो हो भने, फिल्मको चर्चा गर्दा पत्रिकाको बजार बढ्छ भन्ने मात्र नियत बोकेर प्रायोजित प्रकारका टिप्पणी र सतही चर्चाहरू गरिने प्रवृत्तिमाथि भने औंलो ठड्याउनु पर्छ नै । यही "रंगीला" फिल्मकै सन्दर्भमा पनि हाम्रा केही



प्रगतिशील भनिने छापाहरूले नै पनि यसबारे केवल समाचार दिए । ठूला ठूला फोटोहरू छापे । तर यसको विषयवस्तु र प्रभावबारे यथार्थवादी विश्लेषण गरेनन्, जो गरिनै पर्थ्यो ।

एक जना प्रगतिशील पत्रकार मित्रले यो प्रसंगमा जवाफ दिनु भयो- "हामीले त न्यूज पो छापेको त, हरेक न्यूजमा विचार र टिप्पणी जानै पर्छ भन्ने के छ र ?"

उहाँको यो भनाइ के युक्तिसंगत छ ? कारण, सामाजिक परिवर्तनको संवाहकको रूपमा स्थापित कुनै प्रगतिशील पत्रिकाले आफू यो संवाहक हुँ भन्ने कुरा भुल्न मिल्दैन ।

के कुनै प्रतिक्रियावादी अखबारले कुनै प्रगतिशील नाटक वा फिल्मबारे समाचार छाप्दा आफ्नो दृष्टिकोणको आधारमा तिनीहरूको आलोचना नगरीकन छापेको तपाईंले पाउनु भएको छ ? अर्को कुरा, के तपाईं स्वयंले पनि तपाईंको भन्दा फरक अर्को कुनै

(बाँकी ३९ पेजमा)

# "रंगीला"ले नेपाली युवाहरू बीच ठूलै बजार पाउनुको कारण के होला ?

## युवा साहित्यकार तथा समीक्षक अग्निशिखासंगको कुराकानी

❑ ***"रंगीला" जस्ता फिल्महरुले नेपाली युवाहरुबीच ठूलै बजार पाउनुको कारण के हो ?***

-आजकाल केवल नाफाको निमित्त मात्र काम गर्ने फिल्म- डाइरेक्टरहरू भन्ने गर्छन्- यौन र हिंसा आज दर्शकहरूको निम्ति नशा जस्तै भएका छन् । "रंगीला" फिल्ममा उत्तेजक दृश्यहरू थुप्रै छन् । यसैको माध्यमबाट यसले खास गरी युवा दर्शकहरूलाई तानेको हो । यसमा नयाँ खाले प्रस्तुतिमा उत्तेजनालाई बेच्ने काम गरिएको छ । पत्रपत्रिकाहरूले गरेको ज्यादा चर्चाले पनि यसबारे मानिसहरूमा जिज्ञासा पैदा भई यसको बजार बढेको हो ।

❑ ***यसले दिने मनोरंजन कस्तो मनोरंजन हो ?***

- मनोरंजन पनि स्वस्थ र अस्वस्थ हुने हुन्छ । यो अस्वस्थ र सस्तो स्तरको मनोरंजन हो । मान्छेमा सुसुप्त रूपमा रहने यौन वृत्तिबाट फाइदा उठाएर मनोरंजन दिने काम यसमा भएको छ । नायक नायिकाका अंगहरूको उत्तेजित हाउभाउ प्रदर्शनलाई यो फिल्मबाट हटाइदिने हो भने यो फिल्ममा खास केही पनि बाँकी रहँदैन । कथानक कुनै गंभीरतामा आधारित छैन र यो यथार्थबाट पर हटेको छ ।

❑ ***उत्तेजक सामग्रीहरु बिना नै मनोरंजन उत्पादन हुन सक्दैन ?***

- बिलकुलै हुन सक्छ । यस्ता थुप्रै फिल्महरू राम्ररी नै चलेका पनि छन् । हालै "हम आपके है कौन" जस्ता हिन्दी फिल्महरू हत्या, हिंसा र यो हदको उत्ताउलोपन समावेश नभए पनि जोडदार ढंगले चलेकै छन् । पश्चिमी फिल्महरूमा चार्ली चाप्लीनका फिल्महरूलाई नै हेरौं- दुःखपूर्ण स्थिति अथवा अनाथ वा माग्ने केटाहरूको विषयमै पनि चार्लीले स्वस्थ मनोरंजन दिएका छन्, दर्शकको दिमागमा प्रश्न उठाउने काम पनि गरेका छन् ।

हालै अमेरिकाको "गोल्डेन बियर एवार्ड" पाउने डाइरेक्टर र नायक मेल गिब्सनको "ब्रेभ हार्ट" नामक फिल्मकै कुरा गरौं । १३ औं शताब्दीको स्कटल्याण्डको स्वतन्त्रता आन्दोलनमा आधारित यो फिल्मले ठूलो बजार लिइरहेको छ । यसमा मनोरंजन पनि छ, विद्रोह र चेतनाको सन्देश पनि छ । भनिन्छ- स्कटल्याण्डको स्वतन्त्रताको नारा दिइरहेको एउटा पार्टीको सदस्यता संख्या यो फिल्म प्रदर्शन हुन थाले यता ५० प्रतिशतले वृद्धि भएको छ ।

❑ ***कलाको विकसित स्तरलाई प्रयोग गरी बनाइएका "रंगीला" जस्ता फिल्महरुले छोड्ने खराब प्रभावहरुबारे मानिसहरु कसरी सचेत होलान् त ?***


- यसका निम्ति यस्ता फिल्महरूको चिरफार राम्ररी हुनुपर्दछ । युवाहरूले जब मनोरंजन र त्यसका रूपहरू र असरहरूबारे बुझ्नेछन्, तब यिनीहरूका खराब प्रभावहरू स्वतः घट्ने छन् । पत्रपत्रिकाहरूले पनि अनावश्यक रूपमा यस्ता सामग्रीहरूको सतही बयान छापेर झन् उल्टै यिनलाई "के के न होला ?" जस्तो बनाइदिनु हुन्न । अर्को कुरा, पत्रपत्रिकाहरूमा राम्रा फिल्महरूको चर्चा, बयान, प्रशंसाहरू पनि पर्याप्त आउनुपर्छ । यसो भएमा दर्शकहरूको रूचि र चेतनास्तर माथि उठ्न मद्दत पुग्ने हुन्छ । ❑



अग्निशिखा

# युवाहरु "रंगीला" जस्ता फिल्महरुतिर ओइरिनुको कारण के हो ?

## युवा साहित्यकार तथा समीक्षक आहुतिको विश्लेषण



समाजको समग्र उत्पादन सम्बन्ध, वर्गीय स्थिति र समाजको सांस्कृतिक स्तरसँग सम्बन्धित प्रश्न भएकाले यो विषयमा प्रष्ट पार्न विस्तृत छलफलको आवश्यकता हुँदाहुँदै पनि छोटोमा निम्न कुराहरूले गर्दा "रंगीला" जस्ता सिनेमाहरूतिर युवाहरू (युवाहरूमात्रै हो र ?) घिसारिएका छन् भन्न सकिन्छ ।

**समाजको वर्ग–स्थिति र त्यसको अभिरुचिः**

नेपाल र भारतको वर्ग स्थितिलाई मोटामोटी रूपमा एकै खाले मान्दा, यहाँको दलाल, नोकरशाह एवं राष्ट्रिय पूँजीपति वर्ग हरेक चीजमा व्यक्तिगत अहम्, व्यक्तिगत उन्नति, समग्रमा भन्दा व्यक्तिवादको दासतामुनि सिंगो समाजलाई कैद गर्न चाहन्छ । त्यसैले यो वर्गले त्यस्ता सिनेमाहरूलाई नै बढी रूचाउँछ, जुन सिनेमा व्यक्तिवादको वरिपरि सफलतापूर्वक घुमेको हुन्छ । व्यक्तिवादी दुनियाँका व्यक्तिहरू अघाएको पेट लिएर व्यक्तिवादको गुणगान पर्दामा वा अन्य चीजमा हेर्न चाहन्छन् । त्यसपछि निम्न मध्यम वर्ग आउँछ, यो निम्न मध्यम वर्गका मानिसहरूलाई पछाडिबाट भयानक आर्थिक संकटले लखेटिरहेको छ र यसको नजिकै अगाडितिर भने मध्यम वर्गको भव्य सोखको दुनियाँ उपस्थित छ । यो वर्गका मानिसको छातीभरि मध्यम वर्गीय भव्य दुनियाँको प्यास छटपटाइरहेको हुन्छ । तर यथार्थ दुनियाँमा त्यो प्यास मेटिएको पनि हुँदैन र मेटिन पनि सक्दैन । त्यसैले यो वर्गको मानिसलाई मध्यम वर्गीय व्यक्तिवादी भव्य दुनियाँको कथा र विषयवस्तुका सिनेमाहरूले आकर्षित गर्छन् । आफ्नो मनको प्यास यो वर्ग सिनेमा हेरेर पनि पूरा गर्छ । यो कुरा एक मनोवैज्ञानिक रोगकै स्तरमा विकास भएको देख्न सकिन्छ । आमाको गहना चोरेर महंगो बुट लगाउने युवाहरूलाई हेर्दा यो कुरा राम्ररी बुझ्न सकिन्छ । आज "रंगीला" जस्ता अघाएका मान्छेहरूको सिनेमा यिनै वर्गका युवा एवं अधवैंशेहरूले भव्यतापूर्वक सफल बनाइरहेछन् । यस बाहेकका तल्लो वर्गका गरीबहरूले त यस्ता सिनेमाहरू चाख्न पनि पाएका छैनन् । जसले चाखेको छ, ऊ आकर्षित नै छ भने पनि त्यो आकर्षण वर्ग स्थितिका कारणले नभई सामाजिक वा सांस्कृतिक सतही प्रभावका कारणले मात्रै हो । अर्को कुरा हाम्रो समाज सामन्ती संस्कृतिमा बाँचेको हुनाले यहाँ आवश्यक हदसम्म पनि यौन खुला छैन, जसको कारणले समाज यौन कुण्ठाग्रस्त छ । एकातिर स्वभाविक यौन भावना र अर्कोतिर सामन्ती संकीर्ण समाजको कारणले जन्मिएको दमित यौन कुण्ठा जस्ता कारणले गर्दा मानिसभित्रको यौन भावनालाई सफलतापूर्वक भड्काउने

# हिन्दी फिल्म "रंगीला"को कथानक कस्तो छ ?

**कथानकः** कथानक एकदमै सानो । मुन्ना नामक टिकट ब्ल्याक गरी हिंड्ने टुहुरो र आवारा केटो नायिका मिलीको घरमा बस्छ । मुन्ना मिलीलाई प्रेम गर्छ तर भन्न सक्दैन । नृत्य सिकिरहेकी मिली (उर्मिला मातोंडकर) ले कुनै प्रसिद्ध अभिनेता राजकमल (जैकी श्राफ) को सिफारिसमा फिल्ममा खेल्न पाउँछे । उसले खेलेको फिल्म हिट हुन्छ । राजकमल मिलीसँग प्रेम गर्न थाल्छ । मिली पनि ऊप्रति झुकाव राख्न थाल्छे । फिल्ममा सफल हुने महत्त्वाकांक्षा र पछि सफल भएको उन्मादमा मिलीले मुन्ना (आमिर खान) लाई बेवास्ता र अपमान गर्छे । यो देखेर मुन्ना चिठीद्वारा आफ्नो प्रेम व्यक्त गरी भाग्छ । यो थाहा पाएर उसको पिछा गरी मिलीले उसलाई भेट्टाउँछे । आफूले पनि मुन्नालाई मन पराएको कुरा खोल्छे । राजकमल उनीहरूको प्रेम देखेर मिलीसँगको आफ्नो प्रेमको "बलिदान" गर्न तयार हुन्छ । मिली र मुन्नाको मिलन हुन्छ । फिल्म समाप्त हुन्छ ।

**विशेषः**

❏ फिल्ममा संगीत नयाँ र उत्तेजक खालको रहेको छ । दृश्यहरू नायक र नायिकाका उत्तेजनापूर्ण शारीरिक अभिव्यक्तिका वरपर घुमेका छन् ।

❏ नृत्यहरू पात्रहरूका कल्पना वा सपनाका निहुँमा फिल्ममा घुसाइएका छन् । केही नभएको आवारा र हुल्लड एउटा केटोप्रति नायिकाको



आकर्षणको पर्याप्त कारण समेत फिल्ममा दर्शाइएको छैन । समाजमा विद्यमान धनी र गरीबबीचको दूरीलाई कोरा कल्पना र भावुकताका भरमा फिल्मले मेटेको छ, जो वास्तविकतासँग पटक्कै मेल खाँदैन ।

❏ वर्गीय भेदमाथि पर्दा हाल्ने र भोगवादी भावकुता फैलाउने नियत फिल्मले लिएको छ । कर्णप्रिय संगीतलाई र उत्तेजक दृश्यहरूलाई यही नियतका सेवामा लगाएको छ ।

**एक टुक्रा साभारः "नव युवा" बाटः**

*फिलिमको नाम "रंगीला" भन्थे तर खासैमा, यो फिलिमको नाम त "नांगीला" राखेको भए ठीक्क सुहाउने रहेछ ।"*

*यो टिप्पणी "रंगीला" फिल्म हेरेर फर्केका एक जना प्रबुद्ध दर्शकको हो ।*

*"तपाईंले फिल्ममा मुख्य कुरा के पाउनु भयो त ?"*

*यो प्रश्नको जवाफमा उनले भने– "यो फिलिममा फिलिम बनाउनेले धूर्त तरीकाले नायिकाको शरीरको प्रदर्शन गराएका छन् । लुगा लगाएकै छैन भन्ने पनि नपार्ने, तर छोटो र कसिएका लुगा लगाएकी नायिकालाई र कति पटक त सह–नायकलाई पनि, पटक पटक विभिन्न गतिमा जीऊ मस्काएर उत्ताउला नाचहरू नचाउने । यसो गरेर त्यही नाच र जीऊका प्रदर्शनीद्वारा दर्शकहरूबाट पैसा तान्ने काम यो फिल्मले गरेको रहेछ । त्यसैले मुख्य गरी नांगोपनाको आडमा टिकेकोले यसको नाम "नांगीला" राखेको भए ठीक हुने थियो ।"*

*साँच्चै "रंगीला" फिल्म यी दर्शक महानुभावले भने जस्तै नै छ ।* ❏

दृश्यहरू भएका सिनेमाहरूमा मानिसको भीड अचम्मैसँग जम्मा हुन्छ । "रंगीला" मा शरीरका हाउभाउहरूद्वारा यौन उत्तेजनाको प्रदर्शन गरिएको छ ।

**पूँजीवादी सांस्कृतिक हस्तक्षेप र वैकल्पिक सांस्कृतिक आन्दोलनको न्यूनताः**

सिनेमा जस्तो ठूलो उद्योग आफ्नो हातमा मूलतः रहेको कारणले गर्दा पूँजीवादी शासक एवं शोषक र यसका पक्षधर कलाकर्मीहरू आफ्नो शोषक वर्गीय भ्रष्ट विचारद्वारा जनतालाई प्रशिक्षित गर्ने भयानक स्कूलको रूपमा सिनेमालाई प्रयोग गरिहेछन् । पूँजीवादी व्यक्तिवाद, निराशा, यौन विकृति लगायत समस्त समाज विरोधी चेतना जनतामा प्रशिक्षण दिंदा दिंदा दर्शकको तर्क शक्ति एवं सौन्दर्यबोधको क्षमतालाई यसरी नष्ट र साँघुरो बनाइसकिएको छ कि सिनेमाको नायकले निराश भई आत्महत्या गर्दा वा बीच सडकमा लफंगा नायकले नायिकालाई दुःख दिंदा पनि दर्शक नायकलाई नै सहानुभूति राख्दछ । यथार्थ जीवनमा कोही पनि बीच सडकमा कसैलाई बेइज्जति गरेको खप्न सक्दैन । तर सिनेमाका दर्शकहरू त्यो खप्ने भइसकेका छन् । अर्को कुरा, हाम्रो सामन्ती समाजमा व्यक्तिहरू लामो समयदेखि वीर पूजा, द्रोपदीको चीरहरण, महादेवको यौन अराजकता जस्ता विषयहरूबाट प्रशिक्षित हुँदै आएका छन् । यसरी एकातिर पुरानो सामन्ती साँस्कृतिक धरोहरको विकृति, अर्कोतिर साम्राज्यवादीहरूको उपभोक्तावादी विषयुक्त साँस्कृतिक हस्तक्षेपले जनताको तर्कशक्ति, सौन्दर्यचेत अनि दृष्टिकोणलाई नै विकृत पारिंदैछ ।

यस्तो साँस्कृतिक पतनमय वातावरणको विकल्पमा लामो समयदेखि प्रगतिशील साँस्कृतिक अभियान जारी छ । तर जुन गतिमा यो तेजमय र बलवान हुनु पर्दथ्यो, त्यसो भएको छैन । जहाँ जहाँ र जुन जुन व्यक्तिमा, आन्दोलनले प्रगतिशील चेत विकास गरिरहेको छ, त्यहाँ र ती व्यक्तिहरू यस्तो सिनेमाबाट आकर्षित छैनन् मात्र होइन, उनीहरू यसका विरूद्ध लडिरहेका पनि छन् । यिनै वस्तुगत र साँस्कृतिक कारणहरूको सेरोफेरोमा "रंगीला" जस्ता सिनेमाहरूको सफलतालाई बुझ्नु पर्छ भन्ने मलाई लाग्छ ।

**"रंगीला"ले खासमा के दिएको छ ?**

"रंगीला" सिनेमाका निर्देशकले भनेका छन्- "रंगीला"बाट कसैले केही सिक्यो भने मलाई दुःख लाग्ने छ ।" यसको मतलब हो- सिक्न नहुने कुराहरू यसमा धेरै छन् । उनीहरू नसिकून् भनी भनीकन जबरजस्ती सिकाइरहेछन् । साथै "रंगीला" समाज उपयोगी सिनेमा हो भनेर तर्क गर्न नसक्ने अवस्थामा उनीहरू छन् भन्ने कुरा त प्रष्टै छ । "रंगीला"ले नारीजातिको सिंगो अस्मितालाई यौन अंगको वरिपरि मात्र बुझ्न सिकाउँछ, यसले युवाहरूलाई मात्र हैन, पाका मान्छे (जस्तो कि सिनेमाको नायिकाको बाबु) लाई समेत लफंगा, उडन्ते बन्न प्रेरित गर्छ । यसले वर्ग अन्तरविरोध र समाजको मूलभूत समस्याबाट गरीबहरूको ध्यान मोड्दछ, यसले जीवनमा वास्तविक समस्याहरूतिर भन्दा फगत उडन्ते रंगीन सपनामा उड्न युवाहरूलाई हौस्याउँछ, यसले गरीबहरूलाई क्षुद्र एवं पूँजीपतिहरूलाई महान दयालु भनेर बुझ्न सिकाउँछ, यसले मानिसभित्रको यौन भावनालाई भड्काएर यौन अपराधतिर डोऱ्याउँछ (जस्तो कि "रंगीला"का कारणले नेपालका कतिपय ठाउँमा युवतीहरूलाई बलात्कार गर्ने प्रयास भएको सुनिरहिएको छ ) । समग्रमा भन्दा, युवाहरूको तर्क शक्तिलाई तहसनहस पार्नु, सौन्दर्यबोधको क्षमतालाई साँघुरो एवं विकृत पार्नु र अपराधतिर धकेल्नु जस्ता काम "रंगीला" जस्ता सिनेमाहरूले गरेका छन् ।

**मनोरञ्जन भनेको के हो ?**

मनोरञ्जन भनेको मानिसको विचार अनि चिन्तनको जगमा निर्माण भएको भावना वा भावनाको मातहतमा रहेका इन्द्रियहरूलाई आनन्दित तुल्याउनु हो । एउटा भोकले छटपटाइरहेको मानिस कहिल्यै "चौतारीमा राजा भेटियो..." भन्ने गीत सुनेर आनन्दित हुने छैन । उसलाई मनोरन्जन प्राप्त हुन रोटी नै चाहिन्छ । रोटीसँग सम्बन्धित गीत नै चाहिन्छ । राजदरवारभित्रको एउटा सम्राट जब नांगा आइमाईहरूसँग खेलिरहेको हुन्छ, उसलाई कुनै "चेलीको मन रून्छ........" गीत सुनाउँदा मनोरन्जन प्राप्त होला ? एउटा क्रान्तिको गद्दारलाई "गाउँ गाउँबाट उठ..." गीतले मनोरञ्जन देला कि रिस उठाउला ? दृष्टिकोण र वर्ग फेरिंदै जाँदा आफैंले लेखेका पुराना राम्रा र विचारनिष्ठ रचनाहरूले समेत सुख नदिएका लेखकहरू पनि यहाँ भेटिएका छन् ।

त्यसैले मनोरञ्जनको सम्बन्ध मानिसको वर्ग, विचार, चिन्तन जस्ता आधारभूत कुरासँग सम्बन्धित छन् । मनोरञ्जन वर्गीय हुन्छ । निश्चितै रूपमा "रंगीला"ले दलाल, नोकरशाह, सामन्त, राष्ट्रिय पूँजीपति एवं पूँजीवादी साँस्कृतिक प्रभावमा रहेका निम्न मध्यम र तल्लो वर्गका मानिसलाई मनोरञ्जन दिने छ ।

तर कस्तो मनोरञ्जन ? एउटा मानिसलाई अश्लील चुट्किला सुनाएर पनि हँसाउन सकिन्छ र भैरव अर्यालको निबन्ध सुनाएर पनि हँसाउन सकिन्छ । हँसाउन त हँसाउने, तर कस्तो विचार दिएर हँसाउने ? मूल कुरा त यो हो । एउटा क्षेत्रीको छोराले आफ्नी मामाकी छोरीलाई कसैले जिस्काउँदा सहन समेत सक्दैन । तर एउटा मगरको छोरालाई आफ्नो मामाकी छोरीसँग गीत गाउँदा आनन्द आउँछ, मनोरन्जन हुन्छ । यो भनेको के हो ? यो फरक फरक जातिमा शुरूदेखि दिइएको साँस्कृतिक प्रशिक्षण हो । दास युगमा मालिकहरू दासहरूलाई लडाएर आनन्द लिन्थे तर आजको युगमा त्यो दृश्यले कसैलाई मनोरञ्जन दिंदैन ।

त्यसैले मनोरञ्जन वर्गीय हुन्छ नै र मूलतः दुई प्रकारको हुनु अनिवार्य छ । यौटा मनोरञ्जनले मानिसलाई मानव समाज विरोधी बनाउँदै लैजान्छ, तर्कहीन, फासिष्ट, व्यक्तिवादी बनाउँदै लैजान्छ भने अर्कोखाले मनोरञ्जनले मानिसलाई मानिसको साथी बनाउँदै अनि प्रगतिशील बनाउँदै लैजान्छ । मनोरञ्जनलाई पनि आजको युगमा वर्गीय लडाइँकै रूपमा बुझ्नु जरूरी छ । किनकि विचार बिनाको र सामाजिक प्रभाव बिनाको मनोरञ्जन सम्भव नै छैन । "रंगीला" जस्ता सिनेमाले समाजलाई ठीकतिर लान सक्छ ? कुनै पनि पूँजीवादीले तर्क गर्न, अघि सर्न सक्दैन, बरू उनीहरू "यो त मात्र मनोरञ्जन हो" भनेर विचार र सामाजिक प्रयोजनबाट मनोरञ्जनलाई अलग गर्ने षड्यन्त्र गर्न बाध्य हुन्छन् । त्यसैले यस्ता मनोरञ्जनलाई आम चीजबाट अलग्लाएर आफ्नो विचार थोपर्ने पूँजीवादी साँस्कृतिक षड्यन्त्रको विरूद्ध जुझ्नु बाहेक सचेत युवाहरूको अगाडि अर्को उपाय छैन । ❑

२०५२
फागुन
७ गते !

समस्त
नेपालीहरूको
दिवस !

प्रजातन्त्र दिवस !

प्रजातन्त्र दिवसको शुभ उपलक्ष्यमा संपूर्ण नेपालीहरूप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NEPAL OIL CORPORATION LTD

नेपाल आयल निगम लि.

(३६ पेजको बाँकी)

प्रगतिशील पार्टी नजिकको सांस्कृतिक समूहले प्रदर्शन गरेको कुनै स्टेज कार्यक्रमको "न्यूज" दिंदा आफ्नो आलोचनात्मक टिप्पणी छाप्नु हुन्न ? प्रष्ट छ- यस्तोमा तपाईं बिना टिप्पणी न्यूज छाप्दै छाप्नु हुन्न। भने, "रंगीला" फिल्महरूका बारेमा मात्र तपाईं किन यति उदार ? प्रतिक्रियावादीहरू जत्तिकै चनाखो पनि तपाईंहरू किन नहुनु भएको ? र मित्रहरूमाथिको जत्तिको आलोचनात्मक रवैया पनि तपाईंहरूले तपाईंको समाजमा भ्रम फैलाउने एवं विकृत उपभोक्तावाद फैलाउने "रंगीला" हरूमाथि किन कायम नगर्नु भएको ?

यी प्रश्नहरू यहाँ उठाउनु जरूरी भएको छ। प्रतिक्रियावादी संचार-यन्त्रहरूले "रंगीला" जस्ता रचनाहरूलाई केवल "हाइलाइट" मात्र गर्ने गर्छन्। यही देखर हामीले पनि त्यसै गर्ने हो भने यो त हाम्रो "लाटो व्यवसायिकता" मात्र ठहरिनेछ। कारण, प्रतिक्रियावादीहरूका वैचारिक, सांस्कृतिक सन्देशहरूलाई त "रंगीला" फिल्महरू आफैंले कलात्मक ढंगले व्यक्त गरेका छन्। अब उनीहरूको काम हो- ती फिल्महरूको प्रचार गर्नु। उनीहरू ती फिल्महरूबारे किन आलोचना गर्छन् ? गर्दैनन्। किनभने उनीहरूले त्यसमा आलोचना गर्ने कुरै के हुन्छ र ? त्यो त उनीहरूको आफ्नै विचार बोक्ने, लाइन बोक्ने फिल्म हो। त्यसैले आफ्नो विचारको, आफ्नो वैचारिक सांस्कृतिक लाइनको आलोचना उनीहरू किन गर्छन् र ? त्यस कारण उनीहरू त तिनलाई हाइलाइट मात्र गर्न चाहन्छन्। तिनमा निहित खराबपक्षको भण्डाफोर गर्नु त हाम्रो जरूरतको कुरा पो हो।

प्रगतिशील समीक्षकहरूलाई "नकारात्मक" कुरा मात्र हेर्ने वा फिल्म समीक्षा गर्न नै नआउने भनी आरोप लगाउने ती "युवा समीक्षक" को फिल्मी समीक्षा केवल रूपपरक समीक्षा हुने गर्छ, त्यो पनि सतही। फलानु फिल्ममा क-कसको अभिनय कस्तो छ ? गीत कलात्मक र आकर्षक छन् कि छैनन् ? छायांकन राम्रो छ कि छैन ? ध्वनी-प्रणालीमा कुनै खोट छ कि छैन ? आदि, केलाउनमा मात्र उनीहरू सीमित हुन्छन्। मूल कथावस्तु र फिल्मले छोड्ने कूल सांस्कृतिक प्रभावका बारेमा उनीहरू चूँ पनि बोल्दैनन्। उनीहरूमध्येका निकै सचेत मानिने समीक्षकहरू पनि विदेशीको तुलनामा नेपाली फिल्मको पक्ष लिने हदसम्म मात्र माथि उठ्ने गर्छन्। त्यसैले, उनीहरूले छोपछाप पार्ने गरेको, कुरै नउठाउने गरेको फिल्महरूको विषयवस्तुको चिरफार गर्ने, फिल्मको समग्र प्रभावको चिरफार गर्ने, तिनलाई यथार्थवादी दृष्टिकोणले जाँचपरख गर्ने प्रगतिशील समीक्षकहरू उनीहरूलाई रूचिकर लाग्दैनन्। त्यसैले, उनीहरू भनिदिन्छन्- "तपाईंहरूलाई फिल्म समीक्षा गर्नै आउँदैन।"

यसको अर्थ यहाँ प्रगतिशील समीक्षकहरूमा कमी कमजोरीहरू पटक्कै नै छैनन् भन्न खोजिएको चाहिं हैन।

प्रगतिशील र अन्य जीवनमुखी पत्रिकाहरूले "रंगीला" फिल्महरूका कलात्मक पक्षहरूलाई पनि उल्लेख गर्नु पर्छ। तर जम्मामा त्यो कलात्मक विशिष्टता के कुराको प्राप्तिको निम्ति प्रयोग भयो भन्ने कोणबाट त्यसलाई हेर्न पनि भुल्नु हुन्न नै। तर चाहे जो सुकैले बनाएका फिल्म वा तयार गरेका अन्य कला-प्रस्तुतिहरू हुन्, तिनीहरू सार्थक र जीवनमुखी छन् भने तिनको प्रशंसा गर्न पनि "प्रगतिशील र जीवनमुखी" पत्रिकाहरू चुक्दैनन् भन्ने कुराको उदाहरण "मूल्यांकन" का विगत अंकहरूका पानाहरूमा प्रशस्तै पाउन सकिन्छ नै।

त्यसैले प्रगतिशील समीक्षा नकारात्मकताले अभिप्रेरित छ भन्ने आरोप तथ्यसंगत छैन।

पाठकवृन्द, यहाँ उठाउन खोजिएको दोस्रो खण्ड अर्थात् हाम्रो युवा पुस्तालाई बेस्कन आकर्षित गरेका रंगीला जस्ता फिल्महरूलाई हामीले कसरी लिने, तिनका आकर्षणका कारण के हुन् ? र तिनमाथि आकर्षण पैदा गराउन हाम्रो समाजमा निहित रूचिको जरो के हो ? आदि विषयमा अग्निशिखा र आहुतिले व्यक्त गर्नु भएका विचारहरू यसैसाथ पढ्नु हुने नै छ। □

२०५२
फागुन
७ गते !
समस्त
नेपालीहरूको
दिवस !
प्रजातन्त्र दिवस !
प्रजातन्त्र दिवसको
शुभ उपलक्ष्यमा
संपूर्ण नेपालीहरूप्रति
मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
भूषणराम मण्डल
भूषण टाकिज
बाँसबारी, मोरङ्ग

महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम

कर्कट पाताको जगतमा एक विशिष्ट नाम
हनुमान कर्कट पाता
यसका विशेषताहरू:-
◆ खिया नलाग्ने
◆ सुन्दर सुपर जिङ्कले ग्याल्भनाइज गरिएकोले अती चम्किलो
◆ बर्षौं देखिको अनुभवबाट तयार गरिएको
◆ अन्तर्राष्ट्रिय स्तर
◆ सर्वाधिक लोकप्रिय
◆ खोजेको परिमाण र साइजमा उपलब्ध
◆ उचित मूल्य
◆ आंधि हुरीबाट पूर्ण सुरक्षित

सुन्दर स्टील्स प्रा. लि.
विरगञ्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३

आवरण कथाको बाँकी

# सन्धिबारे नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) के भन्छ ?

भारतका विदेशमन्त्री प्रणव मुखर्जीको हालैको नेपाल भ्रमणका अवसरमा भएको सहमति, सम्झौता तथा सन्धिहरू निकै उपलब्धिमूलक भएको भनी प्रचार गरिएको छ। विशेषतः टनकपुर प्रकरणको सम्बन्धमा सरकारमा रहेका पार्टीहरू तथा नेकपा (एमाले) ले यस प्रकारका अतिरञ्जित प्रचार गरिरहेका छन्। यो ज्यादै भ्रमात्मक र गलत प्रचार हो। यो वास्तवमा उनीहरूको कुर्सी स्वार्थको लागि जनता झुक्याउने र भारतीय विस्तारवादलाई रिझाउने चाल मात्र हो। त्यसैले, नेकपा (एकता केन्द्र) सम्पूर्ण देशभक्त जनसमुदायलाई यस प्रकारको गलत प्रचारबाट सावधान रहन, सत्य तथ्यबारे प्रष्ट हुन र राष्ट्रिय सार्वभौमिकता र हितहरूका पक्षमा संघर्षलाई निरन्तरता दिन आह्वान गर्दछ। ......

"टनकपुर" समस्याको समाधानको निम्ति समेत भनेर गरिएको "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" ले निश्चितै रूपमा गिरिजाले गरेको राष्ट्रघाती सन्धिलाई केही सच्याउने काम गरेको छ, राष्ट्रको पक्षमा पहिलेको तुलनामा केही उपलब्धि हासिल गरेको छ र केही प्रगति भएको छ। तर यो सन्धिले पनि- देशभक्त नेपालीहरूले यस सम्बन्धमा निरन्तर चलाई आएको संघर्षको सही प्रतिनिधित्व गर्न सकेको छैन र नेपालको न्यायोचित हितको संरक्षण गर्न सकेको छैन।

## नेपाल फेरि पनि ठगिएको छ !

टनकपुरको सम्बन्धमा यो सन्धिले गरेको मुख्य उपलब्धि के हो भने टनकपुर परियोजनाबाट प्राप्त हुने पानी र विद्युत भारतको "शुभेच्छाको उपहार" को रूपमा नभई नेपालको अधिकारको रूपमा स्थापित गरिएको छ र परियोजनामा प्रयोग गरिएको नेपाली भूमिको क्षेत्रीय अखण्डता, सार्वभौमिकता र अवधिको किटान गरेको छ। महाकाली नदीलाई मूलभूत रूपमा सीमा नदीको रूपमा स्वीकार गरी अब उप्रान्त दुई देशबीचको पूर्व सहमति बिना महाकाली नदीमा कुनै योजना निर्माण नगर्ने र महाकाली नदीको पानीको प्रयोग गर्दा दुवै देशको समान अधिकार हुने सिद्धान्तको स्थापना पनि सन्धिको सकारात्मक पक्ष हो। तर यो जनताको संघर्षको परिणामस्वरूप प्राप्त आंशिक उपलब्धि मात्र हो। किनकि फेरि पनि समग्रमा नेपालको राष्ट्रिय हितको प्रतिकूलको असमान सन्धि नै लाद्ने काम भएको छ। त्यसैले नेकपा (एकता केन्द्र) सबैसँग के कुरामा प्रष्ट हुन अपिल गर्दछ भने, वर्तमान सन्धिले पनि "टनकपुर" संघर्षका निम्न प्रमुख मागहरू पूरा गरेको छैन।

१) महाकाली नदी सीमा नदी भएकाले त्यसमा कुनै पनि योजना निर्माण हुँदा दुवै देशको पूर्व सहमति हुनु पर्नेमा भारतले एकतर्फी रूपमा टनकपुर बाँध परियोजना निर्माण गरेको थियो। यो अन्तर्राष्ट्रिय कानूनद्वारा नेपाललाई प्राप्त अधिकारमाथि कुठाराघात थियो र हामीमाथि भारतको बल मिच्याई थियो। यस निम्ति भारतले नेपालसँग सार्वजनिक रूपमा माफी माग्नु पर्दछ। तर अहिलेको सन्धिबाट यो काम भएन।

२) उक्त परियोजनाबाट सीमा नदीमा संचालित परियोजना भएकै कारणले त्यसबाट प्राप्त हुने पानी र विजुलीको उपभोग गर्ने अधिकार नेपालले पनि समानताको सिद्धान्तको आधारमा पाउनु पर्दछ। तर अहिलेको सन्धिले "टनकपुर" परियोजनाको सम्बन्धमा यो कुरा लागू गरेन। उक्त परियोजनाबाट प्राप्त हुने लाभको उपभोग नेपालले आफ्नो भूमि प्रयोग गर्न दिएवापत पाउने भनिएको छ। यसरी टनकपुर परियोजनामा सीमा नदीको अधिकार छोडिएको छ।

३) टनकपुर योजनाबाट प्राप्त हुने पानी र विजुली समानताको सिद्धान्तको आधारमा उपभोग गर्न पाउनु पर्नेमा अहिले पनि त्यसको लाभ नाम मात्रको हुने भएको छ। २० हजार क्यूसेक पानीमा ३ सयदेखि अधिकतम् १ हजार क्यूसेक पानी र १ सय २० मेघावाट विद्युतमा जम्मा ७ मेघावाट नेपालले पाउने भएको छ। यसरी यो सन्धिले पनि राष्ट्रिय हितलाई तिलाञ्जलि दिएको छ।

तसर्थः यो सन्धिबाट "टनकपुर" को हकमा गिरिजाले गरेको राष्ट्रघाती सन्धिको केही पक्ष मात्र सच्याउने काम भएको छ। तर महाकाली नदीको पानीको उपयोग समानताको आधारमा हुन सकेको छैन। सीमा नदीमा संचालन गरिएको "टनकपुर" परियोजनाबाट अझ आफ्नो भूभाग प्रयोग गर्न दिंदा पनि नेपालले के लाभ प्राप्त गऱ्यो ? के नेपालको अधिकार ३ सय क्यूसेक पानी र ७ मेघावाट विद्युत मात्र हो ? यसरी हेर्नासाथ वास्तविकता स्पष्ट हुन्छ कि, नेपाल फेरि पनि ठगिएको छ। राष्ट्रिय सहमतिको नाममा राष्ट्रिय हितलाई तिलाञ्जलि दिएर "टनकपुर" मा महाकाली नदीको पानी भारतलाई सुम्पने काम भएको छ। फेरि अर्को प्रकारले कोशी र गण्डकी प्रकरण दोहोरिएको छ। यसरी यो सन्धिले पहिलेको टनकपुर सन्धिलाई केही सच्याएर पनि मूलतः भारतीय स्वार्थमा यसको "हल" गरेको छ।...... ❑

# सन्धिबारे नेकपा (माओवादी) के भन्छ ?

## यसले राष्ट्रघातको गुदी कुरालाई यथावत राखेको छ

टनकपुर संझौतामा भएको राष्ट्रघातका विरूद्ध नेपाली जनताको अविरल संघर्षका पृष्ठभूमिमा हालै नेपाल र भारतका बीचमा भएको "महाकाली एकीकृत विकास सम्बन्धी संझौता" र त्यसमा नेपाली कांग्रेस, राप्रपा र एमालेको सहमति स्वभाविक रूपले सर्वत्र गंभीर चासोको विषय भएको छ। हाम्रो पार्टी के ठान्दछ भने, सन् १९५० लगायतका सम्पूर्ण असमान सन्धि-संझौताहरू यथावत राखेर, व्यापार, पारवहन र शरणार्थी समस्या जस्ता ज्वलन्त समस्याहरू थाती राखेर गरिएको यो संझौता यथार्थमा टनकपुरका सन्दर्भमा नेपाली जनताको राष्ट्रिय चेतना र संघर्षको कारण भारतीय र नेपाली सत्ताधारीहरूका सामु उपस्थित संकट टार्ने एक नयाँ षड्यन्त्र मात्र हो।

टनकपुरको राष्ट्रघातको समस्या- भारतले दया गरेर केही पानी र विजुली थप्ने समस्या होइन, त्यो त नेपालीको अधिकार स्थापित गर्ने समस्या हो। वर्तमान संझौताले यस सन्दर्भमा केही पानी र विजुली थप्नु बाहेक राष्ट्रघातको गुदी कुरालाई यथावत राखेको छ। पंचेश्वर हात पार्ने दाउमा वर्षौंदेखि कसरत गर्दै आएको भारतीय शासक वर्गले यो संझौतामार्फत् आफ्नो त्यो स्वार्थ पूरा गरेको छ। साधन, स्रोत र सामर्थ्यमा हात्ती र मुसाको अन्तर रहेको स्थितिमा सीमा नदीमा कथित समानताको नव-औपनिवेशिक तर्कको सहारा लिएर सिंगो महाकाली कब्जा गर्ने दिशामा भारतीय विस्तारवाद अगाडि बढिरहेको छ भन्ने कुरामा शंका छैन। आश्चर्य त के छ भने त्यो समानताको कुरा गर्ने तत्वहरूले टनकपुरमा बराबर अधिकार किन दिदैनन् र किन लिंदैनन् ? सदाशयता र सौहार्दताको कुरा गर्ने यी तत्वहरू नेपालका पुराना तमाम असमान सन्धि, संझौता र वर्तमानका अन्य जल्दा-बल्दा समस्याहरूबारे किन मौन छन् ? यसरी यथार्थमा वर्तमान संझौता- टनकपुर समस्यालाई ढाकछोप गर्ने तथा देश र जनताका विरूद्ध हस्तक्षेप र राष्ट्रघातको प्रक्रियाको नयाँ र कुटील अभिव्यक्ति हो। कथित राष्ट्रिय सहमति र उपलब्धिको स्याल हुइँया भारतीय विस्तारवादको आशीर्वाद लिएर सत्तामा रहने र पुग्ने नेपाली प्रतिक्रियावादी तत्वहरूको चारित्रिक समानता र जनतालाई भ्रमित पार्ने नियोजित प्रचार मात्र हो।

नेपाल र नेपाली जनताका विरूद्ध देशी र विदेशी प्रतिक्रियावादी तत्वहरूको षड्यन्त्र नयाँ स्तर र रूपमा पुगेको छ भन्ने कुराको प्रमाण यो संझौताले देखाइरहेको छ। यो स्थितिमा नेपाली जनताले पनि आफ्नो राष्ट्रियताको लडाइँलाई नयाँ उचाईबाट अगाडि बढाउन अनिवार्य छ। त्यसकारण हाम्रो पार्टी त्यो दिशामा अघि बढ्न सम्पूर्ण देशभक्त नेपालीहरूसँग अपिल गर्दछ। ❑

उत्तम स्वाद......
भरपूर सन्तुष्टि
सुशील वनस्पति प्रा. लि.
राजहंस

पुस्तक र पुस्तकहरूको नयाँ भण्डार शुभारम्भ

*विगत चार वर्षदेखि सम्पूर्ण ग्राहकहरूको न्यानो माया पाउँदै आएको*
**पाठ्य सामग्री पसल**
*यही २०५२ फागुन महिनादेखि नेपाली जामे मस्जिद घण्टाघरको भूइँतल्लामा संचालन हुँदैछ।*

**जहाँ,** ☆ विश्व विद्यालय, महाविद्यालय स्तरका पाठ्य तथा सन्दर्भ ग्रन्थहरू ☆ मार्क्सवादी-लेनिनवादी साहित्य तथा राजनीतिक सामग्रीहरू ☆ खेलकूद तथा स्टेशनरीका सामग्रीहरू ☆ वाद्यवादनका सामग्रीहरू ☆ हरेक भाषा र संकायका शब्दकोषहरू ☆ रबर छाप, कम्प्यूटर सेवा ☆ प्रतिष्ठानका प्रकाशनहरूको थोक विक्री ☆ भारतीय तथा नेपाली राजनीति तथा संस्कृतिसम्बद्ध स्थापित पत्रिकाहरू ☆ जनजाति विषयक सामाग्रीहरू तथा अन्य सामग्रीहरू उपलब्ध हुनेछन्।

विशेष आकर्षण

० फागुन महिनाभर नेपाली साहित्य तथा सन्दर्भ सामग्री र हिन्दी उत्कृष्ट सामग्रीमा भारी छूट ० चैत्र महिना लागेपछि **ग्राहक डपटार योजना** लागू हुनेछ।

# सन्धिका सम्बन्धमा एमालेको धारणा

## यो सन्धि गुणात्मक रूपले पनि उन्नत छ

विगत ०४८ सालदेखि लगातार विवादमा रहेको टनकपुर बाँध परियोजना सम्बन्धी विवाद माघ १५ गतेमा नेपाल र भारतबीच सम्पन्न "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" समाधानको बिलकुल नयाँ उचाईमा आइपुगेको छ। वर्तमान संविधान अनुरूप संसदको दुई तिहाई बहुमतबाट औपचारिक रूपले अनुमोदन गराएपछि त्यसले पूर्ण समाधानको विन्दु प्राप्त गर्नेछ र विगत करीब ५ वर्षदेखि अविरल रूपमा राष्ट्रिय स्तरमा रहेको एउटा गंभीर विवादको पनि अन्त्य हुनेछ।......

वास्तवमा यस सन्धिबाट नेपालका न्यूनतम मागहरू पूरा भएका छन्। यसबाट *प्रथमतः* महाकाली नदी आधारभूत रूपले सीमा नदी हो भन्ने कुरा स्थापित भएको छ। *दोस्रो*, टनकपुर बाँध परियोजनामा नेपालको पनि योगदान छ भन्ने कुरा स्वीकृत भएको छ। *तेस्रो*, त्यस योगदानवापत् नेपालले पानी र विजुली हकका रूपमा पाउनु पर्छ भन्ने कुरा स्थापित भएको छ। *चौथो*, महाकाली नदीको पानीको उपयोग गर्दा नेपालले प्राथमिकता पाउनु पर्ने कुरा पनि स्पष्ट भएको छ। *पाँचौं*, टनकपुरबाट नेपालले वर्षमा १ हजार क्यूसेकका साथै हिउँदमा पनि १ सय ५० को सट्टा ३ सय क्यूसेक पानी पाउने भएको छ। *छैठौं*, हाल शारदा व्यारेजबाट प्राप्त भइरहेको पानी त्यो बाँध भत्केमा टनकपुरबाटै पाउने कुरा पनि प्रष्ट भएको छ। *सातौं*, टनकपुर भन्दा माथिल्लो भागमा कुनै जल परियोजना बनेको खण्डमा त्यसबाट बढ्ने पानी पनि टनकपुरबाट नै नेपालले पाउने छ। *आठौं*, तदनुरूप नै थप पानीबाट टनकपुरमा हुने थप विद्युत उत्पादन पनि नेपालले सन्धिमा स्वीकृत सिद्धान्त अनुरूप पाउने भएको छ। *नवौं*, चाँदनी र दोधाराका निम्ति अलगै ३ सय ५० क्यूसेक पानी पाउने व्यवस्था भएको छ। *दशौं*, पहिलेको १ करोड र २ करोडको कथित दानको सट्टा पानीमा भएको थप प्रवाह अनुरूप नेपालले आफ्नो हकका रूपमा ७ करोड यूनिट विजुली पाउने भएको छ। *एघारौं*, देबे एफ्लक्स बण्ड बनाउन दिएको ५ सय ७७ मिटर (२.९ हेक्टर) जग्गा, दशगजामा पानीमा डुब्ने जग्गा र त्यहाँका प्राकृतिक साधन र स्रोतमाथि नेपालको अविछिन्न सार्वभौमिकता रहने कुरालाई स्वीकृति गरिएको छ। *बाह्रौं*, महाकाली नदीमा अब उप्रान्त बन्ने कुनै पनि जल परियोजनाहरू दुई देशको दुई पक्षीय सम्झौताका आधारमा मात्र बनाइने छ, टनकपुर जस्तो एकपक्षीय ढंगले बनाउन पाइने छैन। *तेह्रौं*, पंचेश्वर बहुउद्देश्यीय आयोजना पनि दुई पक्षीय सम्झौताका आधारमा नै बनाइने छ। *चौधौं*, टनकपुर बाँध सम्बन्धमा दिएको भूमि सन्धिको कार्यकाल अर्थात् ७५ वर्षका लागि मात्र हुनेछ। त्यसलाई प्रत्येक १० वर्षमा वा चाहेमा त्यो भन्दा पहिले पनि पुनरावलोकन गर्न सकिने छ। *पन्ध्रौं*, महाकाली नदीको उपयोगको हेरचाहका निम्ति "महाकाली नदी आयोग" समेत बनाइने छ। स्वभाविक रूपले यो ०४८ पुस ८ मा गिरिजाप्रसादले दिल्लीमा गरेको अपमानजनक सम्झौता र ०४८ मंसिरमा पि.भी. नरसिंह राव काठमाडौंमा आउँदा गरिएको आंशिक सुधारको सम्झौता भन्दा यो सन्धि गुणात्मक रूपले पनि उन्नत छ र संसदको दुई तिहाई बहुमतद्वारा अनुमोदन गर्न योग्य छ।...... ❑

(१० पेजको बाँकी)

प्रयोग गरेर, तिमीले पाउनु पर्ने बिजुलीबाट १ हजार मेगावाट विजुली यो मोलमा हामीलाई चाहियो भनी दियो भने हामीले के गर्ने ?

अर्को, अब पंचेश्वरमा बाँडिने आधा आधा पानी भनेको टनकपुरमा हामीले बचन दिइसकेको पानीको भाग कटाएर महाकालीमा बाँकी बचेको पानीको आधा भाग मात्र हो। उसले टनकपुरमै अधिकतम् पानी लिनु पर्ने लिइसकेको छ जसले अब तपाईंसित पानी बाँकी बच्छ नै थोरै। अनि तपाईंले कसरी पंचेश्वरमा वास्तवमै आधा पानी पाउनु हुन्छ ? टनकपुरमा आधा आधा पानी गरिएको भए बल्ल तपाईंले पंचेश्वरमा आधा आधा पाउन सक्नु हुन्थ्यो। उसले टनकपुरमा तपाईंलाई गोली मारी सकेपछि उसले अब पानीमा जित्यो। पंचेश्वरमा उसको मुख्य चाख विजुलीभन्दा पनि पानी हो, सिंचाईको लागि। यसमा अब भारतको हात धेरै माथि पऱ्यो। यो दोष यो सन्धिमा छ। यो सन्धिमा नेपाललाई यति यति दिने भनिएको छ। तर भारतलाई कति दिने त्यसको उल्लेख छैन। दुई समान देशबीचको सन्धिको भाषा यस्तो हुनु हुँदैन। नेपाललाई दिने कुराको मात्र परिमाण तोकिनु तर भारतलाई दिने परिमाण नतोकिनुले भारतको खटनमा पानी बाँडेको देखिएन ? यो फेरि पनि भारतको दया जस्तो भएन ?

टनकपुर र पंचेश्वरको सन्धिमा भएका यी गल्तीलाई सच्याउनै पर्छ। भांवी सन्तानसम्मले पनि यसका लागि लडिरहनु पर्छ। ❑

# टनकपुरबारे नेकपा (मसाल) को प्रतिक्रिया

> **यो अंशतः नेपालको जनमत र जन आन्दोलनको विजय हो।**

*"नेपाल र भारत सरकारका बीचमा टनकपुर र महाकाली नदी समेतका विषयमा भएको सन्धिमा भारतले पहिलेको तुलनामा विजुली, पानीबारे बढी सुविधा दिन तथा सिद्धान्ततः उक्त नदी तथा त्यहाँ हुने उत्पादनमा दुवैको समान हक स्वीकार गरेको छ। यो अंशतः नेपालको जनमत र जन आन्दोलनको विजय हो। तैपनि उक्त सम्झौताबारे समग्र रूपले विचार गर्दा नेपालमाथि अन्याय भएको तथा नेपालको राष्ट्रिय हितलाई भारतीय विस्तारवादका स्वार्थहरूको अधीन बनाइएको कुरा प्रष्ट छ। अहिले नेपाललाई दिन स्वीकार गरिएको विजुली वा पानी पनि नेपालले न्यायपूर्ण प्रकारले पाउने अंशभन्दा धेरै नै कम छ।*

*टनकपुर सम्बन्धी सम्झौतामा औपचारिक प्रकारले टुंगो लगाउनु भन्दा पहिले भारतले नेपालको भूमिमा बाँध बनाएर नेपालको सार्वभौमिकतामाथि जुन आक्रमण गरेको छ, त्यसको लागि भारतले सामान्य माफी माग्नेसम्म काम पनि गरेको छैन। एकीकृत महाकाली सम्झौतामा पनि नेपालको राष्ट्रिय हित वा जल सम्पदाबारे भारतसित असमान प्रकारले सौदाबाजीका कैयौं सम्भावनाहरू छन्। यी सबै प्रश्नमा गठबन्धन सरकारले स्पष्ट अडान लिन नसकेको तथा एमालेले पनि भारतपरस्त दृष्टिकोण अपनाएर उक्त सम्झौताको स्वागत गरेको कुरा प्रष्ट छ। उक्त सबै कुराहरूमाथि ध्यान दिंदै नेकपा (मसाल) ले नेपालको जल सम्पदा तथा राष्ट्रिय हितहरूका पक्षमा जोडदार आवाज उठाउने आवश्यकतामा जोड दिन्छ।* ❑


पजातन्त्र दिवसको शुभ उपलक्ष्यमा संपूर्ण नेपालीहरूप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक

२०५२ फागुन ७ गते !

समस्त नेपालीहरूको दिवस !

प्रजातन्त्र दिवस !

प्रजातन्त्र दिवसको शुभ उपलक्ष्यमा संपूर्ण नेपालीहरूप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं।

जिल्ला को-अर्डिनेटर
खेम थापा
तथा
Save The Children
परिवार, सिराहा

### कथा रोचक लाग्यो

मूल्याङ्कनको पूर्णाङ्क ३३ मा साहित्य/कथा स्तम्भमा प्रकाशित भारतीय कथाकार प्रेमचन्दको "पुसको रात" शीर्षकको कथा ज्यादै रोचक लाग्यो ।

ध्यानबहादुर राई "प्रतीक"
खोटाङ खिदिमा-८, हाल- धरान-१७

### अन्तर्वार्ता र वार्षिक अंक

अंक ३५ मा रूसी निर्वाचनको ताजा खबर पढ्न पाएकोमा खुशी छु ।

यसले विभिन्न राजनैतिक पार्टीका शीर्षस्थ नेताहरूको अन्तर्वार्ता "वर्तमान राजनैतिक स्थिति" विषयमा प्रस्तुत गर्नु उपयोगी होला ।

यसको "वार्षिक अंक" पनि २०५३ देखि प्रकाशित गरियोस् भन्ने सुझाव दिन्छु ।

-रामप्रसाद "दीप" लामिछाने
चैनपुर गाविस, बहेरी-१, चितवन

### समग्रमा अंक ३५ बारे

मूल्याङ्कनको अंक ३५ पनि समयमै अध्ययन गर्ने अवसर पाएँ । शुरूदेखि अन्त्यसम्म गहन अध्ययन गरेपछि रूसी चुनावमा वामपन्थीहरूको सानदार विजय र के सोभियत संघ फेरि ब्युझेला ? भन्ने आवरण लेख सविस्तार पढ्न र जान्न पाउँदा मूल्याङ्कन परिवारलाई धन्यवाद नदिइरहन सकिन्न । "आँखीझ्याल" अन्तर्गत मुक्ता श्रेष्ठद्वारा प्रस्तुत रूसमा बच्चाहरूको बिल्लीबाठ शीर्षकको लेख अध्ययन गरेपछि पूँजीवादीहरू र येल्तसीनको प्रजातन्त्रप्रति घृणा लाग्यो । त्यस्तै "आँखीझ्याल" भित्रै जापानमा पूँजीवादी बजार अर्थतन्त्रको परिणाम, कति दर्दनाक भइरहेछ ? भन्ने लेख अध्ययनयोग्य छ । त्यसरी नै, "निशान्त नाट्य मंच के गर्दैछ, के सोच्दैछ ?" शीर्षकमा भारतीय वामपंथी लेखक-कलाकार शमशुल इस्लामसँग लिइएको समसामयिक विषयमा आधारित कुराकानी महत्त्वपूर्ण छ । चन्द्रदेव नेपालीद्वारा प्रस्तुत "नेपालमा पढेलेखेका छोरी बुहारीहरू किन समस्या बनिरहेछन् ?" लेखका लागि लेखक धन्यवादका पात्र बन्नु भएको छ । नेपालको परिवेशमा यस्तो सत्य तथ्यपूर्ण सामग्री हरेक युवा-युवतीहरूले अध्ययन र मनन गर्नुपर्दछ । "घटना र प्रवृत्ति" मा संसदको नवौं अधिवेशन कस्तो रह्यो ?, होशियार ! राजा महेन्द्रको स्तुतीगान किन यति धेरै बढ्दैछ ? मननयोग्य पाइए ।

यो अंकको उल्लेखनीय पक्ष "दृष्टिकोण" अन्तर्गत "के माओका विचारहरूलाई माओवाद भन्नु सही हुन्छ ?" भन्ने विषयमा बहसको लागि क. चैतन्य र क. मोहनविक्रम सिंहका विचारहरू रहेको छ ।

आर. के. एस. "रोबिन"
तार्कुघाट-९, लमजुङ

### माघ अंक

कलकत्तामा भएको साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय सम्मेलनको व्यवस्थापन पक्षदेखि लिएर सम्पन्न हुँदासम्मका सम्पूर्ण कुराहरूको चिरफार गरेर यस पत्रिकाले हुनसम्म गुन लगाएको छ । न्यूबाली छापामार युद्धको धारावाहिक प्रस्तुति एवं वाम अग्रदूत क. चे ग्वेभाराको धारावाहिक जीवनीको प्रस्तुतिले नेपालका वामपन्थी पार्टी र नेताहरूलाई पनि वाम आन्दोलनका उतार-चढावको बारेमा सचेत र सचेष्ट बनाउने काम गराओस्, मेरो यही कामना !

खगेन्द्र संग्रौलाको टिप्पणीको विषयमा श्याम श्रेष्ठको प्रतिक्रिया र वाम पार्टीका नेताहरूबीच भएको संसदबारेको अन्तर्क्रिया निकै रोचक र ज्ञानवर्धक छन् ।

विवश विप्र
बाहुनतिल्पुङ-९, पिप्ले, सिन्धुली

### केही सुझावहरु

अंक ३५बाट रूसी कम्युनिष्ट पार्टीको तात्कालीन र दीर्घकालीन रणनीति थाहा पाइयो । अब क. जुगानोभ अथवा केन्द्रीय सदस्य कमरेडको तात्कालीन अन्तर्वार्ता प्रकाशित गरियोस् । वर्तमान भियतनामको कम्युनिष्ट गतिविधिका बारेमा जानकारीहरू ल्याइयोस् ।

भारतका प्रगतिशील लेखक शमशुल इस्लामको अन्तर्वार्ता सारै ज्ञानवर्धक लाग्यो ।

-नारायण भट्टराई
काभ्रे, फूलबारी-९

### सान्दर्भिक लाग्यो

गतांकको आवरण कथा "रूसी चुनावमा वामपन्थीहरूको भारी विजय, के सोभियत संघ फेरि ब्यूँझेला ?" लेखले नेपालका प्रतिक्रियावादी पार्टी र व्यक्तिहरूको मुटु हल्लिएको छ । रूसमा बच्चाहरूको बिल्लीबाठ र जापानमा घरबार बिहीनहरूको स्थितिबारेको लेख हृदयविदारक छ । संसदीय बाटोबाट के गर्न संभव छ, के छैन ? भन्ने अन्तर्क्रियामा मोहनविक्रम सिंहको विचार समय सान्दर्भिक लाग्यो । शमशुल इस्लामसँगको कुराकानीबाट नेपाली वामपन्थी जनसांस्कृतिक कर्मीहरूले पनि सोच्नु पर्ने भएको छ । विज्ञान/प्रविधि स्तम्भको लेख "दूर चिकित्सा प्रणालीको उपादेयता" पनि ज्ञानवर्धक छ ।

-सुश्री कुसुम न्यौपाने
गीतानगर-४, देवनगर, चितवन

### क. मोहनविक्रमलाई धन्यवाद !

मूल्याङ्कनको ३५ अंक समयमै हात पर्‍यो । मूल्यांकनको नियमित पाठक भएकोले यसभित्रका सामग्रीहरू आद्योपान्त अध्ययन गर्दा मुख्य रूपमा "संसदीय बाटोबाट के गर्न संभव छ, के छैन ?" शीर्षकको अन्तर्क्रियाको समष्टिगत सारलाई एमालेको जिम्मेवार नेतृत्वले आत्मसात गरेर अगाडि बढ्नु पर्‍यो भन्ने लागेको छ । सरकारमा जानु र सुधारका काम गर्नु स्वयंमा गल्ती पनि होइन र स्वयंमा हाम्रो अन्तिम लक्ष्य पनि होइन । संसद र सरकारमा मात्रै सीमित रहेर क्रान्तिको लक्ष्यलाई तिलान्जलि दिइनु चाहिं मुख्य गल्ती भएको भन्ने बहुसंख्यक वाम कार्यकर्ताले अनुभूत गरेको सत्यलाई कमरेड मोहनविक्रम सिंहले स्पष्ट पारिदिनु भएकोमा उहाँलाई धन्यवाद !

न्यूबाली क्रान्तिका अग्रदूत चे ग्वेभाराको जीवनीले तमाम क्रान्तिकारी कार्यकर्ताहरूको मनमस्तिष्क र हृदयमा नवीन उत्साह, उमंग र उर्जाको तेल थपेको छ । इस्मालीको कथा "आज शनिवार" अत्यन्तै समसामयिक छ । पूँजीवादी संसदीय व्यवस्थाले कसरी कम्युनिष्ट सांसदहरूलाई समेत सुविधाभोगको भासमा जाक्तैछ भन्ने कुरालाई यसले उदांगो पारिदिएको छ । नेपालका वाम पार्टीहरूले शमशुल इस्लामको अन्तर्वार्ताबाट पाठ सिकेर सांस्कृतिक पक्षको अवहेलना गर्ने रोगबाट मुक्त हुनुपर्छ ।

आगामी अंकहरूमा "साइनिङ्ग पाथ" र "रिम" का ताजा रिपोर्ट प्रस्तुत गरियोस् । कुनै समयका क्रान्तिकारी नेता मोहनचन्द्र अधिकारी हाल आध्यात्मवादमा पलायन हुनुको कारक तत्व के हो ? विश्लेषणात्मक सामग्री दिइयोस् । क्रान्तिकारी तप्कालाई मन्द विषको रूपमा भ्रम पिलाएर क्रान्तिबाट पलायन गर्ने र उत्साहलाई मार्ने षड्यन्त्रकारीहरूको चालबाजीलाई असफल पार्न पनि यो सामग्री जरूरी भएको छ ।

-पुण्य कार्की
हाल- मुर्कुची-९, रौता, उदयपुर

### धन्यवाद !

पूर्णाङ्क ३५ समयमै हात पर्‍यो । हालैको ताजा खबर रूसको संसदको निर्वाचन परिणामले विश्वभरि नै आश्चर्य पैदा गरेको छ ।

यस्तो महत्त्वपूर्ण सामग्री प्रकाशन गर्ने मूल्याङ्कनले अन्य स्तम्भमा पनि इतिहासको कुरा र ताजा घटना समावेश गर्ने प्रयास गरेकोमा यसलाई धन्यवाद !

-जयदेव शर्मा, वीरेन्द्रनगर, सुर्खेत

### प्रतिक्रियाहरु घतलाग्दा लागे

अघिल्ला-अघिल्ला अङ्कहरू जस्तै अंक ३४ पनि मननयोग्य र स्तरीय लाग्यो । श्याम श्रेष्ठको लेखमाथिको- खगेन्द्र संग्रौलाको प्रतिक्रिया र त्यो प्रतिक्रियाप्रतिको श्याम श्रेष्ठको प्रतिक्रिया अत्यन्तै मननयोग्य र उत्तिकै घतलाग्दो लाग्यो । दुवै जना विद्वान चिन्तकहरूले उठाउनु भएका समसामयिक र बेजोड सवालहरूप्रति सबैले घोत्लिएर विचार गर्नु पर्छ भन्ने मलाई लाग्छ ।

हालै कलकत्तामा भएको साम्राज्यवाद विरूद्धको अन्तर्राष्ट्रिय सम्मेलन र चन्द्रदेव नेपालीको नीति/संस्कृति सम्बन्धी लेख निकै राम्रा छन् । वास्तवमा चन्द्रदेव नेपालीले हरेक अङ्कमा झैं यस अङ्कमा पनि अत्यन्तै सारगर्भित प्रश्नहरू उठाउनु भएको छ; उहाँका यस्ता लेखहरूको ज्यादै खाँचो छ ।

भर्खरैको "रोल्पा घटना" र त्यहाँ चलाइएको निर्मम र बर्बर दमनको बारेमा विस्तृत रूपमा विवरण छाप्ने काम मूल्याङ्कनले गरोस् ।

-एस. शर्मा, चितवन
हालः चौरझारी, रुकुम

### आलोचनाको प्रत्युत्तरबारे

अंक ३४ मा श्याम श्रेष्ठले गर्नु भएको खगेन्द्र संग्रौलाको आलोचनाको प्रत्युत्तर राम्रो र यथार्थको धरातलमा उभिएको लाग्यो । संग्रौलाले विषय बासी भएको भनी छलफललाई असान्दर्भिक भन्नु भएको पटक्कै चित्त बुझेन । चुनाव हुँदा मात्र वाम एकताको कुरा छलफलको चासोको विषय हुन्छ र ? मलाई लाग्छ एकताको बाटो खोज्ने कुरा अरू समयमा पनि असान्दर्भिक हुँदैन ।

-सरोज भण्डारी "आस्था"
लखनपुर-९, लालपानी, झापा


प्रजातन्त्र दिवसको शुभ उपलक्ष्यमा संपूर्ण नेपालीहरूप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
शिव नारायण मण्डल
टँकि सिनवारी गाविस, मोरङ्ग

# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भाग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

**MULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८ : ०३९/४०   म.क्षे.हु.द.नं. १२/०५०/५१



# स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ महिला डाक्टरहरुद्वारा सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।

२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।

३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर- ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।